# अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा कुनै पनि समाजको सामाजिक सांस्कृतिक झाँकी हो । सामाजिक सन्दर्भ र त्यसका कार्यलाई आधार बनाएर गरिने भाषावैज्ञानिक अध्ययनलाई सामाजिक भाषाविज्ञान भनिन्छ । समाज, धर्म, वर्ग, उमेर, लिङ्ग, विकास आदि सामाजिक स्वरूपलाई केन्द्रमा राखेर भाषावैज्ञानिक ढङ्गले विश्लेषण गर्ने कार्य सामाजिक भाषाविज्ञानले गर्दछ । भाषा सामाजिक वस्तु भएकाले यसमा वाक्प्रतीकहरू केवल भाषिक प्रतीकका रूपमा मात्र व्यवस्थित हुँदैनन्, ती प्रतीकहरूले सामाजिक मान्छेका आस्था, सामाजिक व्यवस्था र सामाजिक संस्कृतिका विभिन्न आचार व्यवहारको पनि प्रतिनिधित्व गरिरहेका हुन्छन् । भाषालाई सामाजिक प्रतीकका रूपमा मान्नुका साथै सम्पर्क भाषा, मानक भाषा, भाषिका, सङ्कथन वा प्रयोक्ति जस्ता पक्षको अध्ययन गर्ने गरिन्छ । अर्थात् भाषालाई सामाजिक व्यवहारका रूपमा अध्ययन गर्ने भाषाविज्ञानलाई सामाजिक भाषाविज्ञान भनिन्छ ।

भाषाको समाजपरक अध्ययनलाई सामाजिक भाषाविज्ञान भनिन्छ (भण्डारी र पौडेल, २०६८ : ०२) । समाजको रीतिरिवाज, चालचलन, भौगोलिक बनावट, जाति र संस्कृतिअनुसार त्यहाँका मानिसहरूले प्रयोग गर्ने भाषाको विश्लेषणात्मक अध्ययनलाई समाजभाषिक अध्ययन भनिन्छ । यिनै सैद्धान्तिक विश्लेषणका अध्ययनलाई समाजभाषिक अध्ययन भनिन्छ । यिनै सैद्धान्तिक विश्लेषणका आधारमा नेपाली साहित्यका स्थापित कृतिहरूमा केही मात्रामा समाजभाषिक अध्ययन भएको देखिन्छ । नयाँ नयाँ स्थापित एवम् चर्चित साहित्यिक कृतिहरूमा पछिल्ला समयमा समाजभाषिक अध्ययन गर्नुपर्ने आवश्यकता पनि देखिन्छ । विभिन्न साहित्यिक कृतिहरूलाई समाजभाषिक अध्ययनको विभिन्न कोणबाट अध्ययन गर्नुको भिन्नै महत्त्व समेत रहेको छ । समाजभाषिक सिद्धान्तमा आधारित भएर यो भन्दा अगाडि विभिन्न समाजभाषिक अनुसन्धान भइसकेका

छन् । यसै क्रममा त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको पाठ्यांश (नेपा.शि. ५४४) को प्रयोजनका लागि चर्चित हास्यव्यङ्ग्य कलाकार हरिवंश आचार्यद्वारा लिखित हरिबहादुर उपन्यासको समाजभाषिक अध्ययन गर्ने प्रयास गरिएको छ ।

प्रस्तुत *हरिबहादुर* उपन्यास उपन्यासकार आचार्यद्वारा लिखित सामाजिक यथार्थवादी उपन्यास हो । यस उपन्यासमा उपन्यासकारले विभिन्न घटना र पात्रहरूको शृङ्खलात्मक प्रयोगबाट नवीनतम् प्रयोग गर्न खोजेको देखिन्छ । उनको उपन्यासमा प्रयोग गरिएका विभिन्न पात्रहरूको लिङ्ग, वर्ग, क्षेत्र, जात–जाति, संस्कार, संस्कृति र शैक्षिक स्तरका आधारमा पात्रहरूले योग्यता र क्षमताका आधारमा भाषालाई कसरी प्रयोग गरिरहेका छन् ? पात्रको विविधताका आधारमा भाषालाई कसरी सामाजिकीकरण गरिएको छ भन्ने कुरा यस अनुसन्धानमा विश्लेषणात्मक अध्ययन गरिने छ । पुस्तकालयीय अध्ययनलाई केन्द्रमा राखेर प्रस्तुत उपन्यासको समाजभाषिक सिद्धान्तको आधारमा भाषाशैली, वर्गीय स्वरूपको आधारमा पात्रहरूको वर्गीकरण, उपन्यासमा पात्रहरूको प्रयोग गरेको भाषाको लिङ्ग, उमेर, शिक्षा र वर्गगत अवस्थाको अध्ययन विश्लेषणमा प्रस्तुत अध्ययन केन्द्रित रहेको छ ।

## १.२ समस्याकथन

अनुसन्धानका लागि छानिएको कुनै पनि अनुसन्धेय विषयवस्तुलाई नै समस्याका रूपमा प्रस्तुत गरिन्छ । अनुसन्धान कार्यका क्रममा समस्या शब्दको अर्थ अनुसन्धानको विषयवस्तु नै हो (बन्धु, २०५२ : १७) । समस्या वा अनुसन्धान जस्ता शब्दले समस्या परेका कुरामा मात्र अनुसन्धान गर्नुपर्छ भन्ने कुरा व्यक्त गर्दैनन्, कुनै पनि विषयलाई उचित तर्क दिएर अनुसन्धेय देखाउन सक्नु पनि अनुसन्धानको कुशलता हो । अहिलेसम्म प्रकाशमा नआएका कुराहरूलाई प्रकाशमा ल्याउनु मात्र होइन, प्रकाशमा आइसकेका कुराहरूको पुनर्मूल्याङ्कन गर्नु पनि अनुसन्धानका सन्दर्भमा समस्याको समाधान गर्नु हो ।

साहित्य समाजको ऐना हो, यसमा समाजको प्रतिविम्ब झल्किरहेको हुन्छ । समाजमा निहित सामाजिक परिवेश, संस्कृति, भाषा, कला र व्यक्ति मनोवृत्तिको वास्तविक स्वरूप साहित्यिक कृतिमा देख्न सकिन्छ । प्रस्तुत हरिवंश आचार्यद्वारा लिखित *हरिबहादुर* नामक उपन्यासमा समाजको आर्थिक, सांस्कृतिक, वर्गगत, शैक्षिक, उमेरगत, लिङ्गगत, जातिगत, पेशागतका साथै भाषा, भाषिकाको समेत तदाकार स्वरूपको रूपमा प्रस्तुत उपन्यास निहित रहेको छ । अनुसन्धानको प्राज्ञिक विषय अर्थात् उपन्यासको समाजभाषिक अध्ययन यस अध्ययनको प्रमुख समस्या हो । समग्रमा यो अनुसन्धान कार्य निम्नलिखित कार्यमा केन्द्रित रहेको छ :

(क) *हरिबहादुर* उपन्यासका पात्रहरूलाई वर्गगत, लिङ्गगत, उमेरगत र शैक्षिक अवस्थाका आधारमा वर्गीकरण कसरी गर्न सकिन्छ ?

(ख) उक्त उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषाको लिङ्गगत, उमेरगत, शैक्षिक र वर्गगत आधारमा भाषिक प्रयोगको स्थिति कस्तो छ ?

(ग) समाजभाषिक सिद्धान्तका आधारमा *हरिबहादुर* उपन्यासको भाषाशैली कस्तो रहेको छ ?

## १.३ अध्ययनको उद्देश्य

समस्याका रूपमा भनिएको प्राज्ञिक प्रश्नको समाधान नै अनुसन्धानको उद्देश्य हो । यो स्पष्ट र दोहोरो अर्थ नलाग्ने खालको हुनुपर्छ । यो शोधपत्रको केन्द्रबिदु र समस्याकथनका प्रश्नको समाधान पनि हो । उद्देश्यविना कुनै पनि कार्य सम्पन्न गर्न सकिँदैन । हरेक कार्यको पछाडि कुनै न कुनै उद्देश्य रहेको हुन्छ । उद्देश्यको निर्धारण गर्दा तर्कपूर्ण समाधानको खोजी गरिनुपर्दछ । उद्देश्य स्पष्ट, सरल, विशिष्ट, सूत्रात्मक, अभिधात्मक र समस्याको समाधानतर्फ केन्द्रित हुनुपर्दछ । प्रस्तुत शोधकार्यका लागि निम्नानुसारका उद्देश्यहरू रहेका छन् :

(क) *हरिबहादुर* उपन्यासका पात्रहरूलाई वर्गीय, लैङ्गिक, उमेर र शैक्षिक अवस्थाका आधारमा वर्गीकरण गर्नु,

(ख) उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषाको वर्गगत, लिङ्गगत, उमेरगत र शैक्षिक अवस्थाका आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउनु,

(ग) समाजभाषिक सिद्धान्तका आधारमा *हरिबहादुर* उपन्यासको भाषाशैली पहिल्याउनु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

ज्ञानको विकासमा कुनै किसिमले पनि सघाउ नपुऱ्याउने अनुसन्धान निरर्थक प्रयास हो र त्यस्तो अनुसन्धान कार्यको प्रतिवेदन कागजको खोस्टो मात्रै हो । यसकारण अनुसन्धान कार्यको औचित्य राम्ररी स्पष्ट गर्नुपर्छ (बन्धु, २०५२ : २२) । भाषाको समाजपरक अध्ययनलाई सामाजिक भाषाविज्ञान भनिन्छ । सामाजिक दृष्टिले भाषाको अध्ययन सामाजिक भाषाविज्ञानमा हुन्छ । भाषा सामाजिक सम्प्रेषण एवम् व्यवहारको महत्त्वपूर्ण अध्ययन भएकाले समाजमा यसको अध्ययन के कस्तो सन्दर्भमा कसरी गर्न सकिन्छ वा कसरी भइरहेको छ भन्ने कुराको अध्ययन गर्न आवश्यक देखिन्छ ।

समाजभाषिक अध्ययनको क्षेत्र धेरै ठूलो भए तापनि यस क्षेत्रमा अनुसन्धान कार्य अत्यन्त कम भएकाले यस शोधबाट केही मात्रामा अध्ययन अनुसन्धानको ईंटा थप्दै समाजभाषिक अध्ययन विश्लेषणको आधार तयार हुने भएकाले शैक्षिक क्षेत्रमा समेत यस अनुसन्धानको महत्त्व रहने छ । त्यस्तै भाषा र समाज एकअर्कामा कसरी अन्तर्निहित छन् । भाषालाई समाजले कसरी प्रभाव पार्दछ, भौगोलिकता, क्षेत्रीयता, जाति, परिवेश, संस्कृतिअनुरूप के कसरी सम्बन्धित रहेको छ भन्ने कुरा जान्नका लागि समाजभाषिक अध्ययनको औचित्य दिनानुदिन बढ्दै गएकाले यहाँ पनि यस विषयलाई अवलम्बन गर्ने प्रयास गरिएको छ ।

समाजको प्रतिविम्ब बनेर उनिएको साहित्यिक विधामध्येको अत्यन्तै महत्त्वपूर्ण विधा उपन्यास हो । समाजमा यथार्थ घटना तथा विषयवस्तुलाई टप्प टिपेर समाजकै व्यक्तिलाई पात्र बनाई सिर्जित उपन्यास विधा धेरै पुरानो र महत्त्वपूर्ण मानिन्छ । यिनै विधामा कलम चलाउने हास्यव्यङ्ग्य कलाकार हरिवंश आचार्यद्वारा लिखित *हरिबहादुर*

उपन्यासलाई शोधकार्यको रूपमा लिइएको छ । चरित्रात्मक सत्य र निबन्धित प्रवाहमा उपन्यासको घटना प्रस्तुत गर्ने प्रयास गर्दै सामाजिक स्थिति, गरिबी, कठोरता, कमजोरी, उदार मन, भावसहितको मनुष्यको प्रतिनिधित्व गर्ने सामाजिक यथार्थ जीवनशैलीको प्रस्ट झलक देखिन्छ । यसमा समाजका विभिन्न वर्ग, जातिको चित्रण समेत स्पष्ट रूपमा देख्न सकिन्छ । समसामयिक विषयवस्तुलाई यथार्थ रूपमा टिपेर पाठक सामु पुऱ्याइएको यो उपन्यास समाजभाषिक अध्ययनका लागि औचित्यपूर्ण रहने छ ।

गाउँदेखि शहर अनि झुपडीदेखि महलसम्मका परिवेश झल्किने गरी रचना गरिएको यस उपन्यासमा सामाजिक रहनसहन, जीवनशैली, बोलीचाली आदिलाई वस्तुगत, भावगत र जीवनगत हिसाबले वर्णन गरिएको हुनाले समाजभाषिक अध्ययनका लागि हरिवंश आचार्यको *हरिबहादुर* उपन्यास सान्दर्भिक रहने छ । प्रस्तुत अध्ययनबाट साहित्य, शिक्षाविद्, शोधकर्ता आदिलाई नेपाली साहित्यका विविध विधाका साहित्यिक कृतिमा आधारित रहेर समाजभाषिक अध्ययन गर्न, विविध दृष्टिकोणले विश्लेषण गर्न, सम्बन्धित कृतिको अध्ययन गर्न प्रस्तुत शोध औचित्यपूर्ण र सान्दर्भिक रहने छ ।

## १.५ शोधको परिसीमा

अनुसन्धानको क्षेत्र व्यापक हुने भएकाले शोधकार्यका क्रममा निर्धारित शीर्षकअन्तर्गत कुन कुन पक्षको अध्ययन गर्ने हो सोको किटानी गर्नुपर्दछ । शोधकार्यलाई व्यवस्थित र स्पष्ट बनाउनका लागि अध्ययनको सीमाङ्कन गर्नु जरुरी हुन्छ । अनुसन्धानका क्रममा सम्बन्धित विषयका सम्पूर्ण क्षेत्रलाई समेट्न कठिन हुने भएकाले अध्ययनको व्यापकता र गहिराइलाई सीमित गर्नुपर्ने हुन्छ । यसकारण पनि शोधकार्यको सीमाङ्कन अपरिहार्य हुन्छ । प्रस्तुत शोधकार्यको सीमाङ्कन निम्नानुसार गरिएको छ :

(क) प्रस्तुत शोधकार्य *हरिबहादुर* उपन्यासको समाजभाषिक अध्ययनमा मात्र केन्द्रित रहेको छ ।

(ख) प्रस्तुत शोधकार्यलाई *हरिबहादुर* उपन्यासभित्रको भाषाशैलीको समाजभाषिक अध्ययनमा मात्र सीमित गरिएको छ ।

(ग) प्रस्तुत शोधकार्य *हरिबहादुर* उपन्यासका पात्रहरूले प्रयोग गरेको भाषाको वर्गगत, लिङ्गगत, उमेरगत एवम् शैक्षिक आधारमा भाषिक स्थिति पहिल्याउनुमा मात्र केन्द्रित रहेको छ ।

(घ) प्रस्तुत शोधकार्य *हरिबहादुर* उपन्यासलाई समाजभाषिक सिद्धान्तका आधारमा विश्लेषण गर्नका लागि बीसजना पाठकको अभिमत सङ्कलन गरी निष्कर्षमा पुग्न मात्र सीमित रहेको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित बनाउनका लागि निम्नलिखित अध्याय र आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरी प्रस्तुत गरिएको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन : शोधविधि र अध्ययन प्रक्रिया

अध्याय चार : वर्गगत, लिङ्गगत, उमेरगत र शैक्षिक आधारमा पात्रहरूको वर्गीकरण

अध्याय पाँच : पात्रहरूले प्रयोग गरेको भाषिक स्थितिको विश्लेषण

अध्याय छ : समाजभाषिक सिद्धान्तका आधारमा *हरिबहादुर* उपन्यासको भाषाशैलीको अध्ययन

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्री सूची

व्यक्तिवृत्त

## अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक परिचय

### २.१ पूर्वकार्यको पुनरावलोकन

अनुसन्धानका क्रममा सम्बन्धित विषयमा यसअघि सम्पन्न गरिएका कार्यहरूको व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । यस कार्यलाई वाङ्मय समीक्षा पनि भनिन्छ । पूर्वकार्यको समीक्षाले अनुसन्धानकर्तालाई आफ्नो कार्यलाई परिभाषित गर्न, परीक्षण गर्न, योजना निर्माण गर्न, सबल र दुर्बल पक्षको पहिचान गर्न, सामग्रीलाई कोडीकरण गर्नका निम्ति सहयोग गर्दछ। सङ्क्षेपमा पूर्वकार्यको समीक्षाले अनुसन्धानकर्तालाई शोधप्रस्ताव र प्रतिवेदनमा के कस्ता ज्ञान र विचार त्यो शीर्षकमा स्थापित छन् ? तिनीहरूका सबल र दुर्बल पक्ष के के हुन् ? सम्बन्धित शीर्षकमा के के कुराहरू भएका छन् ? र के कस्ता कामहरू बाँकी छन् भन्ने कुराको जानकारी प्रदान गर्छ।

भाषाविज्ञानका नवीनतम् शाखाहरूमध्येको एउटा शाखा समाज भाषाविज्ञान पनि हो । यसको इतिहास त्यति लामो नभए तापनि भाषाविज्ञानका क्षेत्रमा प्रभाव जमाउन सफल शाखा हो । समाज भाषाविज्ञान समाजविज्ञान र भाषाविज्ञान दुईवटा शाखाहरूको संयोजनबाट बनेको छ। जसले समाज र भाषाको अलग अलग अध्ययन गर्दछ। त्यसैका आधारमा पनि समाज भाषाविज्ञानको पृष्ठभूमि त्यति लामो नभएको पाइन्छ । अनुसन्धानका क्रममा समाजशास्त्रीय अध्ययन व्यापक भए पनि साहित्यको समाजभाषिक अध्ययन त्यति व्यापक भएको पाइँदैन । हुन त भावी दिनमा यस विषयमा पनि बृहत् अनुसन्धान नहोला भन्न सकिन्न तर हालको परिस्थितिमा सीमित मात्रामा अध्ययन भएको पाइन्छ।

#### २.१.१ कृति समीक्षा

अधिकारी (२०६७) द्वारा *सामाजिक र प्रायोगिक भाषाविज्ञान* नामक पुस्तक प्रकाशन गरिएको पाइन्छ । उक्त पुस्तकको सामाजिक भाषाविज्ञानअन्तर्गतको खण्डमा

सामाजिक भाषाविज्ञानको चर्चा गरिएको पाइन्छ । पुस्तकको यस खण्डमा सामाजिक भाषाविज्ञानको परिचय, भाषिक समुदाय, भाषा र सामाजिक सम्पर्क, भाषिक सापेक्षता, समाजको प्रकृति र भाषामा त्यसको प्रभाव, भाषिक भेद, पिजिन र क्रेओन, द्विभाषिक र बहुभाषिकता जस्ता शीर्षकअन्तर्गत रहेर सामाजिक भाषाविज्ञानको सैद्धान्तिक चर्चा गरिएको छ । यसका अतिरिक्त आधुनिकीकरण, मानकीकरण, स्तरीकरण, भाषानीति, भाषायोजना जस्ता शीर्षकबाट समेत आवश्यक सैद्धान्तिक खुराक प्राप्त भएको छ ।

भण्डारी र पौड्याल (२०६८) द्वारा *सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान* नामक पुस्तक प्रकाशित गरिएको छ । उक्त पुस्तकमा सामाजिक भाषाविज्ञान खण्डअन्तर्गत सामाजिक भाषाविज्ञानको परिचय, भाषिक समुदाय, भाषा र सामाजिक सम्पर्क, भाषा सर्वेक्षण, भाषिक भेद, द्विभाषिकता, बहुभाषिकता, भाषानीति र भाषायोजना आदिको सैद्धान्तिक खुराक दिने उद्देश्यले सविस्तार चर्चा गरिएको छ । समग्रमा भन्नुपर्दा प्रायोगिक भाषाविज्ञानको एउटा महत्त्वपूर्ण शाखा सामाजिक भाषाविज्ञान र यसअन्तर्गत गरिने विभिन्न विषयहरूको ज्ञान दिनु रहेको छ । प्रस्तुत पुस्तकको अध्ययनबाट सैद्धान्तिक अभिप्रेरणा प्राप्त गरी शोधकार्यलाई व्यवस्थित गर्न सहयोग मिलेको छ ।

भण्डारी र अन्य (२०६९) द्वारा तयार गरिएको *भाषिक अनुसन्धान विधि* पुस्तकमा भाषिक अनुसन्धानको सामान्य परिचय, भाषिक अनुसन्धानका सामान्य तथा विशेष विधिहरू, तथ्याङ्क सङ्कलन र उपकरण निर्माण, भाषिक अनुसन्धानमा साङ्ख्यिकीको प्रयोग, अनुसन्धानको प्रस्ताव र प्रतिवेदन जस्ता पक्षहरूमा व्यापक चर्चा गरेका छन् । उक्त पुस्तक प्रस्तुत अध्ययनसँग सम्बन्धित भएकाले यस अध्ययनलाई अगाडि बढाउन सैद्धान्तिक आधार प्रदान गरेको छ ।

लम्साल र अन्य (२०६९) द्वारा *सामाजिक र मनोभाषाविज्ञान* पुस्तक प्रकाशन गरिएको छ । उक्त पूर्वकार्यमा सामाजिक भाषाविज्ञान भाषिक भेद, भाषानीति, योजना, नेपालको भाषिक स्थिति, भाषा र समाजको सम्बन्ध, भाषा सर्वेक्षण पद्धति, भाषाद्वैत, कोड

परिवर्तन, कोडमिश्रण जस्ता पक्षको चर्चा गरिएको छ । उक्त पूर्वकार्यले प्रस्तुत शोधकर्ताको सैद्धान्तिक आधार निर्माणमा सहयोग पुऱ्याएको छ ।

भट्टराई (२०७०) द्वारा *भाषिक अनुसन्धान विधि र प्रयोग* मा भाषिक अनुसन्धानको परिचय दिइएको छ । भाषिक अनुसन्धानका विधिहरू, नमुना छनोट, तथ्याङ्क सङ्कलन, विश्लेषण, शोधप्रस्ताव, शोधपत्र जस्ता विषयमा व्यापक चर्चा गरिएको छ । यस पुस्तकको अध्ययनले सैद्धान्तिक आधार तयार पार्न सहयोग मिलेको छ ।

निउरे र घिमिरे (२०७०) द्वारा *भाषिक अनुसन्धान विधि* लेखिएको छ । भाषिक अनुसन्धानको सामान्य परिचय, भाषिक अनुसन्धान विधि, अनुसन्धानको प्रस्ताव र अनुसन्धान प्रतिवेदन जस्ता पक्षहरूमा व्यापक चर्चा गरेको पाइन्छ । उक्त पुस्तकको अध्ययनले प्रस्तुत शोधकार्यलाई अगाडि बढाउन मद्दत पुऱ्याएको छ ।

### २.१.२ शोधपत्रको समीक्षा

डुम्रे (२०६५) द्वारा '*बसाइँ* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोधकार्य गरेको पाइन्छ । उक्त अध्ययन भाषाशैलीका दृष्टिले *बसाइँ* उपन्यासमा प्रयोग गरिएको भाषाशैलीको अध्ययन गर्नु, उपन्यासमा प्रयुक्त जाति, वर्ग, चेतना स्तरका आधारमा *बसाइँ* उपन्यासका पात्रहरूले प्रयोग गरेका भाषा सामाजिक सन्दर्भ र प्रसङ्गअनुरूप छ/छैन अध्ययन गर्नु जस्ता उद्देश्यहरूमा केन्द्रित रहेको पाइन्छ । अध्ययनमा मुख्यतः पुस्तकालयीय अध्ययन तथा आंशिक रूपमा वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । उक्त अध्यनयमा प्राथमिक स्रोतका रूपमा *बसाइँ* उपन्यासलाई नै लिइएको छ भने द्वितीयक स्रोत वा सामग्रीका रूपमा शीर्षकसँग सम्बद्ध पत्रपत्रिका, लेख, रचना, पुस्तक, सामाजिक भाषाविज्ञान, भाषिक अनुसन्धान विधि जस्ता विषयवस्तुलाई आधार मानिएको छ । यस शोधको निष्कर्षमा *बसाइँ* उपन्यासको भाषाशैली के कस्तो रहेको छ ? यस उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषा के कस्तो छ आदि जस्ता कुरा पत्ता लगाउनु रहेको छ । उक्त शोधपत्रले समाजभाषिक अध्ययनको सैद्धान्तिक आधार निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

अर्याल (२०६७) '*अविरल बग्दछ इन्द्रावती* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यमा समाजभाषिक अध्ययनका आधारमा *अविरल बग्दछ इन्द्रावती* उपन्यासको समाजभाषिक सिद्धान्तका आधारमा वर्गीय, लिङ्गगत, जातिगत र शैक्षिक अवस्थाका आधारमा भाषिक प्रयोगको स्थिति पहिल्याउनु शोधको उद्देश्य राखिएको छ । उक्त अध्ययनमा पुस्तकालयीय अध्ययन, वर्णनात्मक र विश्लेषणात्मक विधिलाई प्रयोग गरिएको पाइन्छ । उक्त उपन्यासमा वर्गीय विभेद व्यापक रूपमा रहेको, माझी समुदायका पात्रहरू निम्नवर्गीय पात्रहरूको प्रतिनिधित्व गर्ने पात्रहरूका रूपमाा रहेका, शिक्षितहरूको भाषिक प्रयोगमा उच्चारण, शब्दचयन, शैली र विषयवस्तुको प्रस्तुतीकरणमा रहेको अशिक्षित पात्रका भाषामा भाषिक उच्चारण, शब्दचयन, शैलीमा मानक रूपको प्रयोग र परिष्कारमा कमजोरी रहेको जस्ता निष्कर्ष निकालिएको छ । यस शोधपत्रको अध्ययनले द्वितीयक सामग्रीका रूपमा प्रस्तुत शोधकार्यलाई अगाडि बढाउन सहयोग पुऱ्याएको छ ।

शाही (२०६८) द्वारा '*बाँसुरीमा नअटाएका धुनहरू* नाटकको समाजभाषिक अध्ययन' शीर्षकमा शोधकार्य तयार गरिएको छ । उक्त शोधकार्यमा समाजभाषिक सिद्धान्तका आधारमा *बाँसुरीमा नअटाएका धुनहरू* नाटकको सामाजिक स्थितिको अध्ययन गर्नु, नाटकमा प्रयुक्त भाषाको विश्लेषण गर्नु, लिङ्ग, वर्ग, जाति, शिक्षाका आधारमा *बाँसुरीमा नअटाएका धुनहरू* नाटकमा प्रयुक्त भाषाको विश्लेषण गर्नुका साथै लैङ्गिक अध्ययन र शब्दभण्डारको प्रयोगको स्थिति पत्ता लगाउनु जस्ता उद्देश्य राखिएका छन् । यो अनुसन्धेय शीर्षक पुस्तक र कृतिमा आधारित भएकाले पुस्तकालय अध्ययन प्रक्रियालाई प्रमुख रूपमा अवलम्बन गरिएको छ । यस शोधकार्यको निष्कर्ष भनेको गरिब एवम् निमुखाहरूको सेवा गर्नुपर्ने र उनीहरूलाई शिक्षादिक्षा दिलाएर आफ्नो हक अधिकारप्रति चेतनशील बनाउनुपर्छ भन्ने सन्देश दिइएको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यले प्रस्तुत अध्ययनमा पात्रहरूको वर्गीकरण गर्न सहयोग पुऱ्याएको छ ।

डाँगी (२०६९) द्वारा '*माइतघर* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त कार्यमा उनले समाजभाषिक सिद्धान्तका आधारमा

*माइतघर* उपन्यासको समाजभाषिक अध्ययन गर्नु उपन्यासका पात्रहरूको भाषिक प्रयोगको स्थिति पत्ता लगाउनु तथा विविधताअनुरूप वर्गीकरण गर्नुजस्ता मुख्य उद्देश्य राखिएका छन् । पुस्तकालयीय अध्ययन, वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग अध्ययनका क्रममा गरिएको छ । निष्कर्षमा कर्तव्य र प्रेमका अगाडि कर्तव्य नै बलवान् हुन्छ र त्यो समाजका निम्ति औपचारिकता हो भन्ने कुरा पाइन्छ । *माइतघर* उपन्यासमा वर्गीय रूपमा पात्रहरूको भाषाको प्रयोग फरक रहेको छ । लिङ्गका आधारमा पुरुषले प्रयोग गर्ने भाषा र महिलाले प्रयोग गर्ने भाषा फरक भएको निष्कर्ष निकालिएको छ । यस शोधपत्रले समाजभाषिक अध्ययनको सैद्धान्तिक आधार निर्माण गर्न सहयोग पुऱ्याउनुका साथै पात्रहरूको वर्गीकरणमा समेत सहयोग पुऱ्याएको छ ।

ढकाल (२०६९) द्वारा 'नरेन्द्र दाइ उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । भाषाशैलीका दृष्टिले *नरेन्द्र दाइ* उपन्यासमा प्रयोग गरेका भाषाको वर्गीय, लैङ्गिक, जातीय र शैक्षिक अवस्थामा अध्ययन केन्द्रित गरेका छन् । उक्त उपन्यासको समाजभाषिक अध्ययन गर्दा प्रमुख रूपमा पुस्तकालयीय अध्ययन प्रक्रिया र विश्लेषणात्मक विधिलाई मुख्य आधार बनाई वर्ग विभेद व्यापक रूपमा रहेको, शिक्षित पात्र र अशिक्षित पात्रहरूको भाषिक प्रयोगमा भाषिक उच्चारणमा शब्दचयनमा शैली र विषयवस्तुको प्रस्तुतीकरणमा असमानता रहेको, उमेरका आधारमा भाषा फरक रहेको, लैङ्गिक आधारमा नारी पात्रले प्रयोग गर्ने भाषा र पुरुष पात्रले प्रयोग गर्ने भाषामा ध्वन्यात्मक गुण, रङ्गभेद र शब्दभण्डारमा प्रयोगमा भेदहरू देखिनुका साथै जातीय आधारमा पनि भाषामा भेद रहेको कुरा स्पष्ट रूपमा प्रस्तुत गरिएको छ । उक्त शोधकार्यले प्रस्ततु अध्ययनमा पात्रहरूको भाषिक विश्लेषण गर्न सहयोग पुऱ्याएको छ ।

सुवेदी (२०६९) द्वारा '*भोक र भित्ताहरू* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकको शोधपत्र तयार पारिएको छ । उक्त शोधको उद्देश्य भाषाशैलीका दृष्टिले *भोक र भित्ताहरू* उपन्यासको समाजभाषिक अध्ययन गर्नु, पात्रलाई वर्गीय, लैङ्गिक र बौद्धिक स्तरका आधारमा वर्गीकरण गर्नु तथा यसमा पात्रले प्रयोग गर्ने भाषाको वर्गगत, लिङ्गगत, बौद्धिक स्तरका आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउनु रहेको

देखिन्छ । उक्त शोधका आधारमा निम्न वर्ग र उच्च वर्ग तथा लिङ्गका आधारमा पुरुष र महिला पात्रको जमघट रहेको देखिन्छ । उक्त उपन्यासमा नेपाली भाषालगायत अङ्ग्रेजी भाषा, नेवारी भाषा र बालबोली समेतको प्रयोग भएको देखिन्छ । समाजभाषिक अध्ययनले जुनसुकै कृतिको वास्तविक धरातल चिनाउन सक्ने भएकाले समाज सुधार गर्न तथा समाजभाषिक दृष्टिले उपन्यासको अध्ययन गर्नु उपयुक्त हुने आदि सुझावहरू प्रस्तुत भएको पाइन्छ । उक्त शोधकार्यले प्रस्तुत अध्ययनको सैद्धान्तिक पृष्ठभूमि निर्माण गर्नुका साथै पात्रहरूको भाषिक विश्लेषण गर्न सहयोग पुऱ्याएको छ ।

रोका (२०७०) द्वारा '*मुलुक बाहिर* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोधकार्य तयार पारिएको छ । भाषाशैलीका दृष्टिले *मुलुक बाहिर* उपन्यासमा प्रयोग गरिएको भाषाको वर्गगत, लिङ्गगत, जातिगत र शैक्षिक अवस्था आदिका आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउनुजस्ता उद्देश्यहरूमा अध्ययन केन्द्रित रहेको पाइन्छ । उक्त अध्ययनमा पुस्तकालयीय अध्ययन प्रक्रिया, वर्णनात्मक र विश्लेषणात्मक विधिलाई प्रमुख आधार बनाइएको छ । अध्ययनको निष्कर्षमा *मुलुक बाहिर* उपन्यासका सबै पात्र निम्न वर्गीय रहेका, भाषा प्रयोगमा निम्न भेदको प्रयोग गरेको, भाषा प्रयोगगत आधारमा लैङ्गिक भिन्नता रहेको, उमेरका आधारमा बाल, युवा, प्रौढ तथा वृद्ध पात्रहरूले प्रयोग गरेको भाषामा भिन्नता रहेको, शिक्षाका आधारमा शिक्षित पात्रहरूले प्रयोग गर्ने भाषाशैली अमानक र निम्न स्तरको रहेको जस्ता निष्कर्ष निकालिएको पाइन्छ । उक्त शोधकार्यको प्रस्तुत अध्ययनको सैद्धान्तिक पृष्ठभूमि निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

शर्मा (२०७१) द्वारा '*चिना हराएको मान्छे* आत्मकथाको समाजभाषिक अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । भाषाशैलीका दृष्टिले उक्त आत्मकथामा प्रयुक्त भाषाको वर्गीय, लैङ्गिक, उमेरगत र जातिगत आदि आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउनु जस्ता उद्देश्यमा केन्द्रित भएर अध्ययन गरिएको पाइन्छ । पुस्तकालयीय अध्ययन प्रक्रिया, वर्णनात्मक र विश्लेषणात्मक विधिलाई प्रमुख आधार बनाई शोध तयार गरिएको छ । आत्मकथामा शिक्षित र अशिक्षित पात्रहरूका बीचमा भाषिक प्रयोग भिन्न रहेको, भाषिक उच्चारण, शब्दचयन, शैली र विषयवस्तुको प्रस्तुतिमा केही अस्पष्टता रहेको निष्कर्ष निकालिएको छ । कृति विश्लेषणमा नै केन्द्रित

रही समाजभाषिक अध्ययन गरिएको उक्त शोध यस अध्ययनका लागि मुख्य मार्गदर्शक बनेको छ । अतः प्रस्तुत अनुसन्धानका लागि उक्त शोधको अध्ययन सान्दर्भिक देखिन्छ ।

रेग्मी (२०७१) द्वारा '*वसन्ती* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकको शोधकार्य तयार गरिएको छ । शोधकार्यका उद्देश्यहरू भाषाशैलीका दृष्टिले *वसन्ती* उपन्यासको समाजभाषिक अध्ययन गर्नु, उपन्यासका पात्रहरूलाई वर्गीय, लैङ्गिक, उमेर र शैक्षिक अवस्थाका आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउनु रहेका छन् । यस शोधकार्यमा मूलतः पुस्तकालयीय अध्ययन प्रक्रिया र आंशिक रूपमा वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यस उपन्यासमा तत्कालीन समाजमा रहेका विकृति तथा दरबारभित्रका सामन्ती प्रवृत्ति, चाकडी, चाप्लुसी, राजनैतिक अस्थिरता, षड्यन्त्र, जालझेल, विवशता र बाध्यात्मक स्थितिको चित्रण गरिएको छ । पात्रहरूले प्रयोग गर्ने गरेको भाषिक प्रयोगमा भाषिक भेद रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यले प्रस्तुत अध्ययनका पात्रहरूको भाषिक विश्लेषण गर्न सहयोग पुऱ्याएको छ ।

सापकोटा (२०७२) द्वारा '*प्रेतकल्प* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधपत्रका उद्देश्यहरू भाषाशैलीका दृष्टिले *प्रेतकल्प* उपन्यासको विश्लेषण गर्नु, वर्गीय आधारमा उपन्यासका पात्रहरूको वर्गीकरण गर्नु तथा लिङ्ग, उमेर, वर्ग र शिक्षाका आधारमा भाषिक विश्लेषण गर्नु रहेका छन् । प्रस्तुत अध्ययनमा पुस्तकालयीय अध्ययन प्रक्रिया, वर्णनात्मक विधि तथा आंशिक रूपमा विश्लेषणात्मक विधिलाई आधार बनाएर अध्ययन गरेको पाइन्छ । झण्डै सय वर्ष अघिको काठमाडौँ उपत्यकाको नेपाली समाज र नेपाली राजनीतिको वर्णनमा आधारित तथा वर्गीय, लैङ्गिक, उमेर, शिक्षाका दृष्टिले पात्रहरूले प्रयोग गर्ने भिन्नाभिन्नै भाषाशैलीको समेत प्रयोग प्रस्तुत अध्ययनमा रहेको देखिन्छ । यस शोधपत्रको अध्ययनले प्रस्तुत अनुसन्धानको सैद्धान्तिक अवधारणा तयार पार्न सहयोग मिलेको छ ।

उल्लिखित शोधशीर्षकसँग भएका अनुसन्धानहरूले यस *हरिबहादुर* उपन्यासको समाजभाषिक अध्ययन शीर्षकको अनुसन्धानमा मार्गनिर्देश गरेका छन् । हालसम्म हरिवंश आचार्यद्वारा लिखित *हरिबहादुर* शीर्षक उपन्यासको समाजभाषिक अध्ययन नभएका कारण

यस शीर्षकमा अनुसन्धान गर्न उपयुक्त ठानी सर्वमान्य अनुसन्धानका आधारमा *हरिबहादुर* उपन्यासको समाजभाषिक अध्ययन गरिएको छ ।

## २.२ सैद्धान्तिक परिचय

भाषा समाजद्वारा निर्मित हुने र समाजमै प्रयोग हुने हुनाले समाजको सापेक्षतामा भाषाको अध्ययन विश्लेषण गर्ने प्रायोगिक भाषाविज्ञानको क्षेत्र समाज भाषाविज्ञान हो (भण्डारी र पौडेल, २०६८ : १६)। भाषाका सामाजिक सन्दर्भ, सामाजिक कार्य, सामाजिक स्तरीकरण, समाजको जात, लिङ्ग, वर्ग, धर्म, संस्कृति आदिको प्रतिविम्बिन हुने सामाजिक परिप्रेक्ष्यमा भाषाको अध्ययन हुनुपर्दछ भन्ने सामाजिक भाषाविज्ञानको प्रमुख मान्यता रहिआएको हुन्छ (भण्डारी र पौडेल, २०६८ : ०३)। सामाजिक भाषाविज्ञानमा सामाजिक संरचनाले भाषामा पार्ने प्रभावको अध्ययनलाई मूल विषय बनाइएको हुन्छ । समाजलाई अलग राखेर गरिएको भाषाको अध्ययन अपूर्ण हुन्छ भन्ने मान्यता सामाजिक भाषाविज्ञानको रहिआएको छ ।

समाज भाषाविज्ञानले भाषा र समाजबीचको अन्तरसम्बन्धलाई केलाएर निष्कर्ष निकाल्दछ (थापा, २०६९ : ०३) । भाषाविना समाजको कल्पना गर्न सकिँदैन भने समाजविना भाषाको अस्तित्वसमेत रहन सक्दैन । प्रायोगिक भाषाविज्ञानको व्यापक शाखाका रूपमा स्थापित सामाजिक भाषाविज्ञान अन्तरवैषयिक विषय भएकाले यसको क्षेत्र विस्तृत हुनु स्वाभाविक छ । यसको अध्ययन क्षेत्रका रूपमा भाषाका वक्ता, बोद्धा, सन्दर्भ, भाषिक समुदाय, भाषागत योजना, मानकीकरण, स्तरीकरण, आधुनिकीकरण जस्ता पक्षलाई लिन सकिन्छ । यसैगरी यसमा भाषाको सामाजिक भेद, क्षेत्रीय भेद, प्रयोजनपरक भेद, भाषिक परिवर्तन, भाषिक अपक्षय, भाषिक मृत्यु जस्ता भाषा सम्बद्ध विविध पक्षको चर्चा परिचर्चा समेत गरिएको हुन्छ । यसका अतिरिक्त सामाजिक भाषाविज्ञानमा भाषिक आगमन, कोडमिश्रण, कोड परिवर्तन जस्ता विविध विषयको समेत अध्ययन गरिन्छ । वस्तुतः सामाजिक भाषाविज्ञान बहुआयामिक, बहुवैषयिक र

समाजका विविध पक्षसँग सम्बन्धित विधा भएकाले यससम्बन्धी विद्वान्का धारण वा दृष्टिकोण समेत फरक रहेका छन्, जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

हड्सनका अनुसार सामाजिक भाषाविज्ञान समाजका सापेक्षतामा गरिने भाषाको अध्ययन हो । जर्जपुलका अनुसार भाषा र समाजका बीचको अन्तर्सम्बन्धको अध्ययन र वर्णन सामाजिक भाषाविज्ञानले गर्दछ । अधिकारीका अनुसार भाषाको समाजपरक अध्ययनलाई सामाजिक भाषाविज्ञान भनिन्छ । बन्धुका अनुसार समाजकै परिप्रेक्ष्यमा भाषाको अध्ययन सामाजिक भाषाविज्ञानअन्तर्गत गरिन्छ (लम्साल र अन्य, २०६७ : १४) ।

माथिका परिभाषालाई समष्टिमा हेर्दा सामाजिक भाषाविज्ञान भनेको भाषा र समाजको अन्तरसम्बन्धको अध्ययन हो भन्ने स्पष्ट हुन्छ । सामाजिक भाषाविज्ञानले समाजको इतिवृत्त बताउँछ, जसबाट समाजको वास्तविक विवरण अध्ययन गर्न सकिन्छ ।

## २.३ सामाजिक भाषाविज्ञानको सैद्धान्तिक पृष्ठभूमि

समाज भाषाविज्ञानको रूपात्मक संरचनालाई हेर्दा यो समाज, भाषा र विज्ञान शब्दको यौगिक रूप हो । तसर्थ समाज र भाषाको संयुक्त अध्ययन गर्ने विज्ञान नै समाज भाषाविज्ञान हो (थापा, २०६९ : ०२) । आधुनिक भाषाविज्ञानका क्षेत्रमा भाषाका सम्बन्धमा गहन अध्ययन हुन थालेपछि प्रायोगिक भाषाविज्ञानको जन्म भयो । पछि प्रायोगिक भाषाविज्ञानको अध्ययन र विकासक्रमको आधारमा सामाजिक भाषाविज्ञानको सैद्धान्तिक पृष्ठभूमि तयार भएको पाइन्छ । प्रायोगिक भाषाविज्ञान अप्लाइड लिङ्ग्विस्टिक्सको नेपाली रूपान्तरण हो । यसको प्रयोग सर्वप्रथम सन् १९३१ मा एल. लक हार्टले आफ्नो कृति *वर्ड इकोनोमी : एन एस्से इन अप्लाइड लिङ्ग्विस्टिक्स*मा गरेका थिए । यसले सन् १९४६ मा अमेरिकाको मिसिगन विश्वविद्यालयबाट स्वतन्त्र विषयका रूपमा मान्यता प्राप्त गऱ्यो (लामिछाने, २०७० : ०३) ।

अङ्ग्रेजीको 'सोसियोलिङ्ग्विस्टिक्स' को नेपाली रूपान्तरण नै सामाजिक भाषाविज्ञान हो । यस शब्दको प्रयोग सर्वप्रथम सन् १९५२ मा हावेर सी. क्युरीबाट भएको पाइन्छ तर थोमस हड्सनले 'म्यान इन इन्डिया' नामक पुस्तकका लागि सन् १९३९ मा प्रयोगमा ल्याएको देखिन्छ । सन् १९६० पछि प्रायोगिक भाषाविज्ञानका अध्येताहरूको समाज भाषाविज्ञानमा रुचि राखेर सन् १९६०–७० को दशकमा सामाजिक भाषाविज्ञान स्वतन्त्र विषयका रूपमा विकसित हुन पुग्यो । फर्थले आफ्नो सिद्धान्त स्थितिको प्रसङ्गमा सामाजिक विज्ञान जस्तै मानिसको भाषिक व्यवहारको क्रियाकलापहरूलाई समाजमा आधारित भएर हेर्नुपर्छ भन्दै भाषाको सामाजिक पक्षलाई महत्त्व दिएका छन् । फर्थको भाषालाई सामाजिक सन्दर्भमा हेर्ने दृष्टिकोणसँग ह्यालिडे मिचेलजस्ता विद्वान् सहमत हुन पुगेका छन् । यिनै सन्दर्भहरूबाट नै सामाजिक भाषाविज्ञानको प्रारम्भ भएको हो (भण्डारी र पौडेल, २०६८ : ०२) ।

सन् १९३० को दशकदेखि सन् १९५० को दशकसम्म संरचनावादी र सन् १९६० को दशकसम्म रूपान्तरणवादी अध्ययनहरू हाबी भए । यिनले भाषाको संरचनात्मक पक्षको विस्तृत र गहन अध्ययन गरे तर सामाजिक पक्षलाई वेवास्ता गरे, जसको फलस्वरूप सन् १९७० को दशकतिर भाषाको समाजपरक अध्ययनले ठूलो महत्त्व पाउन थाल्यो । यसै समयमा डेल हाइम्सले चम्स्कीको भाषिक सामर्थ्यको विरुद्धमा सम्प्रेषणात्मक सामर्थ्यको अध्ययनको महत्त्वलाई उजागर गर्दै समाज भाषाविज्ञानको अध्ययनको औपचारिक आरम्भ भएको मानिन्छ (अधिकारी, २०६७ : ४)

समाज भाषाविज्ञानको सैद्धान्तिक पृष्ठभूमिका रूपमा विभिन्न विद्वान्हरूले आ–आफ्ना मान्यतालाई अगाडि सारेका छन् । निष्कर्षतः सन् १९३१ मा प्रायोगिक भषाविज्ञानको स्थापना भयो र यसको नवीन शाखाका रूपमा सन् १९५२ मा समाज भाषाविज्ञानको स्थापना र प्रयोग भएको मान्न सकिन्छ ।

## २.४ समाज भाषाविज्ञानको क्षेत्र

सामाजिक भाषाविज्ञान भाषाविज्ञानका विभिन्न शाखाहरूमध्ये एक हो । सामाजिक भाषाविज्ञान भाषा र समाजबीचका विविध सम्बन्धको अध्ययन भएकाले समाजविज्ञान र भाषाविज्ञान यसको अध्ययन क्षेत्र व्यापक छ (भण्डारी र पौडेल, २०६८ : ०५) । निश्चित विषयको परिधि, खास परिवेश विशेष फाँटलाई क्षेत्र भनिन्छ । सामाजिक भाषाविज्ञान पनि भाषा र समाजका बीचका विविध सम्बन्धको अध्ययन भएकाले यसको अध्ययन क्षेत्र पनि विस्तृत रहेको छ । यो भाषा र समाजको पारस्परिक सम्बन्धको अध्ययन गर्ने मूल स्रोत हो । समाज भाषाविज्ञानलाई अन्तरवैयक्तिक विषयका रूपमा लिइन्छ किनभने यो विभिन्न विषय क्षेत्रसँग सम्बन्धित कुराहरूको अन्तरसम्बन्धबाट विकास भएको हो ।

समाज भाषाविज्ञानमा समाजशास्त्र र भाषाविज्ञानका विषयसँग सन्निहित रहेका छन् । यसका साथै मानवशास्त्र, मनोविज्ञान, शिक्षाशास्त्र आदिका केही पक्षसित यसको सम्बन्ध पाइन्छ । सामाजिक भाषाविज्ञानको अध्ययन क्षेत्रको बारेमा विद्वान्हरूका बीचमा मतमतान्तर पाइन्छ । मतमतान्तरकै बीचबाट साझा निष्कर्षमा पुग्दा सामाजिक भाषाविज्ञानका क्षेत्रहरू : भाषाको सामाजिक पक्षको विश्लेषण गर्नु, भाषिक समुदायको पहिचान गर्नु, भाषाको मानकीकरण, आधुनिकीकरण गर्नु, राष्ट्रभाषा, सम्पर्क भाषा, स्थानीय भाषा र अन्तर्राष्ट्रिय भाषाको निर्धारण गर्नु, समुदायभित्र भाषाको प्रयोगसम्बन्धी ढाँचा, शैली र भाषिक परिवर्तनका कारणबारे विश्लेषण गर्नु, भाषाका सामाजिक भेद, प्रयुक्तिगत भेद, भाषिक परिवर्तन, द्विभाषिकता, बहुभाषिकता, भाषाद्वैत, भाषिक अभिवृत्ति, भाषिक विकास, भाषा र भाषिकाको निर्धारण, भाषानीति, भाषायोजना, भाषिक सम्बन्ध, भाषिक विविधता, भाषिक आगमन, लोप, स्थानान्तरण, भाषा र समाजको सम्बन्ध भाषिक सम्पर्क, कोड मिश्रण, कोड परिवर्तन आदि रहेका छन् (भण्डारी र पौडेल, २०६८ : ६) ।

समग्रमा भन्नुपर्दा समाज भाषाविज्ञानले भाषाको सामान्य व्यवहारको अध्ययन तथा भाषा र समाजको सम्बन्धको अध्ययन गर्ने भएकाले समाजमा प्रयोग भएका भाषासँग सम्बन्धित पक्षहरूका बारेमा अध्ययन गरेको पाइन्छ ।

## २.५ भाषिक भेद

भाषा सामाजिक आवश्यकताको वस्तु हो । भाषा प्रत्येक समाजको सामाजिक सम्पत्ति हो । हरेक समाजमा आ–आफ्नै मूल्य मान्यता रहेका हुन्छन्, यिनै मूल्य मान्यताका कारण भाषा प्रयोगका हिसाबले थुप्रै असमानता रहेका हुन्छन् । यी असमानताहरूले भाषिक भेद सिर्जना गर्दछ । यसरी एउटै भाषिक समाजका व्यक्तिहरूको भाषिक उच्चारण अर्थात् ध्वनि, वर्ण, शब्द, पदावली, उपवाक्य, वाक्य र अर्थमा भेद देखिनुलाई भाषिक भेद भनिन्छ (भण्डारी र पौड्याल, २०६८ : २४) । एउटै भाषालाई कसले, कतिबेला, कोसँग, कस्तो भाषाको प्रयोग गर्छ भन्ने आधारमा भाषिक भेदको निरूपण गर्ने गरिन्छ ।

एउटै भाषामा प्रचलित विविध रूप नै भाषिक भेद हुन् । कुनै पनि भाषाका वक्ता, श्रोता, सन्दर्भ, विषय, अवसर, क्षेत्र र समय आदि विविध आधारमा विभिन्न भाषिक भेदहरू निर्माण भएको पाइन्छ । एउटै भाषाभित्रका विविधता वा भेदहरूलाई सामान्यतः काल, स्थान, सामाजिक वर्ग, विषय र माध्यमका आधारमा हेर्न सकिन्छ । प्रस्तुत सन्दर्भमा भाषिक भेदहरूलाई क्षेत्रीय भेद, कालिक भेद, सामाजिक भेद, विषयगत भेद, प्रसङ्गगत भेद र माध्यमगत भेद गरी विभाजन गरिएको छ । तिनको सङ्क्षिप्त चर्चा निम्नानुसार गरिएको छ :

### २.५.१ सामाजिक भेद

भाषाको प्रयोग क्षेत्र समाज हो । भिन्न भिन्न ठाउँको सामाजिक संरचना भिन्न भिन्न हुन्छ अर्थात् हरेक समाजको भाषिक संरचना भिन्न हुन्छ । समाजको आफ्नै संरचनागत व्यवस्था हुन्छ । सामाजिक अवस्था विभिन्न जातजाति, धर्म, व्यवसाय, लिङ्ग,

उमेर आदि विभिन्न आधारमा निर्मित हुन्छ र भाषा पनि यही वर्गमा आधारित हुन्छ । यही सामाजिक संरचनाअनुसार भाषामा देखिने भेद नै सामाजिक भेद हो (भण्डारी र पौडेल, २०६८: ४१) । सामाजिक भेदको निर्माणमा शिक्षा, राजनैतिक चेतना, सांस्कृतिक सन्दर्भ आदिको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । समाजको संरचना, शिक्षाको स्थिति, जातीयता आदि कारण सामाजिक भेद निर्माण भएका हुन सक्छन् । क्षेत्रीय भेदमा भाषिक भेदको एउटै तह र दिशा हुन्छ भने सामाजिक भेदमा एउटै भेदभित्र पनि विभिन्न तहका उपभेदहरू फेला पर्छन् ।

समाजमा विभिन्न जाति लिङ्ग, धर्म, पेशा, वर्ग, समुदाय, शिक्षा, संस्कृति, स्थान, व्यवसाय र उमेरका मानिसहरू बसोबास गर्ने हुनाले त्यहाँ प्रयोग हुने भाषिक स्वरूपमा विविधता हुन्छ, त्यो नै सामाजिक भेद हो (थापा, २०६९ : ४२) । कुनै पनि समाजमा एकभाषिक, बहुभाषिक र द्विभाषिक वक्ताहरूको आपसी सम्पर्कका कारणले पनि भाषाका सामाजिक भेदहरू हुन्छन् । सामाजिक समुदायका सदस्यको जातजाति, लिङ्ग, उमेर, शिक्षा, पेशा, आयस्रोत, कुलीनता जस्ता कारणले भिन्न हुने भाषिक भेदलाई सामाजिक भेद भनिन्छ । यस्ता भेदमध्ये शोधले समेटेको सामाजिक स्थितिलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

### २.५.१.१ वर्गका आधारमा

समाजका सदस्यहरूको आर्थिक स्तर वा प्रतिष्ठाको आधारमा समाजमा वर्ग विभाजन गरिएको हुन्छ । समाजमा बसोबास गर्ने सबैको आर्थिक अवस्था एकनाशको हुँदैन । आर्थिक अवस्थाका कारण व्यक्तिले शिक्षा र रोजगारमा पाउने अवसर तथा अपनाउने पेशा भिन्न हुने गर्दछ । असमान आर्थिक स्थितिका कारण समाज उच्च वर्ग, मध्यम वर्ग र निम्न वर्गमा विभाजित रहेको हुन्छ । मालिक र नोकरको भाषा, सम्भ्रान्त वर्ग राणा/ठकुरी र अन्य वर्गले प्रयोग गर्ने नेपाली भाषालाई वर्गीय भेदको उदाहरण मानिन्छ । वर्गीय भेद उच्च, मध्यम र निम्न गरी तीन किसिमका छन्, जसलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

(क) **उच्च वर्ग :** समाजमा प्रतिष्ठित व्यक्ति वा कुलीन परिवारहरूले प्रयोग गर्ने भाषा नै उच्च वर्गीय भाषा हो । सामाजिक प्रतिष्ठा प्राप्त भाषाको स्तरीय रूपलाई उच्च भेद भनिन्छ । यसको प्रयोग राजकीय कामकाज, साहित्य, संस्कृति र कलाको क्षेत्र, धार्मिक अनुष्ठान आदि क्षेत्रमा गरिएको पाइन्छ । उच्च वर्गले प्रयोग गर्ने भाषामा स्तरीकरण, मानकीकरण गरिएको पाइन्छ । यो जटिल प्रकृतिको हुन्छ । उच्च वर्गका शाह, राणा, ठकुरी परिवारमा बोलिने दरबारीया बोली यसको उदाहरण हो ।

(ख) **मध्यम वर्ग :** समाजमा कुलीन वर्गको भाषा र सामान्य परविारको भाषामा भिन्नता हुन्छ (घिमिरे, २०६५ : २८) । समाजमा धेरै मानिसले प्रयोग गर्ने भाषा मध्यम वर्गीय भाषा हो । समाजमा रहेको जनसङ्ख्यामध्ये सबैभदा बढी सङ्ख्या मध्यम वर्गको नै देखिन्छ । यस वर्गले प्रयोग गर्ने भाषा साझा सम्पर्कको रूपमा रहेको हुन्छ । जस्तै : आमा, बुबा, तपाइँ आदि ।

(ग) **निम्न वर्ग** : यस वर्गका व्यक्तिहरूले सामान्य तथा मौखिक रूपमा मात्र प्रयोग हुने किसिमको भाषा प्रयोग गर्ने गरेको पाइन्छ । यस वर्गले प्रयोग गर्ने भाषालाई स्तरहीन भाषा पनि भन्ने गरिएको देखिन्छ । आर्थिक अवस्था निम्न भएका अशिक्षित मानिसले प्रयोग गर्ने भाषा निम्न स्तरको भाषा हो (पौडेल, २०७२ : २४) । विशेषगरी ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिसहरूले निम्न स्तरको आधारमा प्रयोग गर्दछन् । जस्तै : बा/बाउ, आमा/आवई, आउ/आइज जस्ता शब्दको प्रयोग पाइन्छ ।

### २.५.१.२ लिङ्गका आधारमा

प्रकृतिले गरेको भेद लिङ्ग हो । हाम्रो समाजमा मानिसलाई लिङ्गका आधारमा पुरुष र महिला गरी दुई वर्गमा विभाजन गरिएको छ । एउटै भाषामा पनि महिला र पुरुषले प्रयोग गर्ने भाषामा भिन्नता देखिन्छ । ध्वन्यात्मक गुण, रङ्गको विभेद गर्ने क्षमता, शब्दभण्डार आदिका दृष्टिले महिला र पुरुषको भाषा प्रयोगमा भिन्नता पाइन्छ (भण्डारी र पौड्याल, २०६८ : १८) । यसरी भाषाको प्रयोगलाई लिङ्गको आधारमा

पुरुषले प्रयोग गर्ने भाषा र महिलाले प्रयोग गर्ने भाषा गरी दुई प्रकारमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

(क) **पुरुष** : पुलिङ्ग वा भाले बुझाउन प्रयोग गरिने शब्दलाई पुरुष भनिन्छ । भाषा प्रयोगमा महिलाको भन्दा पुरुषको भाषा कठोर, निरस, रुखो आदेशात्मक, तार्किकता, वैचारिकता, निर्णयात्मकताका साथै पुरुषको भाषामा वीरतापूर्ण अभिव्यक्ति पाउन सकिन्छ । ध्वन्यात्मक लवज र शब्दभण्डार क्षमताका कारणले पनि महिला र पुरुषले प्रयोग गर्ने भाषामा स्पष्ट भेद देखा पर्दछ ।

(ख) **महिला** : स्त्री वा पोथी बुझाउन प्रयोग गरिने शब्दलाई महिला भनिन्छ । स्त्रीले प्रयोग गर्ने भाषामा सुमधुरता, सरलता, कोमलता, भावुकता, नरम, बहुभाषिकता, मिठासता जस्ता गुणको अनुभूति पाइन्छ । खासगरी महिलाले बोल्ने भाषिक अभिव्यक्तिमा एकवचन, प्रथम पुरुष, पूर्ण र अज्ञात पक्ष जस्तै : भनेकी छु, थिएँ, खाएकी छु आदि क्रियापदमा लैङ्गिक पहिचान पाउन सकिन्छ (थापा, २०६९ : ४९) । पुरुषले भन्दा महिलाले बढी सामाजिक संस्कार पालना गर्नुपर्ने भएकाले पनि भाषामा विविधता सिर्जना भएको पाइन्छ ।

### २.५.१.३ उमेरका आधारमा

समाजमा विभिन्न उमेर समूहका मानिसहरूको बसोबास हुन्छ, जसमा बालक, युवा, प्रौढ र वृद्ध मानिसहरू समावेश हुन्छन् । उनीहरूले प्रयोग गर्ने भाषामा स्पष्ट विविधता पाइन्छ । बालकले प्रयोग गर्ने भाषामा निश्चलता, मिठास र कोमलता, युवा/युवतीले प्रयोग गर्ने भाषामा रहस्यमयता, लाक्षणिकता, व्यङ्ग्यात्मकताका साथै प्राविधिक र पारिभाषिक शब्दहरूको प्रयोगका अतिरिक्त शृङ्गारिकताको अनुभूति दिलाउने शब्द प्रयोग गरिन्छन् भने वृद्धहरूले प्रयोग गर्ने भाषामा धर्म, संस्कृति र वैराग्य भाव जनाउने शब्द प्रयोग गरिएका हुन्छन् । उमेरका आधारमा समाजका मानिसलाई बालक, युवा, प्रौढ र वृद्ध गरी चार प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

**(क) बालक**

बालबालिकाले प्रयोग गर्ने भाषालाई बालभाषा भनिन्छ । बालकले प्रयोग गर्ने भाषामा बालबोली, एकशब्दे वाक्य, टेलिग्राफिक बोलीको प्रयोग देखिन्छ । यसका साथै बालकको भाषामा निश्छलता, कोमलता जस्ता गुण पनि समाहित भएका हुन्छन् । नेपालीमा बालभाषाका लागि छुट्टै शब्दभण्डार एवम् शैलीको प्रचलन समेत भेटिन्छ ( अधिकारी, २०६७ : २३) । बालबालिकाको भाषा अन्य उमेर समूहको तुलनामा बढी त्रुटिपूर्ण मानिन्छ । यिनीहरूको बोलीमा निखारता नआएको हुनाले प्रयोगमा आउने भाषा कतिपय अवस्थामा अक्षर दोहोरिएर अर्थ लाग्ने खालका हुन्छन् । जस्तै : नुनु, बुबु, बाबा, चाचा, नाना आदि ।

**(ख) युवा**

युवावस्था बाल्यवस्थापछि आउने अवस्था हो । यस अवस्थामा प्रवेश गरेका युवाहरूको भाषा बालबालिकाको भाषाभन्दा फरक हुन्छ । यस उमेर समूहका व्यक्तिहरूले भाषालाई परिष्कृत गरेर प्रयोग गर्ने गर्दछन् । सामान्यतः युवा/युवतीले प्रयोग गर्ने भाषामा बढी शृङ्गारिकता, रहस्यमयता, साङ्केतिकता, लाक्षणिकता, व्यङ्ग्यात्मकता जस्ता विशेषताहरू पाइन्छन् । यस अवस्थाका युवा/युवतीले विभिन्न किसिमका कोड भाषाको प्रयोग गर्ने गर्दछन् : जस्तै यार, च्वाँक, बोर, विल्ला आदि । बाल्यावस्थाको तुलनामा व्यक्तिको शब्दभण्डार क्षमता विकास हुँदै गएकाले भाषा प्रयोगमा स्तरीयता र सूक्ष्मता पनि देखा पर्दै जान्छ ।

**(ग) प्रौढ/वयस्क**

प्रौढ/वयस्क उमेर समूह चालिस वर्षदेखि साठी वर्षसम्मको समय अवधिलाई बुझिन्छ । प्रौढ उमेर समूहका मानिसले बोल्ने भाषामा शृङ्गारिकता पाइँदैन र भाषाशैली निरस प्रकृतिको हुन्छ । यस उमेरका व्यक्तिले भाषाको प्रयोग गर्दा स्पष्ट अर्थ लाग्ने सहज एवम् सोझो अर्थ लाग्ने र सरल भाषाको प्रयोग गरेको देखिन्छ । प्रौढहरूले प्रयोग

गरेको भाषा बालक र युवायुवतीको भन्दा भिन्न हुन्छ । उनीहरूले प्रयोग गर्ने भाषामा व्यावहारिकता झल्किन्छ । समाजमा बोलिने भाषालाई लोप हुनबाट बचाउन यस उमेरका व्यक्तिहरूले ठूलो योगदान गरेका हुन्छन् ।

**(घ) वृद्ध**

वृद्धावस्थाका मानिसहरूले प्रयोग गर्ने भाषामा पनि जीवन भोगाइकै क्रमबाट स्तरीय र मानक रूप भेट्न सकिन्छ । ६० वर्षभन्दा माथिका उमेर समूहका मानिसहरू यसअन्तर्गत पर्दछन् । अनुभवले खारिएका यस उमेर समूहका मानिसहरूले तार्किक, बौद्धिक भाषाको बढी प्रयोग गर्दछन् । त्यस्तै वृद्ध व्यक्तिले प्रयोग गर्ने भाषामा आफ्नो अनुभवका आधारमा दिइने उपदेशात्मक तथा परिवर्तित समाजप्रतिको आफ्नो अनविज्ञताको भाव पनि प्रकट भएको पाइन्छ । त्यस्तै धर्म संस्कारसँग सम्बन्धित शब्दहरूको प्रयोग, उखानटुक्काको प्रयोग यस उमेर अवस्थामा व्यक्तिहरूले बढी प्रयोग गर्ने गर्दछन् । जस्तै : हरेराम, हरेकृष्ण, नारायण, हे प्रभु, कल्याण गर, हे ईश्वर, हरि, अस्ताउन लागेको घाम आदि ।

### २.५.१.४ शिक्षाका आधारमा

सामाजिक पहिचानको एक महत्त्वपूर्ण आधार शिक्षा पनि हो । शैक्षिक अवस्थााका आधारमा समाजमा भाषिक भेदको जन्म हुन पुग्दछ । समाजमा शिक्षित र अशिक्षित गरी दुवै प्रकारका मानिसको जन्म हुन पुग्छ । उनीहरूले प्रयोग गरेको भाषामा स्पष्ट भेद देखिन्छ । शिक्षित वर्गले प्रयोग गर्ने भाषा स्तरीय, मानक, प्राञ्जल र लेख्य प्रकृतिको हुन्छ भने अशिक्षित वर्गले प्रयोग गर्ने भाषा अमानक, स्थानीयताको प्रभाव परेको हुन्छ । शिक्षाको आधारमा भाषिक भेदको चर्चा निम्नानुसार दुई आधारमा गर्न सकिन्छ :

(क) **शिक्षित वर्ग :** जीवन पद्धति परिवर्तन गर्ने मुख्य संवाहकको रूपमा शिक्षालाई लिन सकिन्छ । समाजमा शिक्षित वर्गले प्रयोग गर्ने भाषा शुद्ध, स्तरीय, सभ्य र मानक

प्रकृतिको हुन्छ । उच्चारण शुद्धता प्रयोगमा स्तरीयता आदि शिक्षित वर्गमा झल्किने विशेषता हुन् । जस्तै : म खाना खान्छु । भाइले भात खान्छ ।

(ख) **अशिक्षित वर्ग :** लेखपढ गर्न नजान्ने औपचारिक शिक्षाहासिल गर्न नसकेका वर्गलाई अशिक्षित वर्ग भनिन्छ । सामान्य बोलीचाली वा भाषाको उच्च रूपसँग नजिक हुनाले यो भाषा अमानक, अशुद्ध, स्तरहीन हुने गर्दछ । अशिक्षित वर्ग व्याकरणप्रति असचेत तथा अज्ञात हुनाले अमानक र कथ्य भाषाको प्रयोग गर्दछन् । जस्तै : तिमेरु, जान्चु, खान्चु आदि ।

### २.५.२ क्षेत्रीय भेद

क्षेत्रीय भेदलाई संसारका सबै भाषामा पाइने सार्वभौम अभिलक्षणका रूपमाा लिन सकिन्छ । समयको अनुक्रमसँगै कुनै पनि भाषामा क्षेत्रीय भेदको जन्म हुन पुग्दछ । प्रयोग क्षेत्रका दृष्टिले भाषाभन्दा सानो र व्यक्ति बोलीभन्दा ठूलो भाषाको मझौला रूपलाई क्षेत्रीय भेद भनिन्छ । भाषाको क्षेत्रीय भेदको अध्ययन भाषाविज्ञानअन्तर्गत भाषिका विज्ञान शाखाले गर्दछ, जसलाई भाषा भूगोल वा भाषिक भूगोल पनि भनिन्छ । कुनै पनि भाषा र त्यसका भाषिकाहरू परस्परमा बोधगम्य हुने भएकाले तिनलाई एकअर्काबाट छुट्याउन निकै कठिन हुन्छ । निकटवर्ती क्षेत्रमा त झन् भाषा र भाषिकाको बोधगम्यता अविच्छिन्न देखा पर्दछ, जसलाई क्षेत्रीय निरन्तरता भनिन्छ । यसका कारण कुन भाषिक स्वरूप कहाँबाट प्रारम्भ भयो र कहाँ पुगेर टुङ्गियो भनी पहिचान गर्न मुश्किल पर्दछ । बोधगम्यता, लेख्य व्यवस्था, व्याकरण व्यवस्था, राजनैतिक सीमाना, ऐतिहासिकता, मानकता, प्रयोजनपरकता, प्रतिष्ठा, लोकमत आदिका आधारमा भाषिकाको निर्धारण गरिन्छ र भाषाको क्षेत्रीय भेदलाई भाषिका मानचित्रमा समभाषांश रेखा खिचेर देखाइन्छ ।

### २.५.३ कालिक भेद

दुई समय बिन्दुको अन्तरबाट भाषाको कालिक भेदको जन्म हुन्छ । समयको परिवर्तनसँगै भाषामा पनि परिवर्तन हुन्छ । समयको विभिन्न कालखण्डमा प्रयोग भएका

एउटै भाषाका विभिन्न रूपहरूलाई कालिक भेद भनिन्छ (भण्डारी र पौडेल, २०६८ : ३५) । उदाहरणको रूपमा नेपाली भाषाको कालगत भेदअन्तर्गत प्राचीन, नेपाली भाषा, माध्यमिककालीन नेपाली भाषा र आधुनिक नेपाली भाषालाई लिन सकिन्छ । प्राचीन नेपालीमा संस्कृत र तिब्बती भाषाको प्रभाव थियो भने माध्यमिक नेपाली भाषामा नेवारी, हिन्दी, उर्दू, फारसी आदिको प्रभाव थियो । हालको आधुनिक नेपाली भाषा अङ्ग्रेजीबाट बढी प्रभावित देखिन्छ । यी सबै भिन्नताहरू कालिक भेदका कारण हुन् ।

### २.५.४ विषयगत भेद/प्रयोजनपरक भेद

कुनै खास विषय क्षेत्रसँग सम्बन्धित भाषिक भेदलाई प्रयोजनपरक वा विषयगत भेद भनिन्छ । यसको प्रयोग खास वक्ता र श्रोताका लागि गर्ने गरिन्छ । विषयको प्रकृतिले पनि भाषाको प्रयोगमा भिन्नता ल्याउन सकिन्छ । जस्तै : कानुन र साहित्यको भाषा, कृषि र खेलकुद क्षेत्रमा प्रयोग हुने भाषा आदिमा धेरै भिन्नता देखा पर्दछ (भण्डारी र पौडेल, २०६८ : ४४)

प्रयोजनपरक भेद एक किसिमको विशिष्ट भेद हो । यो सर्वसाधारणले प्रयोग गर्ने भाषाको सामान्य भेदभन्दा शब्दभण्डार, वाक्यगठन तथा शैली आदिमा विशेष किसिमको हुन्छ । त्यसकारण सर्वसाधारणका लागि यो भेद जटिल पनि हुन सक्छ । यस्तो भाषिक भेदलाई व्यावसायिक तथा प्राविधिक भेद भन्न सकिन्छ । अतः एउटा साहित्यकारले अर्को साहित्यकारसँग एउटा वकिलले अर्को वकिलसँग र एउटा पत्रकारले अर्को पत्रकारसँग कुराकानी गर्दा आफ्ना विषयसँग सम्बन्धित कुरा गर्ने हुँदा सामान्य व्यक्तिका लागि यो भाषा केही जटिल हुन सक्छ । त्यसकारण विषयगत भेद वा प्रयोजनपरक भेद पनि भाषाको एउटा महत्त्वपूर्ण भेद मानिन्छ ।

### २.५.५ प्रसङ्गगत भेद

प्रसङ्गपूर्ण ढङ्गले वक्ताले पृथक् पृथक् भाषाको प्रयोग गर्दछ । कुन अवस्थामा कोसँग कसरी, कस्तो भाषाको प्रयोग वक्ताले गर्दैछ भन्ने आधारमा गरिने भाषिक भेदको

प्रयोग नै भाषाको प्रसङ्गगत भेद हो (लम्साल र अन्य, २०६९ : २५) । अवस्था, स्थान र वस्तुले कुनै एउटा वस्तुलाई ठाउँअनुसार पृथक् पृथक् नामले चिनिन्छ भने त्यो भाषाको प्रसङ्गगत भेद हो । यसको दृष्टान्तको रूपमा विशेष प्रकारको कपडालाई सामान्य प्रयोगका रूपमा लत्ता कपडाका नामले, पूजाआजामा प्रयोग हुँदा विशेष प्रसाद र धरोका नामले, मृत शरीरलाई बेर्ने अवस्थामा कात्रोको नामले चिन्न सकिन्छ ।

कुनै व्यक्ति बृहत् सामाजिक परिवेशमा विभिन्न भूमिकामा रहन सक्दछ । एउटै व्यक्ति पारिवारिक सम्बन्धमा वा पेशागत रूपमा रहँदा उसले प्रयोग गर्ने भाषामा भेद देखिन्छ । यसरी देश, काल, परिस्थितिअनुसार एउटै भाषामा देखिएको विविधता नै प्रसङ्गगत भेद हो । अभिधा, लक्षणा र व्यञ्जनाका प्रसङ्गमा पनि विभिन्न प्रकारको भाषिक भेदको प्रयोग हुन्छ ।

**२.५.६ माध्यमगत भेद**

भाषाको प्रस्तुति दुई प्रकारले गरिन्छ; ती हुन् : कथ्य वा मौखिक र लेख्य वा लिखित । मूलतः भाषा भनेको ध्वन्यात्मक वा मौखिक अभिव्यक्ति नै हो तर यसलाई लेख्य चिह्नहरूको उपयोग गरी लिखित रूपमा उपयोगमा ल्याउँदा मौखिक अभिव्यक्ति लिखित अभिव्यक्तिमा स्थानान्तरित हुन्छ (भण्डारी र अन्य, २०६८ : ४६) । भाषाका यी दुई पक्षसँग एकअर्काको प्रशस्त भिन्नता पाइन्छ । स्तरीय कथ्य भाषा लेख्यको नजिक रहन्छ भने स्तरहीन भाषाको लिखित र मौखिक माध्यमको आधारमा देखिने भेदलाई माध्यमगत भेद भनिन्छ ।

## अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

अनुसन्धानका क्रममा आवश्यक पर्ने सामग्री जम्मा गर्ने पद्धति नै तथ्य वा तथ्याङ्क सङ्कलन विधि हो । अनुसन्धानको विषयक्षेत्र, उद्देश्य, सैद्धान्तिक ढाँचा आदि विभिन्न आधारमा सामग्रीको स्वरूप निर्धारण हुन्छ । शोधविधि अनुसन्धानको महत्त्वपूर्ण पक्ष हो । यसअन्तर्गत शोधका लागि उपयोग गरिने ढाँचा, चलहरू, शोधका सीमा, जनसङ्ख्याको नमुना छनोट, सामग्री सङ्कलन, सामग्री विश्लेषण तथा विभिन्न किसिमका साङ्ख्यिकीहरूको प्रयोग समेत पर्दछ । अनुसन्धानकर्ताले विषय शीर्षकअनुसार उपर्युक्त आधारहरूको प्रयोग गर्नुपर्दछ ।

कुनै पनि विषयवस्तुको बारेमा शोध, खोज गर्दा त्यसमा अध्ययन विधि र प्रक्रिया पनि अपनाउनु पर्ने हुन्छ । कुनै पनि विषयवस्तुको बारेमा यथातथ्य पत्ता लगाउनका लागि काम गर्ने तौरतरिका, ढङ्ग ढाँचा वा शैलीलाई विधि भनिन्छ । कुनै पनि अनुसन्धान कार्यलाई व्यवस्थित तरिकाले अध्ययन विश्लेषण गर्नका लागि जुन प्रविधि, मापदण्ड वा सिद्धान्तलाई आधार मानिन्छ, त्यसलाई नै अध्ययन विधि र प्रक्रिया भनिन्छ । प्रस्तुत अध्ययन '*हरिबहादुर* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा आधारित रहेको छ । यस अध्ययनका समस्याहरूमा केन्द्रित रहेर उद्देश्य प्राप्तिलाई केन्द्रबिन्दुमा राखेर निश्चित निष्कर्षसम्म पुऱ्याउनका लागि मूलतः पुस्तकालयीय अध्ययन प्रक्रियाको उपयोग गरिएको छ भने अंशतः वर्णनात्मक तथा विश्लेषणात्मक विधिका साथसाथै उद्देश्यमूलक नमुना छनोटका माध्यमबाट तथ्याङ्क सङ्कलन गरी निष्कर्षमा पुगिएको छ ।

## ३.१ सामग्रीको स्रोत

शोधार्थीले अनुसन्धानका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्षेत्र नै तथ्याङ्क सङ्कलनका स्रोतहरू हुन् । शोधार्थीले तथ्याङ्क सङ्कलन गर्नुभन्दा अगाडि तथ्याङ्क सङ्कलनका स्रोत पत्ता लगाउनु पर्दछ । अनुसन्धानमा तथ्याङ्क सङ्कलनका

स्रोतहरू दुई प्रकारका हुन्छन्  : प्राथमिक स्रोत द्वितीयक स्रोत । प्रस्तुत शोधकार्यका लागि निम्नलिखित स्रोतहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ :

**(क) प्राथमिक स्रोत**

प्रस्तुत '*हरिबहादुर* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकको अध्ययन *हरिबहादुर* उपन्यासको समाजभाषिक अध्ययनमा केन्द्रित रहने भएकाले हरिवंश आचार्यद्वारा लिखित *हरिबहादुर* उपन्यासलाई प्राथमिक सामग्रीको स्रोतका रूपमा लिइएको छ । त्यस्तै अध्ययनलाई दिगो र प्रभावकारी बनाउन उद्देश्यमूलक नमुना छनोटका माध्यमबाट प्रश्नावली प्रयोग गरी बीसजना पाठकको अभिमतलाई समेत अध्ययनको प्राथमिक स्रोतका रूपमा लिइएको छ ।

**(ख) द्वितीयक स्रोत**

प्रस्तुत शोधकार्यमा द्वितीयक सामग्रीका रूपमा शोधशीर्षकसँग सम्बन्धित विभिन्न शोधपत्र, लेख, रचना, समाज भाषाविज्ञानसँग सम्बन्धित पाठ्यपुस्तक, खोजमूलक लेख, शोधनिर्देशकका सुझाव, पत्रपत्रिका, बौद्धिक व्यक्तिबाट प्राप्त सल्लाह, भाषिक रूपमा सङ्कलित तथ्य, जातिभाषिक सूचनाहरू, सामाजिक र सांस्कृतिक लेखहरू, लैङ्गिक, वर्गीय विभेदका आधारमा सङ्कलित सूचनाहरू आदिलाई द्वितीयक स्रोतका रूपमा लिएर अध्ययनको निष्कर्षमा पुगिएको छ ।

## ३.२ तथ्याङ्क विश्लेषण

अनुसन्धानमा अनुसन्धानकर्ताले सङ्कलन गरेको प्रमाण, सूचना, आँकडा वा सङ्ख्यालाई तथ्याङ्क भनिन्छ (भट्टराई, २०७० : ७५) । छनोट गरिएका अंशबाट  सूचना तथा तथ्याङ्क सङ्कलन गरिसकेपछि ती तथ्याङ्कहरूको सत्यापन र वर्गीकरण गरिएको छ । प्रस्तुत अध्ययनलाई निश्चित उद्देश्य प्राप्ति र निष्कर्षमा पुऱ्याउन प्राथमिक स्रोत सामग्रीको रूपमा *हरिबहादुर* उपन्यासलाई अध्ययन विश्लेषणको प्रमुख सामग्रीका रूपमा र सामग्रीका रूपमा शोधपत्र, समाजभाषिक भाषाविज्ञानसँग सम्बन्धित पाठ्यपुस्तक, विज्ञको सल्लाह, सुझाव आदि सामग्री सङ्कलन गरिएको छ । त्यसैगरी मूलतः

पुस्तकालयीय अध्ययन प्रक्रिया र अंशतः वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोगका साथै उद्देश्यमूलक नमुना छनोटका माध्यमबाट प्रश्नावली प्रयोग गरेर बीसजना पाठकको अभिमतलाई समेत सङ्कलन गरी अध्ययनको निष्कर्षमा पुगिएको छ । *हरिबहादुर* उपन्यासको समाजभाषिक अध्ययनको क्रममा उपन्यासको भाषिक अध्ययनका क्रममा समाज भाषाविज्ञानको परिचय, सैद्धान्तिक पृष्ठभूमि, भाषिक भेद क्रमशः विश्लेषण गरिएको छ । साथै वर्ग, लिङ्ग, उमेर र शैक्षिक अवस्थाका आधारमा *हरिबहादुर* उपन्यासका पात्रहरूले प्रयोग गरेको भाषाको भाषिक विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

## अध्याय चार

# वर्ग, लिङ्ग, उमेर र शैक्षिक आधारमा उपन्यासका पात्रहरूको वर्गीकरण

समाजमा बसोबास गर्ने मानिसहरू विभिन्न किसिमका वर्ग, लिङ्ग, उमेर, शिक्षा, जाति, पेशा, धर्म जस्ता पक्षहरूसँग सम्बन्धित हुने गर्दछन् । यिनै विविध किसिमका अङ्गहरूबाट सामाजिक संरचना तय हुने गर्दछ । समाजका सम्पूर्ण व्यक्तिहरू यिनै वर्ग, लिङ्ग, उमेर, शिक्षा, पेशा, धर्म आदिका आधारमा भिन्न हुने गर्दछन् । भाषा प्रयोगमा एउटै भाषा प्रयोग गर्ने व्यक्तिहरूबीच पनि विविधता भेट्न सकिन्छ । यी माथिका आधारहरूमा हरिबहादुर उपन्यासका पात्रहरूलाई वर्गीय, लैङ्गिक, शैक्षिक र उमेरगत अधारमा यसरी वर्गीकरण गर्न सकिन्छ :

**तालिका नं. १**

**वर्गगत, लिङगगत, उमेरगत र शैक्षिक आधारमा पात्रहरूको वर्गीकरण**

| क्र.सं. | पात्रहरू | वर्ग | | | लिङ्ग | | उमेर | | | | शिक्षा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उच्च | मध्यम | निम्न | महिला | पुरुष | बाल | युवा | प्रौढ | वृद्ध | शिक्षित | अशिक्षित |
| १. | हरिबहादुर | − | − | + | − | + | − | + | − | − | − | + |
| २. | अलैची | − | − | + | + | − | − | + | − | − | − | + |
| ३. | बैठके बूढो | − | − | + | − | + | − | − | − | + | − | + |
| ४. | राजा | + | − | − | − | + | − | − | + | − | + | − |
| ५. | रानी | + | − | − | + | − | − | − | + | − | + | − |
| ६. | बूढो गोठालो | − | − | + | − | + | − | − | − | + | − | + |
| ७. | धनबहादुर | − | − | + | − | + | − | − | + | − | − | + |
| ८. | साहूजी | − | + | − | − | + | − | − | + | − | + | − |
| ९. | पूर्णबहादुर | − | + | − | − | + | − | − | + | − | − | + |
| १०. | कमली आमा | − | − | + | + | − | − | − | − | + | − | + |
| ११. | तिर्थे | − | + | − | − | + | − | + | − | − | − | + |
| १२. | खेमबहादुर | − | + | − | − | + | − | − | + | − | + | − |
| १३. | खडेबाबा | − | − | + | − | + | − | − | + | − | − | + |

| क्र.सं. | पात्रहरू | वर्ग | | | लिङ्ग | | उमेर | | | | शिक्षा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उच्च | मध्यम | निम्न | महिला | पुरुष | बाल | युवा | प्रौढ | वृद्ध | शिक्षित | अशिक्षित |
| १४. | अलैचीकी आमा | − | + | − | + | − | − | − | + | − | − | + |
| १५. | कृष्णकान्त | − | + | − | − | + | − | − | + | − | + | − |
| १६. | जर्साब | + | − | − | − | + | − | − | + | − | + | − |
| १७. | दुलही | + | − | − | + | − | − | − | + | − | + | − |
| १८. | बेखालाल | − | + | − | − | + | − | − | + | − | − | + |
| १९. | रुक्मिणी | − | + | − | + | − | − | + | − | − | − | + |
| २०. | मदनबहादुर | − | + | − | − | + | − | − | + | − | + | − |
| २१. | वेदप्रकाश | − | − | + | − | + | − | − | − | + | + | − |
| २२. | प्रधानपञ्च | + | − | − | − | + | − | − | + | − | + | − |
| २३. | शेरेभालु | − | + | − | − | + | − | − | + | − | + | − |
| २४. | कृष्णे | − | − | + | − | + | + | − | − | − | − | + |
| २५. | जेलर | − | + | − | − | + | − | − | + | − | + | − |
| २६. | मुरली | − | + | − | − | + | − | − | + | − | + | − |
| २७. | टुने | − | − | + | − | + | − | + | − | − | − | + |
| २८. | सानीकान्छी | − | − | + | + | − | − | + | − | − | − | + |
| २९. | रुक्मिणी आमा | − | + | − | + | − | − | − | + | − | − | + |
| ३०. | भुन्टेकाजी | − | + | − | − | + | − | − | + | − | − | + |
| ३१. | लाहुरे | − | + | − | − | + | − | − | + | − | − | + |
| ३२. | पशुपति बूढो | − | + | − | − | + | − | − | − | + | − | + |

माथिको तालिकाअनुसार उपन्यासका पात्रहरूलाई वर्गीय, उमेर, शैक्षिक र लैङ्गिक आधारमा वर्गीकरण गरिएको छ ।

*हरिबहादुर* उपन्यासमा वर्गीय आधारमा उच्च, मध्यम र निम्न वर्ग रहेका छन् । उपन्यासमा भएका जम्मा बत्तीसजना पात्रहरूमध्ये पाँचजना उच्च वर्गका पात्रहरू रहेका छन् । जसमा राजा, रानी, जर्साब, दुलही र प्रधानपञ्च रहेका छन् । यिनीहरूले आदेशात्मक, निर्देशनात्मक भाषाको प्रयोग गर्नुका साथै उच्च वर्गले प्रयोग गर्ने भाषा बक्सनु, सरकार आदिजस्ता भाषाको प्रयोग गरेका कारण यिनीहरूलाई उच्च वर्गमा

राखिएको हो । उच्च वर्गका पात्रहरूले निम्न र मध्यम वर्गका मानिसहरूलाई आदेश दिएर उनीहरूमाथि आफ्नो हैकम जमाएर आफू उच्च वर्ग भएको प्रस्ट्याएका छन् । यस्तै बत्तीसजना पात्रहरूमध्ये सोह्रजना मध्यम वर्गीय पात्रहरू पर्दछन् । जस्तै : साहुजी, पूर्णबहादुर, तिर्थे, कृष्णकान्त, बेखालाल, मदनबहादुर आदि मध्यम वर्गीय पात्रहरू हुन् । मध्यम वर्गीय पात्रहरूले स्तरीय मानक नेपाली भाषाको प्रयोग गरेको पाइन्छ । निम्न वर्गमा एघारजना पात्रहरू पर्दछन् । जस्तै : हरिबहादुर, अलैची, बैठके बूढो, बूढो गोठालो, कमली आमा आदि रहेका छन् । सामाजिक र शैक्षिक अवस्थाका कारण निम्न वर्गहरूले प्रयोग गरेका भाषामा स्थानीय कथ्य भेद, अनादर, गाली गलौजको भाषा प्रयोग गरेको पाइन्छ ।

समग्र उपन्यासलाई वर्गीय आधारमा हेर्दा उपन्यासमा भएका जम्मा बत्तीसजना पात्रहरूमध्ये पाँचजना उच्च, सोह्रजना मध्यम र एघारजना निम्न वर्गीय पात्रहरू रहेका छन् । उच्च र निम्न वर्गका तुलनामा मध्यम वर्गीय पात्रहरू बढी रहेका छन् ।

उमेरका आधारमा पात्रहरूलाई बाल, युवा, प्रौढ र वृद्ध गरी वर्गीकरण गरिएको छ । जम्मा बत्तीसजना पात्रहरूमध्ये बालपात्र धनबहादुर र कृष्णे, युवापात्र हरिबहादुर, अलैची, तिर्थे, बेखालाल, टुने, सानी कान्छी, प्रौढ पात्र राजा, रानी, साहुजी, पूर्णबहादुर, खेमबहादुर, कृष्णकान्त, जर्साब, दुलही आदि र वृद्ध पात्र बैठके बूढो, बूढो गोठालो, कमली आमा, वेदप्रकाश र पशुपति बूढो रहेका छन् । समग्रमा बाल, युवा, प्रौढ र वृद्ध पात्रको वितरणलाई हेर्दा उपन्यासमा उमेरका आधारमा पात्रहरूको वर्गीकरण असमान रहेको पाइन्छ ।

शिक्षाका आधारमा पात्रहरूलाई शिक्षित र अशिक्षित गरी वर्गीकरण गरिएको छ । उपन्यासका पात्रहरूमध्ये सोह्रजना पात्र अशिक्षित रहेका छन्, जस्तै : हरिबहादुर, अलैची, बैठके बूढो, बूढो गोठालो, धनबहादुर आदि । त्यस्तै शिक्षित पात्रहरू पनि सोह्रजना रहेका छन् । जस्तै : राजा, रानी, साहुजी, खेमबहादुर, कृष्णकान्त, जर्साब, दुलही आदि ।

समग्र उपन्यासमा शिक्षित र अशिक्षित पात्रहरूको उपस्थिति हेर्दा दुईवटै समान सोह्र/सोह्रजना रहेको पाइन्छ । शिक्षित पात्रहरूले प्रयोग गरेको भाषामा स्तरीयता, शुद्धता, बौद्धिकता, आदर र सबैले बुझ्ने खालको भाषाको प्रयोग गरेको पाइन्छ भने अशिक्षित पात्रहरूले प्रयोग गरेको भाषामा स्तरीयता, शुद्धता, आदर र सम्मान पाउन सकिँदैन ।

लिङ्गका आधारमा समग्र उपन्यासलाई वर्गीकरण गर्दा जम्मा बत्तीसजना पात्रहरूमध्ये अलैची, रानी, कमली आमा, अलैचीकी आमा, दुलही, रुक्मिणी र सानी कान्छी गरी जम्मा सातजना महिला पात्र रहेका छन् । त्यसैगरी हरिबहादुर, बैठके बूढो, राजा, बूढो गोठालो, धनबहादुर, पूर्णबहादुर, तिर्थे, खेमबहादुर, खडेबाबा, कृष्णकान्त, जर्साब आदि गरी पच्चीसजना पुरुष पात्र रहेका छन् । समग्र उपन्यासलाई हेर्दा महिला पात्रको तुलनामा पुरुष पात्र बढी रहेकाले लिङ्गका आधारमा पात्रहरूको वितरण असमान जस्तो देखिन्छ ।

# अध्याय पाँच

# वर्ग, लिङ्ग, शिक्षा र उमेरका आधारमा पात्रहरूले प्रयोग गरेको भाषाको विश्लेषण

पात्रहरूले प्रयोग गरेको भाषिक स्थितिको विश्लेषणअन्तर्गत वर्गीयताका आधारमा उच्च, मध्यम र निम्न वर्ग रहेका छन् । लिङ्गका आधारमा महिला र पुरुष रहेका छन् । शिक्षाका आधारमा शिक्षित र अशिक्षित रहेका छन् भने उमेरका आधारमा बाल, युवा, प्रौढ र वृद्ध रहेका छन् । यिनीहरूको विस्तृत चर्चा निम्नानुसार गरिएको छ :

## ५.१ वर्गीयताका आधारमा उपन्यासका पात्रहरूको भाषिक विश्लेषण

समाज र वर्ग भनेको एकै रथका दुई पाङ्ग्रा हुन् । जहाँ समाज रहन्छ, त्यहाँ वर्ग पनि रहेको हुन्छ । समाजमा रहेको वर्गले सामाजिक भेदलाई देखाउँछ र त्यहीअनुसारको सामाजिक भाषिका पनि विकास हुने गर्दछ । वर्ग भन्नाले उसको पारिवारिक स्तरसहित वा आर्थिक स्तरसँगै व्यावसायिक पेशा पनि जोडिन आउँछ । हाकिम र कामदार बीचको भाषिक प्रयोगमा आउने फरकले नै वर्गीय सामाजिक ढाँचाअनुसार भाषिक ढाँचा रहने कुरालाई परिवर्तनको अध्ययन गर्दा मध्यम वर्ग, निम्न वर्ग, मध्यम मजदुर वर्ग, निम्न मजदुर वर्ग, उच्च मजदुर वर्ग गरी पाँच वर्गमा विभाजन गर्न सकिन्छ । *हरिबहादुर* उपन्यासमा उच्च, मध्यम र निम्न गरी तीन वर्गमा राखेर अध्ययन गर्न सकिन्छ ।

अतः *हरिबहादुर* उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषालाई वर्गीय आधारमा विश्लेषण गर्नुपर्ने हुँदा यहाँ रहेको समाज, यहाँ रहेको वर्गीय तह र पात्रको स्थितिलाई प्रथमतः केलाउनु आवश्यक छ । *हरिबहादुर* उपन्यासमा उक्त समाजमा देखिएका वर्गीय अवस्थालाई तीन वर्गमा राखेर अध्ययन गर्न सकिन्छ, जुन देहायबमोजिम छन् :

### ५.१.१ उच्च वर्गीय पात्रहरूको भाषिक विश्लेषण

समाजमा रहेका व्यक्ति वा सदस्यहरू जो आर्थिक स्थितिका हिसाबले सबल रहेका छन् , त्यस्ता समूहलाई समाजले उच्च वर्गको स्थान दिएको हुन्छ । यिनीहरू समाजका

हरेक पाटामा बढी अवसरको उपयोग गर्न पाउँछन् । तसर्थ उनीहरूले प्राप्त गरेको भाषा परिष्कृत हुँदै मानक भाषाको प्रयोग प्रायः उच्च वर्गका मानिसहरूले गर्ने गर्दछन् । विशेष शब्दावली, औपचारिक भाषाको प्रयोग, आदरार्थी भाषाको प्रयोग यस्ता वर्गका सदस्यहरूले गर्ने गर्दछन् । शिष्ट, स्तरीय भाषाको प्रयोग गर्नु यस वर्गको विशेषता हो । आफूभन्दा निम्न आयस्तर भएका वा तल्लो वर्गका व्यक्तिहरू माथि हैकमवादी भाषाको समेत प्रयोगले उनीहरूको उच्च अहम्ताको बोध गराउँदछ । उदाहरणका रूपमा उच्च वर्गले प्रयोग गर्ने केही शब्दहरू आइस्योस्, बक्सिस्योस्, हजुर, पिताज्यू आदि जस्ता भाषाको प्रयोग गरेको पाइन्छ । अतः उच्च वर्गीय पात्रहरूले प्रयोग गरेको भाषिक संवादका केही अंशहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- “इस खालास् तेरीमा लुच्चो, यसले जानीजानी कोया चिप्लाएर थालमा पुऱ्याएको हो, यो एकदमै लुच्चो रहेछ । यसलाई हाम्रो गोठमा राख्नुहुन्न, यसले हाम्रो गोठै चोरेर खाइदिन्छ ।” (पृ. २)
- “ए मोरा भतुवा तैंले त्यो रुख किन काटिस् ? पख् तेरो जात्रा हुन्छ आज, जर्साब सवारी भएपछि तेरो छाला उतारिबक्सिन्छ ।” (पृ. १०)
- “त्यसो भए यही घरमा बस न त, काम गर, दुवैजनालाई खाइलाई मैनाको पच्चीस पच्चीस रूपैयाँ पनि दिउँला ।” (पृ. ६०)
- “अहिले नै त्यो बैठके बूढोलाई गाडी लिन पठाइबक्स्योस् न ।” (पृ. ७९)
- “ल हेरी बक्सिस्योस् जर्साब । यो सेफमा भएको मुगाको टप हो, मलाई बिहेमा मामा हजुरले बक्सेको ।” (पृ. ८३)
- “तेरीमा भतुवा काम नपरी किन आउने रे ? तैंले लगेको पैसाको साउँब्याज तिरिस् ।” (पृ. १६५)

माथि उल्लिखित भाषिक संवादलाई हेर्दा उच्च वर्गीय पात्रहरूले प्रयोग गरेको भाषामा इस् खालास् तेरीमा लुच्चो, यसले हाम्रो गोठै चोरेर खाइदिन्छ, ए मोरा भतुवा, तेरो छाला उतारी बक्सिन्छ, दुवैजनालाई खाइलाई मैनाको पच्चीस पच्चीस रूपैयाँ पनि

दिउँला, गाडि लिन पठाइबक्स्योस् न, मामा हजुरले बक्सेको, साउँ ब्जाय तिरिस् आदि जस्ता भाषिक रूपको प्रयोग गरेको पाइन्छ । यसरी समाजमा यस्ता ठूला ठालु सामन्त वर्गको आदेश दमनलाई तल्ला वर्गका मानिसले मान्नुपर्नेभन्ने सन्दर्भ प्रस्तुत गरिएको छ । समाजमा हुने खाने वर्गमा पर्ने राजा, रानी, जर्साब, दुलही जस्ता व्यक्तिले तल्ला वर्गका व्यक्तिलाई तुच्छ शब्दद्वारा गाली गर्न प्रयोग गरेका भाषिक संवादले उच्च वर्गीय व्यक्तिहरूको भाषा प्रयोगको स्थिति बोध गराउँछ । त्यसैले यिनै संवादका आधारमा उच्च वर्गले प्रयोग गर्ने भाष मध्यम र निम्न वर्गको भाषाभन्दा भिन्न रहेको पाइन्छ । उच्च वर्गका पात्रले प्रयोग गर्ने भाषामा निम्न वर्गप्रति अपहेलित, घृणा, गाली गलौज र निर्देशनात्मक भाषाको प्रयोग गरेको पाइन्छ भने आफ्नो स्तरको व्यक्तिसँग उच्च आदरार्थी, शिष्ट, सभ्य र औपचारिक भाषाको प्रयोग गरेको पाइन्छ ।

### ५.१.२ मध्यम वर्गीय पात्रहरूको भाषिक विश्लेषण

*हरिबहादुर* उपन्यासमा समाजको यथार्थ पक्षलाई देखाएको छ । मध्यम वर्गीय समुदायले प्रयोग गर्ने भाषिक भेद नै वास्तविक भेद हो । मध्यम वर्गीय समुदायको भाषामा उच्च वर्गको जस्तो देखावटीपन र निम्न वर्गको जस्तो भाषिक क्षुद्रता हुँदैन । यस उपन्यासमा मध्यम वर्गीय पात्रहरूको बढी प्रयोग भएको छ । मध्यम वर्गीय पात्रहरूमा साहुजी, पूर्णबहादुर, तिर्थे, कृष्णकान्त, बेखालाल, रुक्मिणी आदि पात्रहरू रहेका छन् । उक्त पात्रहरूको संवादलाई यहाँ उल्लेख गरिएको छ ।

- “लौन हरिबहादुर अब राम्रो बाटोमा हिडे । यस्तो गलत बाटो त्याग्नु तिम्रो जीवन राम्रो होस् ।” (पृ. ११३)
- “हत्तेरी हरिबहादुर मासु त हामीले पनि खायौँ बेकारमा खाएजस्तो भयो । चोरीको कुरा एक्लै खाए पाप लाग्छ भनेर हाम्लाई पनि बाँडेको हो कि क्या हो ।” (१२१)
- “तिमीजस्तो बुद्धिमानलाई मैले के बुद्धि सापट दिनु नि । ल छिटो भन के कामले आयौ ?” (पृ. १७०)

- "तिमी त यो गाउँको जुवा, तास, जाँड, रक्सीको नेता भइसक्यौ, ठूलो नाम छ । बरु राष्ट्रिय जुवाडे पाटी भनेर खोल, राष्ट्रिय जड्याहा पाटी भनेर खोल ।" (पृ. १७१)
- "धारेहाते लगाएर सराप्दा आफ्नो बुढी औँलाले आफैँलाई देखाएको हुन्छ । थाहा छ कि छैन ए अलैची ।" (पृ. १८६)
- "मैले देखिसक्या छु, एकदिन तँ भुक्दै हिँड्छस् तेरो हैसियत भुक्नेको जस्तै हुन्छ ।" (पृ. २४१)

माथिका संवादमा मध्यम वर्गको प्रतिनिधित्व गरिएको छ । तिम्रो जीवन राम्रो होस्, पाप लाग्छ भनेर हाम्लाई पनि बाँडेको हो कि क्या हो, बुद्धि सापट दिनु नि, जड्याहा पाटी भनेर खोल, आफ्नो बूढी औँलाले आफैँलाई देखाएको हुन्छ, तेरो हैसियत भुक्नेको जस्तै हुन्छ आदिजस्ता संवादले मध्यम वर्गीय संवादमा देखाएको छ । प्राय जसो यस वर्गले प्रयोग गर्ने भाषाले व्यापकता पाएको छ । हरेक काम, कारोबार, अवसर सहभागितामा उनीहरूको उपस्थिति मध्यम किसिमकै हुनाले उनीहरूले प्रयोग गर्ने भाषामा पनि केही मात्रामा परिस्कृत रूप भेटिन्छ । अतः यस वर्गका व्यक्तिहरूको सम्पर्क पनि समाजमा व्यापक रूपमा रहेको देखिन्छ । साथै यिनीहरूले सामान्य बोलीचालीको भाषा परिवेशअनुकूलको मानक भाषाको प्रयोग गर्ने गर्दछन् । उदाहरणका रूपमा माथिका वाक्यहरूमा आफूभन्दा ठूलालाई आदरार्थी र समान स्तरका साथी वा मित्रलाई सम्मान र सद्भाव तथा सानालाई तिमी, तँ जस्ता भाषाको प्रयोग पाइन्छ । समग्रमा भन्नुपर्दा यस वर्गका भाषिक वक्ताले न त निम्न स्तराको न त उच्च स्तरको भाषिक रूपको प्रयोग गरेकाले यसलाई मध्यम वर्गको भाषाको रूपमा लिन सकिन्छ ।

### ५.१.२ निम्न वर्गीय पात्रहरूको भाषिक विश्लेषण

*हरिबहादुर* उपन्यासको समग्र कथानक र उद्देश्यको अन्तरवस्तु निम्न वर्गीय पात्रहरूको सेरोफेरोमा केन्द्रित रहेकाले यस उपन्यासको भाषिक पक्ष पनि निम्न वर्गभित्रका पात्रहरूमा जीवन्त बनेको देखिन्छ । *हरिबहादुर* उपन्यासका प्रमुख निम्न

वर्गीय पात्रहरूमा हरिबहादुर अलैची, कमली आमा, बैठके बूढो, कृष्णे, वेदप्रकाश, खडेबाबा यस उपन्यासका प्रमुख निम्न वर्गीय पात्रहरू हुन् । यस बाहेक अन्य निम्न वर्गीय पात्रहरू पनि यस उपन्यासमा रहेका छन् । जसले उपन्यासमा थप सुगठित र ओजपूर्ण बनाएका छन् । यस उपन्यासका निम्न वर्गीय पात्रहरूले प्रयोग गरेका भाषिक संवादलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- "ए हजुर एकमुठी चामल पाए पनि जय मनाएर खान्थे हजुर ।" (पृ. ८)
- "राजा यसलाई पनि यही घरमा राखी बक्सियोस्, यसले हजुरको सेवा गरेर बस्छ ।" (पृ. ८)
- "खै हजुर कतै भाँडासाँडा माझेर बसौला हजुर, साग र सिस्नु खाएको वेश आनन्दी मनले । सानैदेखि काकाले जीउभरी काँचो सिस्नु ख्वाएर हुर्काए काँचो सिस्नु खाएर हुर्केकाले पकाएको सिस्नु खान सकिहाल्छु नि !" (पृ. ६०)
- "बाबुसाहेब ! हजुर मेरा लागि बाबुसाहेब मात्र होइन बासाहेब नै होइबक्सनछ ।" (पृ. ६०)
- "दुःख पर्दा आफ्नो देउता कहाँ प्रभु भन्न नआएर कहाँ जाने त तै पनि काजीले सबैलाई ऋण दिनुहुन्छ । मेरो त हकै लाग्छ, आफ्नो भगवान् कहाँ भक्तले माग्न नपाउने ।" (पृ. १५४)
- "सत्तरी हजार जति जम्मा गर्न पाए पनि अरबतिर काम गर्न जान्थे । यस्तो काम गर्दिन थिए बा ।" (पृ. २०२)

माथि उल्लिखित संवादहरू निम्न वर्गले प्रयोग गरेका भाषिक संवादहरू हुन् । जस्तै : चामल पाए जय मनाएर खान्थे हजुर, यसले हजुरको सेवा गरेर बस्छ, कतै भाँडा साँडा माझेर बसौला हजुर, पकाएको सिस्नु खान सकिहाल्छु नि, बा साहेब नै होइबक्छि, आफ्ना् भगवान् कहाँ भक्तले माग्न नपाउने, अरबतिर काम गर्न जान्थे आदि भाषिक रूपले निम्न वर्गीय भाषाको प्रतिनिधित्व गरेको छ । निम्न वर्गले प्रयोग गर्ने भाषामा खासगरी यस उपन्यासमा उच्च वर्गको जस्तो सामन्ती हैकम एवम् शोषणमूलक भाषा

नभई विवश दमित आवाजहरू भेटिन्छन् । माथिका संवादहरूले समाजमा भएका निम्न वर्गले आफ्नो दिनचर्यामा गरेको कठोर मेहनत र स्वतन्त्रता हक, अधिकारबाट वञ्चित अत्यन्तै दिनहीन अवस्थाको चित्रण यस उपन्यासमा गरेको छ भने अर्कोतर्फ समाजमा रहेका विद्यमान तमाम निम्न वर्गीय युवाहरू जो रातारात सम्पन्न बन्ने सपनाको चक्रब्यूमा रमाएका छन् र सम्पन्न बन्न जस्तोसुकै कर्म गर्न पछि हट्दैनन् । त्यस्ता चरित्रको समेत भाषा र मनोवृत्तिलाई उपर्युक्त उदाहरणले प्रस्ट पारेको छ ।

यसरी समाजमा देखिने भाषिक भेदलाई *हरिबहादुर* उपन्यासभित्र वर्गीय रूपमा विभाजित पात्रहरूका माध्यमबाट स्पष्ट रूपमा छुट्याउन सकिन्छ । उनीहरूले प्रयोग गरेको भाषामा वर्गीय विशेषता छरपस्ट रूपमा देखिन्छ भने यी भाषिक प्रयोगबाट सहजै प्रचुर मात्रामा सामाजिक भेद रहेको छ भन्ने कुरा उल्लेखित उदाहरणहरूमा देख्न सकिन्छ । साथै वर्गीयताका कारण भाषिक प्रयोगमा प्रभाव पर्दछ र वर्गीय पक्ष भाषिक प्रयोगमा सशक्त हुन्छ भन्ने कुराको स्पष्ट आधार समेत पाउन सकिन्छ ।

## ५.२ लैङ्गिक आधारमा उपन्यासका पात्रहरूको भाषिक विश्लेषण

लिङ्गगत आधारमा पनि भाषा प्रयोगमा भिन्नता देखिन्छ । एउटै समाज र एउटै परिवारभित्र पनि महिला र पुरुषले प्रयोग गर्ने बोलीमा विभेदहरू भेटिन्छन् । भाषिक प्रयोगकै हिसाबबाट प्रायः भाषामा महिला हो कि पुरुष हो छुट्याउन सकिने हुन्छ । यसका साथै ध्वन्यात्मक गुण, रङ्गको विभेद गर्ने समता र शब्दभण्डारका दृष्टिले धेरैजसो भाषामा महिला र पुरुषको भाषा प्रयोगमा भिन्नता देखाउन सकिछ । *हरिबहादुर* उपन्यासभित्रको लैङ्गिक अवस्थालाई देखाउँदै लैङ्गिक भाषिक अवस्थाको विश्लेषण गरिएको छ । साथै लैङ्गिक अवस्थाका कारण देखिएको भाषिक भेदलाई समेत यहाँ देखाउने प्रयास गरिएको छ :

### ५.२.१ महिला पात्रहरूको भाषिक विश्लेषण

प्रकृतिले गरेको भेद लिङ्ग हो । मानवीय समाजका सन्दर्भमा लिङ्ग भन्नाले महिला र पुरुषलाई इङ्गित गर्दछ । महिला र पुरुषको सहृदयी व्यवहारमा पनि फरक

पाउन सकिन्छ, यो कुरा मौखिकभन्दा लिखित भाषामा स्पष्ट छुट्याउन सकिन्छ । महिलाको बोलीमा तालकीकृत कण्ठ्य स्पर्श ध्वनिका साथै सुकोमल, सरल, सरस भाषाको प्रयोग पाइन्छ । *हरिबहादुर* उपन्यासमा देखिएको महिला पात्रको भाषिक प्रयोगको स्थितिलाई निम्नानुसार देखाउन सकिन्छ :

- "कस्तो बेलामा जन्मेछ यो ? बाउ आमा पनि मरेर गए, नत्र आफ्नो छोरो आफैं स्याहार्थे । मैले त नसक्ने भएँ । हे भगवान्, मैले के गर्ने होला ?" (पृ. २९)
- "जीउ पनि तेरो भुङ्ग्रो जस्तो तातो भएको छ । निमको धुलो भिजाइदिएकी छु स्वाट्टै पार ल ।" (पृ. ३५)
- "मलाई त फेरि फेरि गहना लाउन मन लागेको थियो ।" (पृ. ७२)
- "ए त्यो कुरा फुकाल । यो सिक्री पनि फुकाल । सबै मेरो हो ।" (पृ. ८४)
- "यो जन्म्यो यसको माया लाग्छ नत्र म भीरबाट हाम फालेर मर्थे । सधैंको यो रडाको कति सुन्नु मैले ।" (पृ. ११२)
- "म त्यस्तो भएको भए त अरुसँग पनि त पोइल जान सक्थे नि ! तिमीलाई कुरेर बस्थे ? तिमी नहुँदा कस्ता कस्ता ताक्थे ।" (पृ. ११८)

माथि उल्लिखित उदाहरणहरू *हरिबहादुर* उपन्यासमा प्रयुक्त महिला पात्रले प्रयोग गरेका भाषिक संवादका हुन् । जसले महिलाले प्रयोग गर्ने भाषिक अवस्थालाई स्पष्ट पारेका छन् । जस्तै : कस्तो बेलामा जन्मेछ यो, फुकाल, यो जन्म्यो यसको माया लाग्छ, अरुसँग पनि पोइल जान सक्थे, तिमी नहुँदा कस्ता कस्ता ताक्थे आदि कुराले महिला पात्रको भाषालाई सङ्केत गरेको छ । यस उपन्यासमा अलैची, रानी, दुलही, कमली आमा, रुक्मिणी जस्ता महिला पात्रहरू देखा परेका छन् । साथै यिनीहरूले प्रयोग गरेको भाषामा कोमलता, सरलता, स्नेहीपन, भावुकता जस्ता संवेगहरूको प्रयोग पाइन्छ । जसले गर्दा प्रयुक्त संवादहरू महिला पात्रहरूले प्रयोग गरेका संवाद भन्न उपयुक्त रहेको देखिन्छ ।

### ५.२.२ पुरुष पात्रहरूको भाषिक विश्लेषण

भाले वा पुरुष जातिलाई बुझाउन प्रयोग गरिने शब्दलाई पुरुष भनिन्छ । पुरुषहरू कठोर स्वभावका हुने भएकाले उनीहरूले प्रयोग गरेको भाषामा कठोरता, तार्किकता, वैचारिकता, निर्णयात्मकता, आदेशात्मकता, निर्देशनात्मक जस्ता विशेषता पाइन्छन् । अतः *हरिबहादुर* उपन्यासमा प्रयुक्त पुरुष पात्रहरूको भाषा निम्नानुसार रहेको छ :

- "आइन्दा तैँले मेरो छोराले चोरेर ल्याएको भाँडाकुँडा, अन्नपात, गरगहना केही किनेको थाहा पाए भने तँलाई यो गाउँमा बस्ने नसक्ने बनाइदिन्छु, ढाड खुस्काइदिन्छु बुझिस् ।" (पृ. ३३)
- "तिमी धेरै बढ्ता नबोल काकी मेरो विषयमा त बोल्दै नबोल यसो बोले कसो होला ।" (पृ. ५४)
- "ए हरिबहादुर तैँले कसलाई भन्या ? तँलाई समातेर उचालेर पछारिदिऊँ ? घर जान पाउने दिनमा घाटमा लग्नुपर्ला ।" (पृ. ११३)
- "तेरो घुचुकमा हानेर थुचुक्क बसाइदिऊँ । बरु म फेरि जेल जाउँला बुझिस् ।" ( पृ. १२२)
- अब भोलि बिहानै हामी जाने । तँ पनि हिँड् । तेरो रोग झिकेर आउनु पऱ्यो सहर गएर । लाहुरेको पैसामा ओखती गर्नुपर्छ । भात पकाइस् ।" (पृ. २१८)
- "अलि लम्किन के चिप्ले किरा हिँडे जस्तै गरी हिँडेकी । तेरो बाजे लाहुरे आउँला ?" (पृ. २१९)

माथि उल्लिखित संवादहरू पुरुष पात्रले प्रयोग गरेका संवाद हुन् । पुरुष पात्रहरूमा हरिबहादुर, प्रधानपञ्च, मदनबहादुर, जर्साब, सेरेभालु, बेखालाल आदि रहेका छन् । ढा खुस्काइदिन्छु बुझिस्, तिमी धेरै बढ्ता नबोल, तँलाई समातेर उचालेर पछारिदिऊ, तेरो घुच्रुकमा हानेर थुचुक्क बसाइदिउँ, भात पकाइस्, तेरो बाजे लाहुरे आउँला जस्ता भाषिक स्वरूपहरू रहेका छन् । पुरुष पात्रले प्रयोग गरेको भाषामा कठोरता, तार्किकता, वैचारिकता, निर्णयात्मकता, आदेशात्मकता, ठाडो र ठर्रापना पनि

पाइन्छ । पुरुष पात्रहरूको बोलीमा तालव्यीकृत, दन्त्य स्पर्श ध्वनि पाइन्छ । यसरी लिङ्गका आधारमा *हरिबहादुर* उपन्यासमा पुरुष पात्रले प्रयोग गरेको भाषालाई सहजै छुट्याउन सकिन्छ ।

यसरी समग्रमा *हरिबहादुर* उपन्यासका पुरुष र महिला पात्रहरूले प्रयोग गरेको भाषामा स्पष्ट विभेद देखिन्छ । उनीहरूले प्रयोग गरेको भाषिक संवादमा आ–आफ्नै प्रकृतिका विशेषता रहेका छन्, जसमा कठोरता, बौद्धिकता, आदेशात्मकता, निर्देशनात्मकता जस्ता विशेषता पुरुष पात्रले प्रयोग गरेको भाषामा देखिन्छन् भने कोमलता, सहृदयता, स्नेहीयता, ममतामयी स्वभाव, निरीहता, विवशता जस्ता विशेषताहरू महिला पात्रहरूले प्रयोग गरेको भाषिक संवादमा भेटाउन सकिन्छ ।

## ५.३ शैक्षिक आधारमा उपन्यासका पात्रहरूको भाषिक विश्लेषण

भाषिक भेद सिर्जना गर्ने प्रमुख कारक तत्त्व शिक्षालाई पनि लिन सकिन्छ । शैक्षिक चेतनाको अभावले नै भाषिक भेद सिर्जना गर्दछ । समाजमा भाषालाई स्तरीय, शुद्ध र मानक बनाउन शिक्षाको अहम् भूमिका रहेको हुन्छ । यसर्थ शिक्षित व्यक्तिले प्रयोग गर्ने भाषा मानक र स्तरीय हुन्छ भने अशिक्षित व्यक्तिले प्रयोग गर्ने भाषामा अमानक र अशुद्ध भाषिकाबाट प्रभावित भाषाको प्रयोग भएको हुन्छ । शिक्षित र अशिक्षित व्यक्तिको शब्दचयन, भाषिक उच्चारण, शैली र विषयवस्तु प्रतिपादन प्रक्रियामा स्पष्ट भेद देखिन्छ । यस्तै शिक्षित व्यक्तिले लिखित र मौखिक दुवै रूपमा भाषिक व्यवहार गर्दछन् । *हरिबहादुर* उपन्यासमा शैक्षिक दृष्टिकोणका आधारमा अशिक्षित पात्रहरू र शिक्षित पात्रहरू बराबर सोह्र/सोह्रजना रहेका छन् । यिनीहरूको भाषिक अवस्था भिन्न देखिएको छ, जसको अध्ययन निम्नानुसार गरिएको छ :

### ५.३.१ शिक्षित पात्रहरूको भाषिक विश्लेषण

समाजमा जुन वर्गले मानक, स्तरीय, शुद्ध भाषाको प्रयोग व्यवहार गर्दछन्, त्यस्ता व्यक्ति अर्थात् वर्गलाई शिक्षित वर्ग भनिन्छ । घर परिवार समाजको वातावरणको कारणले

पनि भाषामा फरकपन आउँछ । कुनै व्यक्ति निम्न स्तरकै भए पनि उसको भाषिक वातावरणको कारणले स्तरीय भाषाको प्रयोग गर्न सक्छ । शिक्षित व्यक्तिको शब्दचयन, भाषिक उच्चारण, शैली र विषयवस्तु प्रतिपादन प्रक्रियामा स्पष्ट भेद पाउन सकिन्छ । प्रस्तुत *हरिबहादुर* उपन्यासमा शिक्षित वर्गले प्रयोग गरेको भाषालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- "भोलि नै अर्दली लगाएर पुऱ्याउन पठाइ दिन्छु । बरु भोकायो होला भातसात खान दिनु त्यसलाई ।" (पृ. ७)
- "यो उमेर भनेको आइलाग्यो भने जाइलाग्ने उमेर हो । यिनीहरूलाई पिटेर मात्र हुँदैन, राम्रोसँग सम्झाउनु पर्छ । कुमालेले काँचो माटोलाई घुमाएर जस्तो भाँडा पनि बनाउन सक्छ । त्यस्तै यिनीहरूलाई पनि यो उमेरमा विद्वान् खराब जस्तो पनि बनाउन सकिन्छ ।" (पृ. ३०)
- होला होला चोरले साँचो कुरो कहाँ गर्छ ? कहाँ साँचो ठेगाना भन्छ त ?" (पृ. ७८)
- "अपराध गर्नेहरू जन्मजातै अपराध गर्न जन्मेका हुँदैनन् । तिनलाई सङ्गत, परिस्थिति र वातावरणले अपराधी बनाउँछ । अपराधी सधैं अपराधी पनि भइ रहँदैनन् त्यसका लागि सबैभन्दा ठूलो कुरो आत्मशुद्धी हो ।" (पृ. ९५)
- "मैले भर्खर भनेको होइन, हिंसा गर्नु हुँदैन भनेर, कसैले कसैलाई कुट्नु भनेको पनि हिंसा नै हो ।" (पृ. ९६)
- "ल हेर्नुस् यहाँ यो नोटको बिटोमा तल र माथि पाँच सयको नोट छ बीच बीचमा कागज काटेर राख्या छ ।" (पृ. १५९)

माथि उल्लिखित उदाहरणहरू *हरिबहादुर* उपन्यासका प्रमुख शिक्षित पात्र राजा, रानी, जर्साब, दुलही, वेदप्रकाश, प्रधानपञ्च, भुन्टेकाजी, लाहुरे आदिले प्रयोग गरेका संवाद हुन् । उक्त भाषिक संवादलाई अध्ययन गर्दा समझदारी र शिष्टतापूर्ण भाषिक व्यवहार पाइन्छ । जस्तै : भोकायो होला भात सात खानु दिनु, पिटेर मात्र हुँदैन राम्रोसँग

सम्झाउनु पर्छ, विद्वान् र खराब जस्तो पनि बनाउन सकिन्छ, चोरले साँचो कुरो कहाँ गर्छ, सबैभन्दा ठूलो कुरो आत्मशुद्धी हो, हिंसा गर्नु हुँदैन, बीचमा कागज काटेर राख्या छ आदि जस्ता भाषिक संवादले शिक्षित पात्रको भाषिक संवादलाई झल्काएको छ । एकअर्कालाई सान्त्वना दिने, जीवन दर्शन, बौद्धिकता, संस्कृति, स्वाभिमान र आदर्शको प्रतिनिधि दिने खालका भाषिक प्रयोग गरिएको पाइन्छ । मानक नेपाली भाषाको प्रयोग, सुन्दर वाक्यगठन र आक्रोशित अवस्थाभन्दा बाहेक सामान्य अवस्थामा सरल, सहज, मिठासपूर्ण औपचारिक भाषाको प्रचुर प्रयोग शिक्षित पात्रले गरेको देखिन्छ ।

### ५.३.२ अशिक्षित पात्रहरूको भाषिक विश्लेषण

समाजमा शिक्षाबाट वञ्चित व्यक्तिहरूले प्रयोग गर्ने भाषा अशिक्षित भाषा हो, जुन भाषा अमानक र भाषिका प्रभावित हुन्छ । जसमा उच्चारणमा अशुद्धता र प्रयोगमा अस्थिरता जस्ता विशेषता झल्किन्छन् । शिक्षित व्यक्तिले लिखित र मौखिक रूपमा भाषिक व्यवहार गर्दछन् भने अशिक्षित व्यक्तिले मौखिक रूपमा मात्र भाषिक व्यवहार गर्ने गर्छन् । प्रस्तुत उपन्यासमा रहेका अशिक्षित पात्रले प्रयोग गरेको भाषिक स्थितिको विश्लेषण निम्नानुसार गरिएको छ :

- "तिनीहरूलाई त भोलि बिहान एउटा टपरी लिएर गोठमा जान्छु अनि आलो गोबर हालेर लेऊ तिमीहरूलाई हलुवा ल्याइ दिएको छु, खाओ भनिदिन्छु ।" (पृ. २६)
- "तेरो खुट्टामा हानेर उठ्नै नहुने बनाइदिउँला तेरीमा खडेबाबा जोगी, दुनियाँलाई देखाउन अर्काको अगाडि खडा हुन्छस् कोही नभा बेला के के गर्छस् ।" (पृ. ४५)
- "मैले तिमीहरू जस्तो ज्यानै मारेर आएको त हैन नि ! मैले त सुन जस्तो पवित्र चिज चोरेर आएको । सुन कति पवित्र हुन्छ थाहा छ ?" (पृ. ९७)
- "मरिजाउ ढाँटेको होइन प्रधानपञ्च वा नत्र मलाई कागले किन ठुँग्छ ? त्यो काग मारेर खाएको भएर त मलाई कागले ठुँग्न आएको ।" (पृ. १२४)

- "तेरिमा चाउरे सुँगुरको थुतुनो जस्तो अनुहार लिएर पनि कसरी बाँच्या होला ? तेरो जस्तो अनुहार भएको भए त म भीरबाट हाम फालेर मर्थे ।" (पृ. २२४)
- "ए जाउ, उता जाउ, यसरी अर्काले खाएको त कुकुरले मात्र पुच्छर हल्लाएर हेरिरहन्छ, जाउ त्यहाँ बसेर नभुक ।" (पृ. २४१)

माथि प्रस्तुत गरिएका उदाहरणहरू सामाजिक र आर्थिक दृष्टिले निम्नस्तरीय तथा शैक्षिक अवस्थाका आधारमा अशिक्षित पात्रहरूले प्रयोग गरेका भाषिक संवादहरू हुन् । प्रस्तुत उपन्यासमा भएका हरिबहादुर, अलैची, बूढो गोठालो, धनबहादुर, पूर्णबहादुर, कमली आमा, तिर्थे, टुने, सानीकान्छी आदि पात्रहरू अशिक्षित पात्रहरू हुन् । उक्त पात्रले प्रयोग गरेको संवादमा आलो गोबर हालेर लेउ तिमीहरूलाई हलुवा ल्याइदिएको छु खाओ, तेरीमा खडेबाबा जोगी, मैले त सुनजस्तो पवित्र चिज चोरेर आएको, त्यो काग मारेर खाएको भएर त मलाई कागले ठुँग्न आएको, तेरीमा चाउरे सुँगुरको थुतुनो जस्तो अनुहार, जाउ त्यहाँ बसेर नभुक अशिक्षित पात्रको भाषिक स्वरूप देखा परेको छ । माथि उल्लिखित संवादमा अन्धविश्वास, अज्ञानता, असभ्य व्यवहार, गाली गलौज जस्ता विशेषता भएको कारण यी संवादहरू अशिक्षित पात्रले प्रयोग गरेका संवाद भन्न उपयुक्त रहेको देखिन्छ ।

समग्र *हरिबहादुर* उपन्यासमा रहेका शिक्षित र अशिक्षित पात्रहरूलाई उनीहरूले प्रयोग गरेको भाषा व्यवहारलाई आधार मानिएको छ । यस आधारमा *हरिबहादुर* उपन्यासमा शिक्षित र अशिक्षित पात्रहरूले प्रयोग गरेको भाषामा धेरै अन्तर रहेको पाइन्छ । शिक्षितले प्रयोग गरेको भाषामा सरलता, सहजता, शिष्टता, आदर्शता, वैचारिकता, मानक, शुद्ध र आदर सम्मानयुक्त भाषाको प्रयोग पाइन्छ भने अशिक्षितले प्रयोग गर्ने भाषामा अन्धविश्वास, अश्लीलता, अशुद्ध भाषिका मिश्रित, आदरहीन भाषा प्रयोगको अवस्था पाइन्छ ।

## ५.४ उमेरगत आधारमा उपन्यासका पात्रहरूको भाषिक विश्लेषण

हरेक देशको भाषा स्थिर रहन सक्दैन भाषा परिवर्तन हुने क्रममा भाषामा भेद उपभेद देखा पर्नु स्वाभाविक हो । भाषिक भेद सिर्जना गर्ने एउटा प्रमुख कारण उमेर पनि एक हो । उमेरको कारणले पनि व्यक्तिले बोल्ने भाषामा भिन्नता रहेको देखिन्छ । बालबालिकाको भाषामा छुट्टै शब्दभण्डार एवम् शैलीको प्रचलन भेटिन्छ । बालबालिकाले प्रयोग गर्ने भाषामा बढी कोमलता, युवायुवतीका भाषामा बढी शृङ्गारिकता पाइन्छ भने प्रौढ र वृद्धले प्रयोग गर्ने भाषामा शिष्टता, सभ्यता, नैतिक उपदेश एवम् भक्ति भावको भाषा भेटाउन सकिन्छ । उमेरका आधारमा *हरिबहादुर* उपन्यासमा रहेका पात्रहरूले प्रयोग गरेको भाषाको आधारमा बाल, युवा, प्रौढ र वृद्ध गरी निम्नानुसार विश्लेषण गरिएको छ :

### ५.४.१ बाल पात्रको भाषिक विश्लेषण

बालबालिकाले प्रयोग गर्ने भाषा युवा र वृद्धले प्रयोग गर्ने भाषाभन्दा फरक हुन्छ । जीवनको प्रारम्भिक अवस्थाको रूपमा रहेका बालबालिकाले यस चरणमा प्रयोग गर्ने भाषा जटिल खालको नभई सरल खालको हुन्छ । भाषामा निश्छलता, मिठास र कोमलता पाइन्छ । यसका अतिरिक्त बालबोलीको भाषामा प्रायजसो अनौपचारिकता, अपरिष्कृतपना, अमानकता, अस्पष्टता, अपूर्णता जस्ता विशेषताहरू स्पष्ट रूपमा भेटाउन सकिन्छ । प्रस्तुत उपन्यासमा बालपात्रका रूपमा धनबहादुर र कृष्णे देखा परेका छन् । उक्त पात्रले बोलेको भाषिक संवादलाई निम्नानुसार उल्लेख गरिएको छ :

- बाबु ! तेरो बाउको नाम के हो ? “हलिबहादुल चोल”
- अनि तिम्रो आमाको नाम के हो ? “बाइफाले दाउँ दुलुवाइ” (पृ. ११२)

अन्य उमेरका मानिसहरूको तुलनामा बालबालिकाको बोली त्रुटिपूर्ण हुन्छ । यस उपन्यासमा बाल पात्रहरू थोरै रहेका छन् । माथि सङ्केत गरिएका हलिबहादुल चोल, बाइफाले दाउँ दुलुवाइ शब्दहरूले बालबोलीको प्रतिनिधित्व गर्छ । बालपात्रहरूको

संवादले उपन्यासमा निश्छलता र कोमलता थपिदिएको छ । आफ्नो परिवारको निम्न वर्गीय अवस्थाले गुज्रिरहेका बालबालिकाको चित्रण उपन्यासमा गरिएको छ ।

### ५.४.२ युवा पात्रहरूको भाषिक विश्लेषण

नेपालको सन्दर्भमा १५–५९ वर्ष उमेर समूहको जनसङ्ख्यालाई युवा जनसङ्ख्या भनिन्छ (ज्ञवाली, पृ. ८१) । युवा पात्रहरूको भाषामा कोमलता नभई बढी शृङ्गारिकता पाइन्छ । युवावस्थाका व्यक्तिहरूले बालबोलीलाई त्यागेर परिपक्व खालको बोलीको प्रयोग गर्दछन् । युवा पात्रको शब्दचयन, उच्चारण, शैली र विषयवस्तु प्रतिपादनमा मिठास र आकर्षण रहेको पाइन्छ । युवावस्था जोशिलो उमेर भएको तथा उनीहरूमा रमाइलो तथा केही मोजमस्ती गर्ने प्रवृत्तिसमेत पाइने हुनाले केही विभिन्न खालका नवीन शैली र शब्दावलीको पनि प्रयोग गर्दछन् । उनीहरू रहस्यमय र साङ्केतिक भाषाको पनि प्रयोग गर्दछन् । युवायुवतीहरू उमेरअनुसारको तेजिलो, घोचिलो र पेचिलो भाषाको पनि प्रयोग गर्दछन् । उनीहरूमा शब्दभण्डार क्षमता बढी हुन्छ र दिनप्रतिदिन नयाँ नयाँ शब्दको प्रयोग गर्दछन् । यस उपन्यासमा युवा पात्रहरूमा हरिबहादुर, अलैची, तिर्थे, बेखालाल, टुने र सानीकान्छी रहेका छन् र यिनीहरूको भाषिक संवाद निम्नानुसार छ :

- "छोड्नै मन लागेन देखेपछि उसले पनि घर जान मनै गरेन । अनि त्यही महादेवको मन्दिरमा सिन्दुर हाली दिए, उसले माला लगाएर खुट्टा ढोगीदिई । मैले भाग्यमानी भएस् भनिदिए अनि लिएर आए ।" (पृ. ५१)
- "अब अनुहार त राम्रो छ नि ! कस्तो नक्कल झक्कल पार्छे । बोल्न मात्र नसकेकी त हो नि ! भैहाल्छ नि उसैसँग बिहे गर्नुस् न त ।" (पृ. ९०)
- ""के भन्या त्यो ? जे गर्न पनि दिन्छु जीउ छुनचाहिँ दिन्न रे । जीउ नछोइ के हुन्छ, केही पनि हुन्न ।" (पृ. ९८)
- "एउटा कर्मको कुरा पनि हुन्छ नि, सिन्दुरपोते नगरीकन कसरी म तपाईंको हुन्छु । कमसेकम पुरेत बाजेले मन्त्र पढेर तपाईंको सिन्दुर त मेरो सिउँदोमा हाल्न पर्छ नि ।" (पृ. १००)

- “तारे भीरमा लिएर जान्छु, तँलाई पहिले खसाल्छु अनि म आफू हाम फाल्छु । यस्तो पापी संसारमा किन बाँच्नु हाम्ले ?” (पृ. २३५)
- “त्यस्तो कुरा नगर न प्यारी त्यसो गरे कसो होला ? हेर, मेरा आँखाबाट आँसु खसेको ! तँ मरिस् भने त म त्यसै सुकेर मरिहाल्छु नि ।” (पृ. २४६)

यहाँ प्रस्तुत संवादहरूको विश्लेषण गर्दा युवा पात्रको संवाद मानक नेपाली निकट रहेको देखिन्छ । उनीहरूले ठूलालाई सम्मानजनक रूपमा आदरार्थी भाषाको प्रयोग गरेको र सानालाई मायालु भाषाको प्रयोग गरेको पाइएको छ । यसका अतिरिक्त प्रस्तुत संवादमा सिन्दुर हाली दिए, उसले माला लगाएर खुट्टा ढोगीदिई, कस्तो नक्कल झक्कल पार्दै, जीउ नछोइ के हुन्छ, केही पनि हुन्न, सिन्दुर पोते नगरीकन कसरी म तपाइँको हुन्छु, सिन्दुर त मेरो सिउँदोमा हाल्नुपर्छ नि, यस्तो पापी संसारमा किन बाँच्नु हामीले, तँ मरिस् भने म त्यसै सुकेर मरीहाल्छु नि आदि कुरा देखा परेकाले युवा मन र युवा व्यवहारको प्रतिनिधित्व पाइन्छ । समग्रमा युवा पात्रहरूको भाषामा कोमलता, शृङ्गारिकता, आक्रोश, व्यङ्ग्य, निराश र विनम्रता आदि संवेगका साथै निम्न, मध्यम र आदरार्थी भाषाको प्रयोग गरेको पाइन्छ ।

### ५.४.३ प्रौढ पात्रको भाषिक विश्लेषण

प्रौढहरूले आफ्नो परम्पराअनुसार सभ्य, परिपक्व, मर्यादित र आदरार्थी भाषाको प्रयोगमा रुचि राख्दछन् । उनीहरूले शुद्ध स्तरीय भाषाको प्रयोग गर्दछन् । प्रौढ उमेर समूहका मानिसहरूको भाषामा शृङ्गारिकता पाइँदैन र भाषाशैली सरल प्रकृतिको हुन्छ । प्रौढहरूको भाषामा व्यावहारिकता झल्किन्छ । साथै भाषामा इमान्दारिता पनि पाउन सकिन्छ । यस उपन्यासमा प्रौढ पात्रहरूमा राजा, रानी, साहूजी, पूर्णबहादुर, खेमबहादुर, खडेबाबा, कृष्णकान्त, जर्साब, दुलही, बेखालाल, मदनबहादुर आदि रहेका छन् र यिनीहरूको भाषिक संवाद निम्नानुसार रहेका छन् :

- “तिम्रो छोरीले मेरा नातिका दुईटै आँखाका परेला काटिदिन्छ, यस्तो पनि गर्न हुन्छ ? परेला काट्दा आँखा घोचेर फुट्या भए ।” (पृ. ४३)
- “अलैची ! तैँले पशुपति बूढोको सात तोला सुन अनि दुई हजार रूपैयाँ चोऱ्या भन्छन् नि ! के गऱ्या बूढो मान्छेको सम्पत्ति त्यसो गर्नुहुन्छ ?” (पृ. १०३)
- “तँ जेल परेको छस् ? उता छोरो पाएको छ यो त शङ्काको कुरा भएन ?” (पृ. १०८)
- “अब झुक्याएर दुलही साट्यो भनेर हाम्रो छोरीलाई हेला गर्ने होइन साराले थाहा पाइसके । सिन्दुरपोते भइसक्यो । अबदेखि हामी तपाईँलाई ज्वाइँ भन्छौँ ।” (पृ. १३७)
- “अहो ! कस्तो कडा चिठी, टोक्न नसक्ने कुकुर धेरै भुक्छ भन्यापछि हो ।” (पृ. २००)
- “पख त जङ्गली भालु र बाँदरलाई त बाधेर तह लगाउन सकिछ । यो त मान्छे हो । यसलाई म तह लगाइहाल्छु नि ।” (पृ. २३५)
- २०२)

माथिका उदाहरणहरू *हरिबहादुर* उपन्यासका प्रौढ पात्रहरूले प्रयोग गरेका भाषिक संवाद हुन् । प्रौढहरूको भाषिक संवादहरूमा व्यावहारिकता, परिपक्वता झल्किएको भाषाको प्रयोग गर्ने गरेको पाइन्छ । उक्त संवादमा परेला काट्दा आँखा घोचेर फुट्या भए, बूढो मान्छेको सम्पत्ति त्यसो गर्नुहुन्छ, यो त शङ्काको कुरा भएन, अबदेखि हामी तपाईँलाई ज्वाइँ भन्छौँ, टोक्न नसक्ने कुकुर धेरै भुक्छ, यसलाई म तह लगाइहाल्छु नि आदि कुराले प्रौढ पात्रको प्रतिनिधित्व गरेको पाइन्छ । जसले गर्दा उक्त संवादहरू प्रौढ पात्रहरूले प्रयोग गरेको हो भन्न उपयुक्त रहेको देखिन्छ । उपन्यासमा विभिन्न उमेर समूहका पात्रहरू भएका कारण वर्गीय भाषिक प्रयोगमा विविधता रहेको पाइन्छ । यस उपन्यासका प्रौढ पात्रहरूले प्रयोग गरेको भाषा ओजपूर्ण, व्यावहारिक, परिपक्व,

निर्देशनात्मक विशेषता रहनुका साथै प्रौढहरूले प्रयोग गरेका भाषामा निम्न स्तरको भए तापनि स्तरीय नै रहेको देखिन्छ ।

### ५.४.४ वृद्ध पात्रहरूको भाषिक विश्लेषण

नेपालको सन्दर्भमा ६० वर्ष वा सोभन्दा माथि उमेर समूहको जनसङ्ख्यालाई वृद्ध भनिन्छ (ज्ञवाली, पृ. ८१) । अनुभव र उमेरले रङ्गिएका यस उमेरका व्यक्तिहरूले आफ्नो अनुभवका आधारमा मानिसहरूलाई विभिन्न प्रकारका अर्ती उपदेश दिने गर्दछन् । वृद्ध पात्रहरूको भाषामा पुरातनवादी सोचाइ, परिपक्वता, व्यावहारिकता, सहनशीलता पनि पाइन्छ । उपदेशात्मक भाषिक प्रयोग ईश्वरीय भाव झल्किनु, धर्मप्रति आस्थावान् र दीर्घकालीन सोंच जस्ता कुराहरू वृद्धवृद्धाहरूको भाषाका विशेषताहरू हुन् । यस उपन्यासमा वृद्ध पात्रहरूमा बैठके बूढो, बूढो गोठाले, कमली आमा, वेदप्रकाश र पशुपति बूढो रहेका छन् । यिनीहरूले उपन्यासमा प्रयोग गरेका भाषिक संवादलाई निम्नानुसार उल्लेख गरिएको छ :

- “थुक्क ! मलाई अबदेखि तैंले हजुरआमा भन्नै पर्दैन, आजदेखि तेरी हजुरआमा मरी । संसारमा भएजति सबै गर्न नहुने काम गर्न तैंले कसरी सिकिस् हँ ?” (पृ. ३९)
- “हुन्छ अंश दिउँला । तलको गैरीखेत तँलाई दिम्ला । तँ त्यही घर बना तर मचाहिँ तसँग बस्दिन । मेरै लोग्नेले बनाइदिएको घरमा मर्छु ।” (पृ. ७१)
- “के गर्नु बाबु आफ्नो रगत हो तर पिप भएर निस्क्यो, सधैं पोलिरहन्छ । सधैं चऱ्याइरहन्छ ।” (पृ. १०७)
- “आफ्नो श्रीमान्को राम्रोसँग सेवा गर्नु माया गर्नु धेरै कचकच नगर्नु है ।” (पृ. १३७)
- “मेरो प्यारो मुटुको टुक्रा, मेरो प्राण कृष्णे ! तेरा लागि मैले भन्दै धेरै बाँच्नु थियो । तेरो घरजम भएको हेर्न मन थियो । तँलाई कसैको जिम्मा लगाएर मात्र

मर्न मन थियो तर सोचेको जति पाइनँ । बाबु ! अब मेरो जाने बेला भयो । तँ आफ्नो ख्याल गर् है ।" (पृ. १४५)

- "कालो तिल, कालो दाल एक पाथी, कालो वस्त्र एक मिटर, कालो भैसी एउटा दान गऱ्यो भने यो खड्को टर्न सक्छ ।" (पृ. २०३)

उपन्यासमा वृद्ध पात्रहरूको उपस्थिति कम रहेको देखिन्छ । जम्मा बत्तीसजना पात्रहरूमध्ये पाँचजना मात्र उपन्यासमा देखिन्छन् । जति वृद्ध पात्रहरू उपन्यासमा देखिन्छन्, उनीहरूको भूमिका प्रमुख नै देखिन्छ । समग्रमा वृद्धहरूको भाषामा मानक नेपाली निकट, उपदेशात्मक, नैतिक आध्यात्मिक भाषाशैली र शब्दचयनमा परिष्कार देखिन्छ । प्रस्तुत उपन्यासमा वृद्ध पात्रले प्रयोग गरेको भाषिक संवादमा आजदेखि तेरी हजुरआमा मरी, मेरै लोग्नेले बनाइदिएको घरमा मर्छु, तलको गैरीखेत तँलाई दिम्ला, आफ्नो रगत तर पिप भएर निस्क्यो, आफ्नो श्रीमान्को सेवा गर्नु, बाबु अब मेरो जाने बेला भयो तँ आफ्नो ख्याल गर् है, दान गऱ्यो भने यो खड्को टर्न सक्छ जस्ता भाषिक अभिव्यक्तिले वृद्ध पात्रको भाषिक स्वरूपलाई देखाएको छ ।

यसरी *हरिबहादुर* उपन्यासमा उमेरका आधारमा बाल, युवा, प्रौढ र वृद्ध गरी तीन प्रकारका पात्रहरूको संवादलाई समेटिएको छ । यस उपन्यासमा उमेरअनुसारको भाषिक विभेद रहेको छ । बालकको भाषामा सरलता, सहजता, कोमलता पाइन्छ । युवा पात्रहरूले प्रयोग गर्ने भाषामा माया, प्रेम र शृङ्गारिक भावयुक्त भाषा, प्रौढहरूको भाषामा व्यावहारिकता, परिपक्वता, सन्देशात्मक भाषाशैलीको प्रयोग पाइन्छ भने वृद्ध पात्रको भाषामा नैतिक, आध्यात्मिक सन्देश, ईश्वरीय भक्ति भाव, अनुभवले खारिएका तिता मिठा विचारयुक्त भाषाको प्रयोग गरिएको पाइन्छ । यसरी उपन्यासमा रहेको उमेरगत भाषिक विभेदलाई देखाउन सकिन्छ ।

# अध्याय छ

# समग्र *हरिबहादुर* उपन्यासको भाषाशैलीको अध्ययन र अभिमत विश्लेषण

## ६.१ *हरिबहादुर* उपन्यासको भाषाशैलीको अध्ययन

प्रसिद्ध हास्यव्यङ्ग्य कलाकार हरिवंश आचार्यद्वारा लिखित *हरिबहादुर* (२०७३) नामक उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो । सहरदेखि गाउँसम्मको विशाल परिवेश समावेश गरिएको यस उपन्यासमा गरिबी, अभाव, जालझेल, कल्पना, विठ्याइ, चतुऱ्याइ र बिलौना जस्ता मानवीय आवश्यकता र संवेगलाई प्रधान विषयवस्तुको रूपमा अगाडि सारेको छ । आजको विश्वमा जीवनको भोगाइमा देखिने अनेक विसङ्गतिहरूमध्ये नैतिक मूल्य र मान्यतामा देखिएको विसङ्गत पाटोको चित्रण गर्ने सन्दर्भमा प्रस्तुत उपन्यास संरचित छ । निम्न वर्गीय नेपाली समाजमा रहेका अशिक्षित र अज्ञानी युवाहरूको मानसपटलमा उब्जेका गरिबी र अभावलाई परास्त गर्न अपनाइने हत्कन्डालाई मुख्य विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । *हरिबहादुर* मुख्य शीर्षक रहेको यस उपन्यासमा अन्य बाइसवटा उपशीर्षक, २६१ पृष्ठ रहेका छन् ।

समाजभाषिक सिद्धान्तको जगमा टेकेर समग्र उपन्यासको भाषाशैली, शिल्प, संरचनाको अध्ययन गर्नु प्रस्तुत अनुसन्धानको मुख्य प्रयोजन रहेको छ । समाज विभिन्न जातजाति, वर्ग, लिङ्ग, उमेर, धर्म तथा शैक्षिक स्तरका व्यक्तिहरूको समन्वय हो । यी विभिन्न वर्गहरूले गर्दा समाजमा भाषिक भेद सिर्जना भएको छ । एउटै समाजभित्र आ–आफ्ना संस्कृति, रीतिरिवाज, परम्परा, मूल्य र मान्यताहरू रहेका हुन्छन्, जसका कारण बोलीमा पृथकीकरण हुन्छ । यसरी सामाजिक संरचनाका विभिन्न पक्षका कारणले विभेदित हुने सामाजिक भेदको प्रभाव उपन्यासमा कसरी परेको छ ? उपन्यासमा प्रयुक्त भाषाशैली कस्तो रहेको छ ? यस उपन्यासमा के कस्तो समाजभाषिक स्थिति रहेको छ भन्ने कुराको अध्ययनका लागि पात्रहरूको भाषाशैलीको अध्ययन गर्नु जरुरी हुन्छ ।

कुनै विषयवस्तुलाई प्रस्तुत गर्ने माध्यम भाषा हो । भाषा प्रयोग गर्ने तरिकालाई शैली भनिन्छ । उपन्यासको विषयवस्तु कस्तो भाषामा कुन तरिकाले प्रस्तुत गर्ने भन्ने कुरालाई नै भाषाशैली भनिन्छ । कुनै व्यक्तिका भाव, विचार वा मानसिकतालाई अभिव्यक्त गर्न भाषा आवश्यक मानिन्छ । सफल उपन्यासको रचनाका लागि पात्रानुकूल भाषाशैली परिवेश सुहाउँदो हुनु जरुरी हुन्छ । शैली लेखकको निजी विशेषता हो । उपन्यासकारले देश, काल, परिस्थिति, मनोभावना अनुकूलको भाषा प्रयोग गर्नुपर्दछ । एउटै व्यक्तिले फरक फरक सन्दर्भमा प्रयोग गरेको भाषा फरक फरक हुन्छ । भाषा स्तरीय, सहज, वातावरण अनुकूल प्रभावकारी, सम्प्रेषणीय, कलात्मक र सुस्पष्ट हुनुपर्दछ ।

*हरिबहादुर* उपन्यासको भाषाशैली सरल, सहज, बोधगम्य रहेको छ । उपन्यासमा परिवेशअनुकूल भाषाको प्रयोग भएको पाइन्छ । यसमा प्रयुक्त पात्रहरूबीचको पारस्परिक वार्तालाप, मनोद्वन्द्वको वर्णन, घटनाको प्रस्तुति सरल पाइन्छ । यस उपन्यासमा निम्न वर्गीय नेपाली समाजको टुहुरो अबोध बालक, गरिबी, पारिवारिक कलह र वृद्ध हजुरआमाको सहारामा हुर्किदा उसको जीवनमा देखिएको विसङ्गत पाटोको उदाङ्गो चित्र प्रस्तुत गर्नमा यो उपन्यास केन्द्रित रहेको छ । उपन्यासमा उच्च, मध्यम, निम्न वर्गका मानिस र नेपाली समाजको जनजीवनलाई पनि प्रस्तुत गरिएको छ ।बठ्याइँ, चतुऱ्याइँ, जाल, झेल, चोरी, डकैतीमा संलग्न एउटा निम्न वर्गीय परिवारमा जन्मेको युवाको जीवन मार्फत् सम्पूर्ण गरिबी, अभाव, शोषण, दमन र धूर्त मनोवृत्तिको शक्ति सम्बन्ध केलाएका छन् । यस उपन्यासमा वर्गअनुसार उच्च, मध्यम र निम्न, लिङ्गअनुसार महिला र पुरुष, उमेरअनुसार बाल, युवा, प्रौढ र वृद्ध र शिक्षाअनुसार शिक्षित र अशिक्षित गरी भाषिक प्रयोगको स्थिति भेटाउन सकिन्छ । यस उपन्यासमा उच्च वर्गका व्यक्तिहरूले दमित र हेपाहा प्रवृत्ति प्रदर्शन गरेको र निम्न वर्गको व्यक्तिले उपल्लो वर्गलाई सम्मान र चाकरीयुक्त भाषाको प्रयोग भेटाउन सकिन्छ । उमेरअनुसार बाल चरित्रले तोते बोली, युवाले मनमोहकता र शृङ्गारिकता, प्रौढले खारिएको विचार, आदेश, सहानुभूति र आक्रोशयुक्त भाषाका साथै वृद्ध चरित्रले सन्देश, अर्ती, उपदेश र

भक्तिभावयुक्त भाषाको प्रयोग गरेको छ । महिलाले घरपरिवार, छरछिमेक र भान्सामा प्रस्तुत हुने भाषा र पुरुषले आवेग, आक्रोश र निर्णयात्मक भाषाको प्रयोग स्थिति पाउन सकिन्छ । यसका अतिरिक्त शिक्षित पात्रले सभ्य, शालिन र भद्र भाषाको प्रयोग गरेको छ भने अशिक्षित पात्रले अश्लील, अभद्र र अराजकता सिर्जना हुने भाषाको प्रयोग गरेका छन् ।

*हरिबहादुर* उपन्यास गद्य भाषामा लयात्मकता, व्यङ्ग्यात्मकता, विचलन, अलङ्कार, प्रतीकात्मकता, उदानटुक्का र विदेशी भाषाको प्रयोग सरल ढङ्गमा गरिएको छ । यस्ता केही उदाहरणहरू यसप्रकार छन् :

**हिन्दी भाषा**

नेपाली भाषामा लेखिएको प्रस्तुत उपन्यासमा हिन्दी भाषाको प्रयोग समेत गरिएको छ । उपन्यासको भाषामा कोड मिश्रण भाषिक आगमन, भाषिकाको प्रयोग समेत यस उपन्यासमा गरिएको छ । उपन्यासमा अशिक्षित पात्रको भूमिकामा रहेको युवा, निम्न र पुरुष पात्र हरिबहादुरले आफ्नो भाषिक अभिव्यक्ति प्रयोगको क्रममा हिन्दी भाषाको प्रयोग निम्नानुसार गरिएको छ :

- “साला कुत्ता, तुम्हारा बाटो हे ये ? हमको बाटो हिड्न पनि नही देता हे ?” (पृ. ११)
- “तु जहा जहा चलेगा, मेरा सायाँ साथ होगा ... ।” (पृ. १२)

**उखानटुक्का**

व्यावहारिक जीवनका प्रत्यक्ष भोगाइ र अनुभवबाट खारिएर आएका लोकोक्तिलाई उखानटुक्का भनिन्छ । जसको प्रयोग घटना, प्रसङ्ग, विचार वा अनुभवलाई पुष्टि गर्नका निमित्त गरिएको पाइन्छ । एउटा परिपक्व, प्रौढ अर्थात् वृद्ध व्यक्तिले यसको प्रयोग गरेको पाइन्छ । एकातिर यसले विचार वा प्रसङ्गलाई पुष्टि गर्ने काम गर्छ भने अर्कोतिर

भाषिक मौलिकता समेत प्रदर्शन गरेको पाइन्छ । यस उपन्यासको भाषामा उखानटुक्काको समेत प्रयोग निम्नानुसार गरिएको पाइन्छ :

- "पाप भनेको धुरीबाट कराउँछ ।" (पृ. १५२)
- "टोक्न नसक्ने कुकुर धेरै भुक्छ ।" (पृ. २००)
- "कुकुरलाई किनन घ्यू पच्थ्यो ।" (पृ. २४)

**लयात्मकता**

भाषामा स्वर र व्यञ्जनको साम्य वैषम्यले पनि लयको उत्पादन गरेको भेटिन्छ । लयको तात्पर्य मिल्नु एकीकृत हुनु, विलीन हुनु वा समाहित हुनु भन्ने हुन्छ । भाषिक लयको यही विशिष्टताले उपन्यासको भाषा श्रुतिमाधुर्य बन्न पुगेको छ । जसको उदाहरण निम्नानुसार गरिएको छ :

कसरी बस्न सक्यौ कैलाशको हिउँमा
तातो तातो खरानी घसेर जीउमा
म पनि तिम्ले जस्तो खरानी घसौ कि
एउटी स्वास्नी बिहे गरी घर गरी बसौ कि ! (पृ. ४८)

हर हर महादेव पानी झारिदेऊ
यो मोरीको मनमा मेरो माया पारिदेऊ
भोलेबाबा मेरो माया त्यसलाई खन्याइदेऊ
छोटो कपाल भएकीलाई स्वास्नी बनाइदेऊ । (पृ. ५०)

**प्रतीकात्मक**

सजीव, सरस, सुन्दर र मनोरम मानसचित्र वा मानस प्रतिच्छविलाई प्रतीक भनिन्छ । यसमा लेखकको भावना, संवेदना, अनुभूति र कल्पनाले मूर्त रूप धारण गर्छ । प्रतीकको भाषा अभिव्यञ्जनात्मक हुने हुँदा यसले पाठक, स्रोता वा भावकलाई कलात्मक आनन्द

दिलाउँछ । सोही कुरालाई चरितार्थ गर्न उपन्यासमा प्रतीकको अत्यधिक प्रयोग गरिएको छ । जसलाई प्रष्ट पार्न निम्नलिखित उदाहरणहरू प्रस्तुत गरिएको छ :

- आफ्नो रगत हो तर पिप भएर निस्क्यो । (पृ. १०७)
- तँ मरिस् भने त म त्यसै सुकेर मरिहाल्छु नि । (पृ. २४६)
- केटी हेर्न आए भने यस्तै भेडा कज्याजस्तो टाउको देखाउने ? (पृ. ४६)
- अहिले तँलाई मारिदिन्छु, हरियो बाँस । (पृ. ४७)

**व्यङ्ग्य**

कुनै अभिव्यक्ति वा कथन सोझो तथा प्रत्यक्ष ढङ्गले नभई अप्रत्यक्ष वा प्रकारन्तर ढङ्गले अर्थ प्रकट गरेको छ भने त्यसलाई व्यङ्ग्य भनिन्छ । उत्तम सर्जकको सिर्जनामा मात्र व्यङ्ग्यको प्रयोग पाइन्छ । सिर्जनामा सर्जकले जति व्यङ्ग्यको प्रयोग गर्छ त्यति नै त्यो कृति सक्षम र बलशाली हुन्छ । प्रस्तुत उपन्यासको भाषाशैलीमा व्यङ्ग्यको भरपुर प्रयोग गरिएको छ । जसलाई निम्नलिखित उदाहरणबाट प्रस्ट पार्न सकिन्छ :

- तेरो कुरा मैले त के त्यो काले कुकुरले नि पत्याउँदैन बुझिस् ? (पृ. ११५)
- यो मोरो भतुवा कुकुर किन हाम्रै घर आँगनमा आएर रुनुपर्ने होला ? (पृ. २४)
- कीरा पऱ्या गोडाले तेरो बाउलाई लात हान् । (पृ. ६)
- बोको जति मात्रै बुद्धि भएको भए यसलाई यसरी लग्नै पर्दैन थियो नि । (पृ. २३)
- त्यो भालुलाई पुराण नसुनाएको हो हामीले ? (पृ. ३०)
- अब बोकेर सदरमुकाम हैन, बोकेर खोलातिर लैजान्छौ तिमीले । (पृ. २४६)

**विचलन**

मानकको अतिक्रमणलाई विचलन भनिन्छ । समान्तरताको विपरित उपकरणको रूपमा यसलाई स्वीकार गरिएको छ किनभने विचलन भनेकै अनियमितता हो । साहित्य वा सिर्जनाको भाषामा विचलनयुक्त भाषाको प्रयोग पाइन्छ । पाठकलाई श्रुतिमाधुर्य, आल्हादकता र भावमयताको गुण आस्वादन गराउन विचलनयुक्त भाषाको प्रयोग

पाइन्छ । जसको प्रत्यक्ष प्रभाव उपन्यासको भाषाशैलीमा समेत पाइन्छ । जसलाई निम्नलिखित उदाहरणले चरितार्थ गरेको छ :

- कहिले त अलैची फर्कन्न कि भन्ने पिर पनि लाग्छ मलाई । (पृ. २४७)
- पख् तेरो जात्रा हुन्छ आज । (पृ. १०)
- चुकुल खोल् जर्साब भन्छन् । (पृ. ११)
- तेरो रूपैया चोरी कर्छ गाँजा बाबाले ? (पृ. १५)

**अलङ्कार**

भाषिक सौन्दर्यको कारक तत्त्वका रूपमा अलङ्कारलाई लिन सकिन्छ । जसरी सुन्दर युवतीले आफ्नो सौन्दर्यलाई थप आह्लादक र मनमोहक तुल्याउनका लागि हार, कुण्डल जस्ता आभूषणहरू पहिरिन्छे त्यस्तै रचनाको शरीरका रूपमा देखापर्ने बाह्य अवयव शब्द र अर्थमा थप सौन्दर्य र राग सिर्जना गर्न अलङ्कारको प्रयोग गरिएको हुन्छ । प्रस्तुत उपन्यासको भाषाशैलीमा अलङ्कारको निम्नानुसार प्रयोग गरिएको छ :

- हरिबहादुर यति खुसी भएको छ कि मानौ ऊ आफैं फरफराउँदो झन्डा भएको छ । (पृ. २४८)
- अब मैले पछि होटलमा घाँटीमा डोरी लगाएर पिङ खेले हुन्छ । (पृ. २५२)
- मुखमा मात्र कुकुरको पिसाब हैन, कानमा पनि कुकुरको पिसाब हाल्नुभयो र मेरो कुरा सुन्नु भएन । (पृ. २५४)
- हुने खानेले पैसाको खोला बगाउँछन्, नहुनेले आँसुको खोला । (पृ. २५६)

समग्रमा हरिवंश आचार्यले *हरिबहादुर* उपन्यासमा परिवेशगत सजीवताका लागि भाषिक विविधताको चामत्कारिक प्रयोग गरेका छन् । भाषामा वर्णनात्मक शैली, प्रवाहपूर्ण शैली, गरिबीको भयावह अवस्था झल्काउने सन्दर्भमा चाकडी, चाप्लुसी र स्तूतिपरक भाषिक रूपात्मक शैलीको प्रयोग समेत गरेको पाइन्छ । यसरी प्रस्तुत उपन्यासको भाषाशैली बोधगम्य हुनुका साथै पात्र र परिवेशअनुरूप सरल, सहज र

प्रसङ्गअनुकूल छ । यसका अतिरिक्त यस उपन्यासमा आवश्यकताअनुसार विविध विम्ब, अलङ्कार, भाषिक विचलन, कवितात्मकता, विदेशी भाषा, उखानटुक्का र व्यङ्ग्य शैलीको प्रयोगले थप सुन्दरता प्रदान गर्न खोजेको देखिन्छ ।

## ६.२ पाठकहरूबाट सङ्कलित अभिमतको विश्लेषण

कुनै पनि कुराको योजनाबद्ध, व्यवस्थित, तर्कपूर्ण र सावधानीपूर्वक गरिने खोज तथा अध्ययनलाई अनुसन्धान भनिन्छ । मूलतः अनुसन्धान भनेको नयाँ तथ्य पत्ता लगाउनु अथवा पुरानो ज्ञानको पुनः परीक्षण वा पुनर्व्याख्या गर्नु हो । यी कुरालाई चरितार्थ गर्नका लागि प्रस्तुत अध्ययन *हरिबहादुर* उपन्यासको समाजभाषिक अध्ययनमा केन्द्रित रहेको छ । समाजभाषिक अध्ययन पुस्तकालयीय अध्ययनमा केन्द्रित भए पनि यसलाई क्षेत्रीय अध्ययनका रूपमा पनि लिइएको छ । उपन्यासलाई शोधार्थीले मात्र विश्लेषण गर्दा शोधकार्य विश्वसनीय हुन नसक्ने सम्भावना रहने भएकाले उक्त कार्यलाई विश्वसनीय बनाउनका लागि समाज भाषाविज्ञानको सैद्धान्तिक ज्ञान भएका र *हरिबहादुर* उपन्यास पनि अध्ययन गरेका बीसजना व्यक्तिलाई एक ठाउँमा राखेर सेमिनारका रूपमा छलफल गरिएको छ । नमुनाका रूपमा छनोट गरिएका सम्पूर्ण व्यक्तिलाई सेमिनार सञ्चालन पूर्व नै अनुसन्धेय विषयवस्तुको अध्ययन विश्लेषण गर्न लगाइयो र सोही अध्ययन विश्लेषणलाई आधार बनाएर प्रश्नावली निर्माण गरी विश्वविद्यालय क्याम्पस त्रि.वि.मा मिति २०७४/०८/२६ गते २ बजेदेखि ५ बजेसम्म उत्तर लेख्न लगाइयो । उक्त सेमिनारबाट प्राप्त भएको अभिमतलाई निम्नानुसार देखाइएको छ :

## बीसजना पाठकहरूबाट सङ्कलित अभिमतको तालिका

| क्र.सं. | प्रश्न | साझा अभिमत | फरक अभिमत | निष्कर्ष |
|---|---|---|---|---|
| १. | *हरिबहादुर* उपन्यासलाई कस्तो उपन्यासको रूपमा लिन सकिन्छ ? | साझा अभिमत कसैको छैन । | दुईजनाले विसङ्गतिवादी, एकजनाले प्रगतिवादी, तीनजनाले प्रगतिवादी सामाजिक यथार्थवादी र चौधजनाले सामाजिक यथार्थवादी । | उपन्यासको कथावस्तुअनुसार उपन्यास सामाजिक यथार्थवादी भएको । |
| २. | यस उपन्यासमा कुन प्रकृतिको समाज र परिवेशको चित्र प्रस्तुत गरिएको छ ? | गाउँदेखि सहरसममको सम्भ्रान्त र विपन्न समाज र परिवेश रहेको । | फरक विचार छैन । | विपन्न र सम्भ्रान्त समाज गाउँ र सहरको परिवेश । |
| ३. | वर्गीयताका आधारमा उच्च पात्रको रूपमा कसलाई लिन सकिन्छ ? | फरक फरक विचार र अभिव्यक्ति । | पन्ध्रजनाले राजा, रानी, जर्साब र दुलही, पाँचजनाले यिनका अतिरिक्त लाहुरे र मदनबहादुरलाई समेत लिएका । | राजा, रानी, जर्साब र दुलहीलाई मात्र उच्च वर्गको रूपमा लिन सकिने । |
| ४. | यस उपन्यासमा उच्च वर्गको पात्र र निम्न वर्गको पात्रका बीच भाषिक संवादमा के कस्तो फरक | उच्च वर्गको भाषा गाली, गलौज, धाँक, धम्की, रवाफ, हेपाहा र विशिष्ट प्रकृतिको हुने निम्न | फरक विचार नभएको । | उच्च वर्गको भाषामा भाषिक विशिष्टता अपमानजनक शब्दको प्रयोगका साथै निम्न वर्गको भाषामा अमानक र |

| क्र.सं. | प्रश्न | साझा अभिमत | फरक अभिमत | निष्कर्ष |
|---|---|---|---|---|
| | पाइन्छ ? | वर्गको भाषामा चाकरी, चाप्लुसी, अमानक र विचलनयुक्त भाषा । | | चाकरीयुक्त भाषाको प्रयोग । |
| ५. | उमेरका आधारमा *हरिबहादुर* उपन्यासमा पात्र प्रयोगको के कस्तो स्थिति रहेको छ ? | साझा विचार नरहेको । | चौधजनाले बाल, युवा, प्रौढ र वृद्ध पात्रको प्रयोग, छजनाले बालपात्रको गौण भूमिका उल्लेख गरेका छन् । | बाल, युवा, प्रौढ र वृद्धको भूमिकामूलक भाषिक संवाद रहेको । |
| ६. | युवा र प्रौढको भाषामा के कस्तो फरक पाइन्छ ? | युवाको भाषामा शृङ्गारिकता र कोडको प्रयोग, प्रौढको भाषामा मानकता, व्यावहारिकता, सामाजिक सांस्कृतिक गन्धयुक्त भाषा । | फरक विचारको उपस्थिति नरहेको । | शृङ्गारिक र प्रेमिल भाषा युवाको र व्यावहारिक र मानक भाषा प्रौढको । |
| ७. | लैङ्गिक आधारमा महिला र पुरुषमध्ये उपन्यासमा कसको उपस्थिति बढी रहेको छ ? | मिश्रित विचारको प्रस्तुति साझा विचार छैन । | दुईजनाले समान उपस्थिति र अठार जनाले पुरुषको भन्दा महिलाको सहभागिता कम रहेको विचार अभिव्यक्त गरेका । | महिलाभन्दा पुरुषको उपस्थिति बढी रहेको । |
| ८. | महिला र पुरुषले प्रयोग गर्ने भाषामा पाइने मुख्य भिन्नता के हो | महिलाको भाषामा कोमलता, सरलता, सरसता, मृदुभाषी र | फरक अभिमत नरहेको । | महिलाको भाषा कोमल र मृदुभाषी पुरुषको भाषा निरस र कठोर । |

| क्र.सं. | प्रश्न | साझा अभिमत | फरक अभिमत | निष्कर्ष |
|---|---|---|---|---|
| | ? | भान्साका शब्द पुरुषको भाषामा कठोरता, निरसता, वीरता, आक्रोश जस्ता संवेगको प्रयोग । | | |
| ९. | यस उपन्यासमा शिक्षित पात्रको रूपमा कसलाई लिन सकिन्छ ? | साझा विचार नरहेको । | सातजनाले राजा, रानी, साहुजी, जर्साब, दुलही र तेह्रजनाले यिनका अतिरिक्त कृष्णकान्त, मदनबहादुर, वेदप्रकाश, प्रधानपञ्च, जेलर आदि । | शिक्षित पात्रको रूपमा राजा, रानी, जर्साब, दुलही, मदनबहादुर, वेदप्रकाश, प्रधानपञ्च, जेलर, भुन्टेकाजी, लाहुरेलाई लिन सकिन्छ । |
| १०. | हरिबहादुर र अलैचीलाई वर्गीय आधारमा कुन प्रकृतिका पात्रको रूपमा लिन सकिन्छ ? | मिश्रित विचारको प्रस्तुति । | छजनाले मध्यम वर्गीय, चौधजनाले निम्न वर्गका रूपमा आ–आफ्नो अभिव्यक्त गरेका । | निम्न वर्गीय पात्रका रूपमा लिन सकिन्छ । |
| ११. | पात्र विश्लेषणका कुन कुन कुरालाई आधार बनाएर समग्र उपन्यासमा पात्रलाई वर्गीकरण गर्न सकिन्छ ? | यस उपन्यासमा प्रस्तुत भएका पात्रको भूमिका र भाषिक प्रयोगको स्थितिको आधारमा समाजभाषिक सिद्धान्तका आधारमध्ये वर्ग, लिङ्ग, उमेर र शिक्षाको आधारमा वर्गीकरण गर्न | फरक विचारको उपस्थिति नरहेको । | कथावस्तु, भाषिक प्रभावको स्थिति र पात्रको भूमिकाअनुसार वर्ग, लिङ्ग, उमेर र शिक्षाका आधारमा वर्गीकरण गर्न सकिने । |

| क्र.सं. | प्रश्न | साझा अभिमत | फरक अभिमत | निष्कर्ष |
|---|---|---|---|---|
| | | सकिन्छ । | | |
| १२. | यस उपन्यासले दिने मुख्य सन्देश के हो ? | समाजका सम्पूर्ण विकृति र विसङ्गति हटाएर समतामूलक समाजको परिकल्पना र जाल झेल, चोरी डकैतीको अन्त्य गरी सभ्य समाज निर्माणतर्फ जोड । | मिश्रित विचारले स्थान नपाएको । | विकृति, विसङ्गतिको अन्त्य र चोरी, डकैती, असभ्य र राक्षसी प्रवृत्तिको अन्त्य गरी सभ्य र भव्य समाज र जीवन निर्माणतर्फ जोड । |
| १३. | समाजभाषिक सिद्धान्तका आधारमा समग्र उपन्यासको भाषाशैली के कस्तो रहेको छ ? | फरक फरक विचार अर्थात् मतान्तर । | चारजनाले उपन्यासमा प्रयुक्त भाषामा विम्ब, प्रतीक र व्यङ्ग्यको मिश्रण गर्दा भाषाशैली जटिल भएको भनेको पाइयो, अर्कोथरीले उपन्यासको नायक जसको केन्द्रीयतामा कथावस्तु घुमेको छ, उसले प्रयोग गरेको भाषा सामान्य भएकाले उपन्यासको भाषा सरल छ । | समग्रमा उपन्यासमा प्रयोग गरिएको भाषाशैलीमा विम्ब प्रतीक र अलङ्कारको प्रयोग भए तापनि सरल, सहज र बोधगम्य नै रहेको छ । |
| १४. | यस उपन्यासमा प्रयोग गरिएको भाषामा अलङ्कारको प्रयोग के कसरी गरिएको छ ? | विविध विचारको प्रस्तुति । | तीनजनाले अलङ्कारको प्रयोग नभएको बताए, सत्रजनाले भाषालाई आकर्षक बनाउन अलङ्कारको प्रयोग | विचार र अभिव्यक्तिलाई सौन्दर्य प्रदान गर्नका लागि उपन्यासको भाषामा रमरम रूपमा अलङ्कारको प्रयोग गरिएको छ । |

| क्र.सं. | प्रश्न | साझा अभिमत | फरक अभिमत | निष्कर्ष |
|---|---|---|---|---|
| | | | गरेको कुरा अभिव्यक्त गरे । | |
| १५. | विचलन र विम्ब प्रतीकका दृष्टिले समग्र उपन्यासको भाषा के कस्तो छ ? | समग्र उपन्यासको भाषाशैली सरल, सहज भए तापनि, विचलनभित्रको प्रतीकको समेत प्रयोग गरिएको छ । | मतान्तर नरहेको । | व्याकरणिक विचलन र विम्ब प्रतीकको प्रयोगका साथै सरल, सहज भाषाशैलीको प्रयोग । |
| १६. | मौलिकता र सामाजिकता प्रदर्शन गर्न उपन्यासमा उखानटुक्काको प्रयोग कसरी गरिएको छ ? | भाषालाई मौलिकता र स्वाभाविक तुल्याउन उखानटुक्काको प्रयोग गरिएको । | विचार विविधता नरहेको । | स्वाभाविक र मौलिक भाषा प्रयोगका लागि उखानटुक्काको प्रयोग गरिएको । |
| १७. | प्रस्तुत उपन्यासको कथावस्तु कुन पात्रको केन्द्रीयता अगाडि बढेको छ ? | भिन्न विचारको प्रस्तुति । | पाँचजनाले हरिबहादुर, अलैची, राजा, रानी, मदनबहादुर, जर्साब र दुलहीको केन्द्रीयता र पन्ध्रजनाले हरिबहादुर र अलैचीको केन्द्रीयतामा अगाडि बढेको मत अभिव्यक्त गरेका छन् । | हरिबहादुर र अलैचीको केन्द्रीयतामा अगाडि बढेको । |
| १८. | बालपात्रका माध्यमबाट उपन्यासमा बालमनोविज्ञानलाई कसरी प्रस्तुत गरिएको छ ? | फरक मतान्तरको प्रस्तुति । | चारजनाले बालपात्रको प्रयोग नगरिएको र सोह्रजनाले पारिवारिक कलह र अन्तरविरोधले बालकले सोही | पारिवारिक कलह र झगडाले बालकको कलिलो मस्तिष्कमा प्रभाव पारेको र सोहीअनुसारको व्यवहार गरेको पाइन्छ । |

| क्र.सं. | प्रश्न | साझा अभिमत | फरक अभिमत | निष्कर्ष |
|---|---|---|---|---|
| | | | प्रकृतिको व्यवहार र वातावरण सिकेको कुरा प्रस्टसँग देख्न सकिन्छ । | |
| १९. | जातीयता र साम्प्रदायिकताले उपन्यासको भाषामा के कस्तो प्रत्यक्ष प्रभाव पारेको छ ? | फरक फरक विचार अभिव्यक्त गरिएको । | छजनाले जातीयता र साम्प्रदायिकता नरहेको र चौधजनाले उपन्यासमा उपल्लो वर्गले बोल्ने भाषा र निम्नले बोल्ने भाषामा फरकका साथै क्षेत्रगत भाषाको प्रभाव रहेकाले साम्प्रदायिकताको प्रभावलाई पाउन सकिन्छ । | भाषिक प्रयोगका क्रममा जातीयता र साम्प्रदायिकताको प्रयोग प्रत्यक्ष रूपमा पाउन सकिन्छ । |
| २०. | उपन्यासमा शैक्षिक प्रभावले भाषामा कसरी विविधता ल्याएको छ ? | शिक्षित वर्गले बोल्ने भाषा मानक, स्तरीय, शुद्ध, परिष्कृत र औपचारिक प्रकृतिको हुने भएकाले अशिक्षितको भन्दा शिक्षितको भाषा बेग्लै हुने गर्दछ । | एकरूपताको सिर्जना | शिक्षित वर्गले बोल्ने भाषामा अनेक किसिमका कोडमिश्रण र भाषिक आगमन हुने भएकाले भाषामा विविधता सिर्जना हुने गर्दछ । |

माथि प्रस्तुत तालिकालाई विश्लेषण गर्दा *हरिबहादुर* उपन्यासलाई कस्तो उपन्यासका रूपमा लिन सकिन्छ ? भन्ने प्रश्नमाथि छलफल गर्दा दुई जनाले विसङ्गतीवादी, एक जनाले प्रगतिवादी, तीन जनाले प्रगतिवादी–सामाजिक–यथार्थवादी भनेको पाइयो भने चौध जनाले यसलाई सामाजिक यथार्थवादी उपन्यास हो भनेर उल्लेख गरे ।

यसरी सबैका मत र जिज्ञासालाई आधार बनाएर हेर्दा प्रस्तुत उपन्यास सामाजिक यथार्थवादी भएको निष्कर्ष प्राप्त भएको छ । समाजभित्र रहेको वर्गीय विभेद र गरिबीका अभिसक्त आला घाउ, शोषण दमन, अन्याय अत्याचार, चोरी, डकैती, जाल, झेल, लुट र षड्यन्त्र जस्ता सामाजिक कुसंस्कारका विषयलाई उपन्यासको विषयवस्तु भएकाले यो उपन्यास सामाजिक यथार्थवादी उपन्यास भएको पुष्टि गर्न सकिन्छ ।

यस उपन्यासमा कुन प्रकृतिको समाज र परिवेशको चित्र प्रस्तुत गरिएको छ ? भन्ने प्रश्नमाथि छलफल गर्दा बीसजना अर्थात् सम्पूर्ण सहभागीको एउटै अभिमत प्राप्त भएको छ । सबैले गाउँदेखि सहरसम्मको सम्भ्रान्त र विपन्न समाजको चित्र र परिवेश प्रस्तुत भएको कुरा उल्लेख गरेको पाइयो । यसरी सबै नमुना व्यक्तिले उक्त प्रश्नमाथि एउटै विचार अभिव्यक्त गरेकाले सोही परिवेश र समाज रहेको कुरा सार्थक भएको छ ।

वर्गीताका आधारमा उच्च पात्रको रूपमा क–कसलाई लिन सकिन्छ :? भन्ने प्रश्नमाथि छलफल गर्दा पन्ध्र जनाले राजा, रानी, जर्साब र दुलही भनेर अभिमत प्रस्तुत गरे भने पाँचजना सहभागीले यिनको अतिरिक्त लाहुरे र मदनबहादुरलाई समेत उच्च वर्गका रूपमा लिन सक्ने विचार गरेको पाइयो ।

यसरी सबै जनाको विचार र उपन्यासको विश्लेषण गर्दा लाहुरे र मदनबहादुरलाई मध्यम वर्गका रूपमा राख्न उपयुक्त हुन्छ र राजा, रानी, दुलही र जर्साबलाई उच्च वर्गको पात्रका रूपमा लिन सकिन्छ ।

यस उपन्यासमा उच्च वर्गका पात्र र निम्न वर्गका पात्रबीच गरिएको भाषिक संवादमा के कस्तो फरक पाइन्छ ? भन्ने प्रश्नावलीमाथि छलफल गर्दा नमुना छनोटमा परेका बीसजना तथा सम्पूर्ण सहभागीले एउटै मत अभिव्यक्त गरेका छन् । उच्च वर्गका पात्रले गाली गलौज, हेपाहा, धाक, रवाफ, धम्की र विशिष्ट प्रकृतिको भाषा प्रयोग गरेका छन् भने निम्न वर्गले चाकडी, चाप्लुसी, अति उच्च आदरार्थीका साथै अमानक र विचलनयुक्त भाषाको समेत प्रयोग गरेको पाइन्छ भन्ने विचार उल्लेख गरेको पाइन्छ ।

उमेरगत आधारमा *हरिबहादुर* उपन्यासमा पात्र प्रयोगको स्थिति के कस्तो रहेको छ ? भन्ने प्रश्नमाथि छलफल गर्दा नमुना छनोटमा परेका अधिकांश व्यक्तिको एउटै धारणा र केही व्यक्तिको पृथक् धारणा समेत पाइयो । सम्पूर्ण सहभागी (२० जना) मध्ये चौध जनाले उमेरगत आधारमा बाल, युवा, प्रौढ र वृद्ध पात्रको भूमिकामूलक प्रयोग रहेको र बालपात्रको भूमिका गौण रहेको कुरा उल्लेख गरेका छन् । उपन्यासको अध्ययन र अभिमतलाई विश्लेषण गरेर हेर्दा उपन्यासमा उमेरगत आधारमा बाल, युवा, प्रौढ र वृद्ध व्यक्तिको भूमिकामूलक स्पष्ट संवाद भेटाउन सकिने निष्कर्ष निकाल्न सकिन्छ ।

युवा र प्रौढको भाषामा के कस्तो फरक पाइन्छ ? भन्ने प्रश्नमाथि छलफल गर्दा सम्पूर्ण सहभागीले एउटै अभिमत व्यक्त गरेका छन् । उपन्यासमा प्रस्तुत गरिएको भाषा र सहभागीको विचारमा तदाकार मेल रहेको कुरा स्पष्ट रूपमा देख्न सकिन्छ । सम्पूर्ण सहभागीले युवाले प्रयोग गर्ने भाषा शृङ्गारिक, प्रेमिल अर्थात् भाषामा विभिन्न किसिमका कोडको प्रयोग गर्दछन् । जस्तै : यार, च्वाँक, ब्रो भने प्रौढले प्रयोग गर्ने भाषामा मानवता, व्यावहारिकता, सामाजिक, सांस्कृतिक गन्धयुक्त भाषाको प्रयोग भएको पाइन्छ । यी कुरालाई नै युवा र प्रौढ बीचको भाषामा भएको फरक भनिएको निष्कर्ष निकालिएको छ ।

लैङ्गिक आधारमा महिला र पुरुषमध्ये उपन्यासमा कसको उपस्थिति बढी रहेको छ ? भन्ने प्रश्नमाथि छलफल गर्दा दुईजना बाहेक अन्यले एउटै विचार प्रस्तुत गरेका

छन् । दुई जनाले उपन्यासमा महिला र पुरुषको समान उपस्थिति रहेको कुरा उल्लेख गरेका छन् भने अठार जनाले पुरुषको सहभागिता बढी र महिलाको सहभागिता कम भएको विचार अभिव्यक्त गरेका छन् । समग्र उपन्यासलाई अध्ययन विश्लेषण गर्दा महिलाभन्दा पुरुषकै सहभागिता बढी भएको कुरा स्पष्ट रूपमा देख्न सकिन्छ ।

महिला र पुरुषले प्रयोग गर्ने भाषामा पाइने मुख्य भिन्नता के हो ? भन्ने प्रश्नमाथि छलफल गर्दा सम्पूर्ण सहभागीका विचारलाई समष्टीमा हेर्दा एउटै ठाउँमा पुग्न सकिन्छ । महिलाको भाषामा कोमलता, सरलता, घर भान्साका शब्द बढी प्रयोग भएको देखिन्छ भने पुरुषले प्रयोग गर्ने भाषामा कठोरता, निरसता, वीरता, आक्रोश जस्ता मानसिक संवेगको प्रयोग स्पष्ट रूपमा महसुस गर्न सकिन्छ भन्ने साझा निष्कर्ष निकालिएको छ ।

यस उपन्यासमा शिक्षित पात्रका रूपमा क–कसलाई लिन सकिन्छ ? भन्ने प्रश्नमाथि छलफल गर्दा विभिन्न किसिमका अभिमतहरू प्राप्त भएका छन् । सातजना सहभागीले राजा, रानी, साहुजी, जर्साब, दुलहीलाई मात्र शिक्षित पात्रका रूपमा लिन सकिन्छ भनेका छन् भने बाँकी तेह्र जनाले तिनका अतिरिक्त कृष्णकान्त, मदनबहादुर, वेदप्रकाश, प्रधानपञ्च, जेलर, भुन्टेकाजी र लाहुरेलाई समेत शिक्षित पात्रको रूपमा लिन सकिने विचार प्रस्तुत गरेका छन् ।

दुईवटै समूहका अलग–अलग विचारलाई अध्ययन विश्लेषण गर्दा माथि प्रस्तुत गरिएका सम्पूर्ण पात्रहरूलाई शिक्षित पात्रका रूपमा लिन सकिन्छ ।

हरिबहादुर र अलैचीलाई वर्गीय आधारमा कुन प्रकृतिका पात्रका रूपमा लिन सकिन्छ ? तथोक्त प्रश्नमाथि छलफल गर्दा विभिन्न किमिसका विचार प्राप्त भएका छन् । छजना सहभागीले मध्यम वर्गीय प्रतिनिधि चरित्रका रूपमा रहेको कुरा उल्लेख गरे भने चौध जनाले निम्न वर्गीय पात्रका रूपमा प्रस्तुत भएको विचार व्यक्त गरे । उपन्यासका

कथावस्तुलाई ध्यान दृष्टिले हेर्दा हरिबहादुर र अलैचीलाई निम्न वर्गीय प्रतिनिधि चरित्रका रूपमा चिन्न सकिन्छ ।

पात्र विश्लेषणका कुन कुन कुरालाई आधार बनाएर समग्र उपन्यासका पात्रहरूलाई वर्गीकरण गर्न सकिन्छ ? भन्ने प्रश्नमाथि छलफल गर्दा समग्र सहभागीको एउटै विचार अभिव्यक्त भएको छ । उपन्यासको कथावस्तु र पात्रहरूको भूमिकामूलक अवस्था हेर्दा प्रस्तुत उष्पन्यासमा पात्र विश्लेषणका विभिन्न आधारहरूमध्ये वर्ग, लिङ्ग, शिक्षा र उमेरलाई मुख्य विश्लेषणीय आधार मान्न सकिन्छ ।

समाजभाषिक सिद्धान्तका आधारमा समग्र उपन्यासको भाषाशैली के कस्तो रहेको छ ? यस प्रश्नमाथि छलफल गर्दा यसमा पृथक् पृथक् विचार अभिव्यत्तः भएको पाइन्छ । चारजनाले विम्ब, प्रतीक, व्यङ्ग्यको मिश्रणले गर्दा भाषा केही जटिल हुन पुगेको विचार एकथरी समूहले राखेका छन् भने अर्को समूहले उपन्यासको प्रमुख पात्र अर्थात् जसको केन्द्रीयामा समग्र उपन्यासको कथावस्तु घुमेको छ । ऊ अशिक्षित निम्न वर्गीय चरित्र हो । त्यसकारण उसले प्रयोग गरेको भाषामा कुनै पनि किसिमका प्रयोगशील्प, अलङ्कार र वक्रोक्तिको प्रयोग भेटिँदैन । सामान्य जनजीवनले प्रयोग गर्ने, सबै पाठकलाई बोधगम्य हुने, सरल, सरस र सहज भाषाशैलीको प्रयोग यस उपन्यासमा गरिएको छ ।

यस उपन्यासले दिने मुख्य सन्देश के हो ? भन्ने प्रश्नमाथि छलफल गर्दा सम्पूर्ण प्रस्तोताले प्रस्तुत गरेको प्रस्तुतीकरण बेग्लै र आशय एउटै आउने कुरा गरेको पाइन्छ । हरिवंश आचार्य (२०७३) द्वारा लिखित प्रस्तुत उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो । यस उपन्यासले वर्तमान समाजमा देखिएका असङ्गतिका सम्पूर्ण पर्खाल भत्काएर स्वच्छ, सफा र समतामूलक समाजको निर्माण गर्नुपर्ने कुरा अभिव्यक्त गरेको छ । समाजभित्र रहेका जाल, झेल, चोरी, डकैती, हत्या जस्ता विषवमनको अन्त्य गरी भय रहित, सभ्य र समुन्नत समाजको चाहना अभिव्यक्त गर्नु नै यस उपन्यासको मूल सन्देश हो भन्ने समग्र विचारको आशयलाई यहाँ प्रस्तुत गरिएको छ ।

यस उपन्यासमा अलङ्कारको प्रयोग के कसरी गरिएको छ ? भन्ने प्रश्नमाथि छलफल गर्दा फरक फरक अभिमत प्राप्त भएको छ । तीनजना सहभागीले अलङ्कारको प्रयोग यस उपन्यासभित्र नगरिएको कुरा अभिव्यक्त गरेका छन् भने बाँकी सत्र जनाले भाषालाई आकर्षक र सौन्दर्यशाली बनाउनका लागि यस उपन्यासमा प्रत्यक्ष रूपमा अलङ्कारको प्रयोग गरेको पाइन्छ । अर्थालङ्कारको तुलनामा शब्दालङ्कारको प्रयोग अधिकतम् रूपमा भेटाउन सकिन्छ । समग्र उपन्यासको अध्ययन र पाठक प्रतिक्रियालाई विश्लेषण गर्दा प्रस्तुत उपन्यासमा शब्दालङ्कारको प्रयोग भेटाउन सकिन्छ ।

विचलन र विम्ब प्रतीकका दृष्टिले समग्र उपन्यासको भाषा के कस्तो रहेको छ ? उक्त प्रश्नमाथि छलफल गर्दा समग्र पाठकको प्रतिक्रिया एउटै किसिमको पाइयो । समग्र उपन्यासको भाषाशैली सरल, सहज र बोधगम्य नै भनिए तापनि कतै कतै व्यङ्ग्यात्मक अभिव्यक्ति समेत भेट्न सकिन्छ । नेपाली वाक्यगठनमा व्याकरणिक विचलन धेरै मात्रामा पाउन सकिन्छ । अश्लील शब्दहरूको प्रयोग जताततै भेटाउन सकिन्छ । कतै कतै विम्ब, प्रतीकका माध्यमबाट समेत अनैतिक कुराहरूलाई शब्दको माध्यमबाट सङ्केत गरेको पाइन्छ । विम्ब प्रतीकको रमरम प्रयोगले उपन्यासको भाषा ओजपूर्ण रहेको विचार अभिव्यक्त गरेका छन् ।

मौलिकता र सामाजिकता प्रदर्शन गर्न उपन्यासमा उखानटुक्काको प्रयोग के कसरी गरिएको छ ? उक्त प्रश्नमाथि छलफल गर्दा समग्र पाठकको एउटै प्रतिक्रिया रहेको पाइन्छ । उखानटुक्काको प्रयोग छिटफुट रूपमा गर्दै सकेसम्म भाषालाई मौलिक र स्वाभाविक तुल्याउने कोसिश यसभित्रको भाषामा छ र यसका अतिरिक्त सामाजिकता र मौलिकतालाई प्रस्तुत गर्न भजन, लोकगीत र थेगोसमेत यसमा प्रस्तुत गरिएका छन् ।

उपन्यासको कथावस्तु कुन पात्रको केन्द्रीयतामा अगाडि बढेको छ ? भन्ने प्रश्नमाथि छलफल गर्दा अलग अलग अभिमतहरू प्राप्त भएका छन् । पाँचजना सहभागीले प्रस्तुत उपन्यासको कथावस्तु एउटै पात्रको केन्द्रीयतामा अगाडि नबढेको

विचार अभिव्यक्त गरेका छन् । उपन्यासमा थुप्रै पात्रका कथा व्यथा प्रस्तुत गरिए तापनि समग्र उपन्यास हरिबहादुर, अलैची, मदनबहादुर, राजा, रानी, जर्साब र दुलहीको केन्द्रीयतामा अगाडि बढेको विचार प्रस्तुत गरेका छन् भने बाँकी सहभागीले उपन्यासमा थुप्रै पात्र र विचार भए तापनि हरिबहादुर र अलैची यस उपन्यासका प्रमुख चरित्र हुन् र यिनकै केन्द्रीयता उपन्यासको कथावस्तु अगाडि बढेको विचार अभिव्यक्त गरेका छन् ।

बालपात्रका माध्यमबाट उपन्यासमा बालमनोविज्ञान कसरी प्रस्तुत गरिएको छ ? उक्त प्रश्नमाथि छलफल गर्दा फरक फरक विचार प्रस्तुत भएका छन् । सम्पूर्ण सहभागीहरूमध्ये चारजनाले उपन्यासमा बालमनोविज्ञान कहीँ कतै प्रस्तुत नभएको मत राखेका छन् भने बाँकी नमुना सहभागीले उपन्यासमा बालमनोविज्ञान प्रस्ट रूपमा प्रस्तुत गरिएको कुरा अभिव्यक्त गरेका छन् । परिवारभित्रको कलह, झैँझगडा, गरिबी, चोरी, डकैती, आतङ्क जस्ता कुराले बालकको कलिलो मस्तिष्कमा प्रभाव पारी सोही कार्यलाई उत्प्रेरित भएको कृष्णको जीवनलाई नमुनाका रूपमा उपन्यासमा प्रस्तुत गरिएको विचार अभिव्यक्त गरेका छन् ।

जातीयता र साम्प्रदायिकताले उपन्यासको भाषामा के कस्तो प्रत्यक्ष प्रभाव पारेको छ ? उक्त प्रश्नमाथि छलफल गर्दा सहभागी व्यक्तिको अन्तरविचार यहाँ प्रस्तुत गरिएको छ । छजना सहभागीले उपन्यासमा कुनै पनि किसिमको जातीयता र साम्प्रदायिकता नरहेको विचार अभिव्यक्त गरेका छन् भने बाँकी चौधजनाले जातीयता र साम्प्रदायिकताले भाषामा प्रभाव पारेको कुरा अभिव्यक्त गरेका छन् । उपन्यासमा उपल्लो जाति र वर्गले बोल्ने भाषा र निम्न वर्ग र निम्न जातिले बोल्ने भाषामा विविधता रहेको कुरा उपन्यासमा स्पष्ट रूपमा देख्न सकिन्छ । उच्च जातिले आइसियो, गइसियो जस्ता भाषा र निम्न जातिले सामान्य र अनौपचारिक भाषाको प्रयोग गरेका कारण जातीयताले भाषामा प्रभाव पारेको कुरालाई यस उपन्यासमा भेटाउन सकिन्छ ।

उपन्यासमा शैक्षिक प्रभावले भाषामा विविधता कसरी ल्याएको छ ? भन्ने प्रश्नमाथि छलफल गर्दा समग्र सहभागीको विचार एउटै रहेको छ । शिक्षित वर्गले स्तरीय, औपचारिक भाषाको प्रयोग गर्छन् भने अशिक्षित वर्गले अमानक, अशिष्ट र अनौपचारिक भाषाको प्रयोग गर्छन् । जसका कारण यी दुईको भाषिक प्रयोगमा स्पष्ट विविधता देखापर्छ । यस किसिमको विविधता उपन्यासमा प्रस्ट रूपमा देख्न सकिन्छ ।

यसरी सबैको मतलाई विश्लेषण गर्दा सबै नमुना पाठकले समाजभाषिक सिद्धान्तको नाममा टेकेर आफ्नो मत अभिव्यक्त गरेका छन् । यसरी प्रायः प्रश्नावलीमा एउटै विचार प्रस्तुत भए पनि कतै कतै फरक विचारले समेत स्थान पाएको छ । जे होस् समग्र उपन्यासको भाषाशैली, पात्र वर्गीकरण र भाषिक स्थितिको विश्लेषणका लागि समाजभाषिक सिद्धान्तका विविध आधारहरूमध्ये वर्ग, लिङ्ग, उमेर र शैक्षिक आधारलाई मुख्य मानी अध्ययन कार्यको व्याख्या विश्लेषण र निष्कर्ष निकालिएको छ । उपन्यासमा समग्र पात्रहरूलाई वर्गीयताको आधारमा उच्च, मध्यम र निम्न, उमेर समूहका आधारमा बाल, युवा, प्रौढ र वृद्ध, शैक्षिक अवस्थाका आधारमा शिक्षित र अशिक्षित साथै लैङ्गिकताका आधारमा पुरुष र महिलाको आधारमा वर्गीकरण र भाषिक विश्लेषण गरिएको छ ।

अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

प्रायोगिक भाषाविज्ञानका विविध शाखाहरूमध्ये एक महत्त्वपूर्ण शाखा सामाजिक भाषाविज्ञान हो । सामाजिक भाषाविज्ञान भाषाको समाजपरक अध्ययन हो । समाज र भाषाबीचको अन्तरसम्बन्धलाई केलाउने र भाषालाई सामाजिक व्यवहारको रूपमा अध्ययन गर्ने भाषाविज्ञानको नवीनतम् शाखा सामाजिक भाषाविज्ञान हो । भाषाको सैद्धान्तिक स्वरूपको अध्ययनले मात्र प्रयोजनको वर्णन र व्याख्या पूर्ण हुन नसक्ने हुनाले भाषाको व्यावहारिक वा प्रकार्य पक्ष र संरचना पक्ष दुवैको एकैसाथ अध्ययन हुनुपर्ने आग्रहका साथ समाज भाषाविज्ञानको उदय भएको हो । सामाजिक भाषाविज्ञानमा भाषा र समाजको सम्बन्ध तथा समाजका विभिन्न स्तरमा प्रयुक्त भाषाको ध्वनि, रूप, वाक्य र अर्थ आदि विशेषताको अध्ययन गरिन्छ । अतः मानवीय जीवनका अस्तित्वका लागि भाषा अनिवार्य विषयवस्तु/माध्यम हो भने मानवीय प्रयोजनविना भाषाको पनि अस्तित्व रहँदैन । मानिसले आफ्नो दैनिक कार्य व्यवहार भाषाकै माध्यमबाट सञ्चालन गर्ने हुनाले भाषा एक सामाजिक वस्तु हो ।

भाषाको प्रयोग पक्ष समाजसँग सम्बन्धित रहेकाले नै प्रायोगिक भाषाविज्ञानको विकासका क्रममा सामाजिक भाषाविज्ञानको जन्म भएको हो । भाषाको वैज्ञानिक अध्ययन विश्लेषण र विकासका क्रममा सामाजिक भाषाविज्ञानको जन्म हुन गएको हो । सामाजिक भाषाविज्ञानको अध्ययन क्षेत्र व्यापक छ । यसको अध्ययन क्षेत्रमा मुख्यतः भाषा, भाषिका, भाषिक भेद, द्वैभाषिका, बहुभाषिकता, कोड छनौट, कोड परिवर्तन, कोड मिश्रण, भाषा योजना, भाषानीति, भाषान्तरण, भाषिक आगमन, भाषा लोप आदि रहेका छन् । यी सैद्धान्तिक पक्षका आधारमा नेपाली साहित्यमा स्थापित कृतिहरूको अध्ययन विश्लेषण हुने हुँदा यस अध्ययनको औचित्य रहन्छ ।

समाजभाषिक अध्ययन पनि समाज भाषाविज्ञानको अध्ययनीय क्षेत्र हो । प्रस्तुत अध्ययन *हरिबहादुर* उपन्यासका पात्रहरूलाई वर्गीय, उमेरगत, लैङ्गिक र शैक्षिक अवस्थाका आधारमा वर्गीकरण गर्नु, पात्रले प्रयोग गर्ने भाषाको वर्गगत, लिङ्गगत, उमेरगत र शैक्षिक अवस्थाका आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउनु र समग्र उपन्यासको भाषाशैलीको अध्ययन गर्नु जस्ता उद्देश्यहरूमा केन्द्रित रहेर अध्ययन गरिएको छ ।

प्रस्तुत अध्ययनको अध्याय एकमा शोध परिचयअन्तर्गत अध्ययनको पृष्ठभूमि, अध्ययनको समस्या, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य र अध्ययनको परिसीमाका बारेमा चर्चा गरिएको छ । अध्ययन किन गरियो ? कुन कुन समस्यामा अध्ययन केन्द्रित गरिएको छ ? र समग्रमा अध्ययनको महत्त्व के छ ? आदि प्रश्नहरूको जवाफ खोज्ने कोशिस गरिएको छ ।

अध्याय दुईमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणाको सम्बन्धमा चर्चा गरिएको छ । यस अध्यायअन्तर्गत शोधशीर्षकसँग सम्बधित पाठ्यपुस्तकहरूको समीक्षा र शोध समीक्षा गरी दुई उपशीर्षक राखेर समीक्षा गरिएको छ । पूर्वकार्यको अध्ययनमा यस शोधकार्य तयार गर्दा पुऱ्याएको सहयोगलाई पूर्वकार्यको समीक्षा शीर्षकमा चर्चा गरिएको छ ।

अध्याय तीनअन्तर्गत अध्ययनको ढाँचा, अध्ययन क्षेत्र, तथ्याङ्क/सूचना सङ्कलनका साधन, तथ्याङ्कको व्याख्या, विश्लेषण र प्रस्तुतीकरण आदिको व्याख्या विश्लेषण गरिएको छ । उपन्यासको समाजभाषिक अध्ययनका क्रममा मुख्य रूपमा पुस्तकालयीय अध्ययन र आंशिक रूपमा वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । प्रस्तुत शोधकार्य गर्ने क्रममा प्राथमिक स्रोत सामग्रीका रूपमा *हरिबहादुर* उपन्यास र द्वितीयक सामग्रीका रूपमा शीर्षकसँग सम्बन्धित विभिन्न लेख, रचना, सन्दर्भसामग्री आदिको प्रयोग गरिएको छ ।

अध्याय चारमा उपन्यासमा प्रयुक्त पात्रलाई वर्गीयताका आधारमा उच्च, मध्यम, निम्न, उमेरगत आधारमा बाल, युवा, प्रौढ र वृद्ध, लिङ्गका आधारमा महिला र पुरुष, शिक्षाका आधारमा शिक्षित र अशिक्षित गरी वर्गीकरण गरिएको छ ।

अध्याय पाँचमा *हरिबहादुर* उपन्यासमा प्रयुक्त पात्रहरूको भाषिक विश्लेषण गर्ने क्रममा वर्ग, लिङ्ग, उमेर र शैक्षिक अवस्थाका आधारमा पात्रहरूले प्रयोग गरेको भाषिक संवादलाई छुट्टाछुट्टै विश्लेषण गरिएको छ । यस आधारमा उच्च, मध्यम र निम्न वर्ग, पुरुष र महिला, शिक्षित र अशिक्षित, बाल, युवा, प्रौढ र वृद्ध पात्रहरूले प्रयोग गरेको भाषामा स्पष्ट भाषिक भेद रहेको पाइन्छ ।

अध्याय छमा भाषाशैलीका आधारमा उपन्यासको समाजभाषिक विश्लेषण गर्दा समग्र उपन्यासको भाषा सरल, सहज, सरस हुनुका साथै स्थान, परिवेश र पात्रअनुकूल रहेको देखिन्छ । यसका अतिरिक्त उपन्यासमा विचलन, व्यङ्ग्य, उखानटुक्का, अलङ्कार, विदेशी भाषाको प्रभाव, विम्ब, प्रतीक आदिको समेत प्रयोग गरिएको छ ।

*हरिबहादुर* उपन्यास हरिवंश आचार्यद्वारा लिखित सामाजिक यथार्थवादी उपन्यास हो । यस उपन्यासको मूल विषयवस्तुका रूपमा गरिबी, अभाव, चोरी, डकैती र हीन मनोवृत्तिलाई अगाडि सारिएको छ । गरिबी, अशिक्षा, अन्धविश्वास र विकृतिबाट प्रभावित नेपालको शहरदेखि ग्रामीण समाजको कथा व्यथालाई यस उपन्यासमा उतारिएको छ । बाइस ओटा उपशीर्षक र २६१ वटा पेजमा उपन्यास संरचित रहेको छ ।

## ७.२ निष्कर्ष

उपन्यासकार हरिवंश आचार्यको जन्म सन् १९५७ नोभेम्बर १३ का दिन काठमाडौँमा भएको थियो । बहुमुखी प्रतिभाका धनी आचार्य उपन्यासकारको रूपमा मात्र सीमित नभएर कुशल अभिनेता, हास्य व्यङ्ग्यकार, गायक र लेखकका रूपमा समेत चिरपरिचित छन् । उनका प्रकाशित कृतिहरूमा *चिना हराएको मान्छे, हरिबहादुर, महासन* जस्ता रहेका छन् भने चर्चित गीतहरूमा बराबर तिम्रो मेरो माया बराबर, हाम्री आमा,

खान्न म त अर्काको जुठो, साझा बसमा, सारङ्गी रेटौला जस्ता थुप्रै गीतहरू रहेका छन् । यसका अतिरिक्त टि.भी शृङ्खला, रेडियो कार्यक्रम पनि यिनको अर्को क्षेत्र रहेको छ ।

आचार्यको *हरिबहादुर* उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो । हाम्रो समाजमा गरिबी, अभाव, शोषण, दमन, अशिक्षा, अज्ञानता, चोरी, डकैती, हत्या, हिंसाका साथै माओवादी युद्धको भयानक र सन्त्रासयुक्त मनोवृत्तिलाई मुख्य विषयवस्तुका रूपमा अगाडि सारिएको छ । यो उपन्यास समाजको वस्तुनिष्ठ आँखी झ्याल हो, यसमा जाति, भाषा, वर्ग, संस्कृति, विकृति, विसङ्गति तथा समग्र बाह्य पक्षको चित्रण गरी हरेक परिस्थितिको समेत चित्र प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधशीर्षक '*हरिबहादुर* उपन्यासको समाजभाषिक अध्ययन' भएकाले समाज भाषाविज्ञानको सैद्धान्तिक कुरालाई आधार बनाएर कृतिको समग्र अध्ययन गरिएको छ । यस अध्ययनलाई पूर्णता दिनका लागि शोधकार्यलाई सातवटा अध्यायमा विभाजन गरी उपन्यासमा प्रस्तुत गरिएका पात्रको वर्ग, लिङ्ग, उमेर र शिक्षाका आधारमा वर्गीकरण, भाषिक स्थितिको विश्लेषण र समग्र उपन्यासको भाषाशैलीलाई पहिल्याउने काम यसभित्र गरिएको छ । यसका अतिरिक्त यस अध्ययनको निष्कर्षलाई निम्नानुसारका बुँदामा प्रस्तुत गरिएको छ :

- गाउँदेखि शहरसम्मका धूर्त, फटाहा, बिठ्याइँ, चतुऱ्याइँ, जाल, झेल, हत्या, आतङ्क र वैमनस्यता सिर्जना गर्ने तमाम मानव भनाउँदाहरूको जीवन पद्धतिमा आधारित कृति हो ।
- निश्चित कथानक नभएको टुक्रे कथानकको संयोजनबाट कृतिको सिङ्गो संरचना तयार पारिएको छ ।
- वर्गका हिसाबले उच्च, मध्यम र निम्न भाषाको प्रयोग गरिएको छ ।
- लिङ्गका आधारमा महिला र पुरुषले प्रयोग गर्ने भाषिक संवाद भरपुर मात्रामा पाउन सकिन्छ ।

- उमेरका दृष्टिले बाल, युवा, प्रौढ र वृद्धहरूले प्रयोग गर्ने भाषालाई समावेश गरिएको छ ।
- शिक्षाका दृष्टिकोणले शिक्षित र अशिक्षित पात्रहरूको प्रयोग गरी सोहीअनुरूप भाषाको प्रयोग गरिएको छ ।
- भाषाशैलीका आधारमा *हरिबहादुर* उपन्यास सरल, सहज र स्पष्ट देखिन्छ ।
- संवादका क्रममा पात्रहरूले गद्य भाषाको अधिकांश प्रयोग गरेको पाइन्छ भने पद्य भाषाको प्रयोग आंशिक रहेको देखिन्छ ।
- उपन्यासमा पात्रहरूले भाषिक संवादका क्रममा कोड मिश्रण, थेगोको प्रयोग, हिन्दी भाषा र भाषिकाको प्रयोगका साथै उखानटुक्काको समेत प्रयोग गरिएको छ ।
- यस उपन्यासमा अनुकरणात्मक शब्द, झर्रा शब्द र आगन्तुक शब्दको प्रयोग अधिक मात्रामा रहेको देखिन्छ ।
- पात्रहरूले प्रयोग गरेको भाषा समाजको सन्दर्भ र प्रसङ्गअनुरूप उपयुक्त रहेको छ ।
- उपन्यासको सुरुदेखि अन्तिमसम्म रहेका मुख्य पात्रहरू हरिबहादुर र अलैचीको गाउँदेखि शहरसम्मको परिवेशमा उपन्यासको अन्त्य भएको छ ।
- *हरिबहादुर* उपन्यास समाजका केही भ्रष्ट व्यक्तिहरूको जनजीवनसँग सम्बन्धित रहेको छ ।

## ७.३ उपयोगिता

सामाजिक भाषविज्ञानको शाखाका रूपमा समाज भाषाविज्ञान देखापरेको छ । समाज भाषाविज्ञान भाषाको समाजपरक अध्ययन हो । समाजविना भाषाको कुनै पनि किसिमको अध्ययन पूर्ण हुन सक्दैन । यसै कारण भाषाको महत्त्व समाजमा रहन्छ । समाजविना भाषाको अस्तित्व रहँदैन भने समाजको विकाससँगै भाषाको पनि विकास हुँदे

जान्छ । भाषा सैद्धान्तिक पक्षका साथै व्यावहारिक पक्षको एकैसाथ अध्ययन हुनुपर्ने मान्यताका साथ समाज भाषाविज्ञानको अध्ययनको आवश्यकता भएको मानिन्छ । कुनै पनि साहित्यिक कृतिको अध्ययन गर्दा समाजमा हुने गरेका विविध अन्याय, अत्याचार, शोषण, वर्गीयता, लैङ्गिकता, चोरी, डकैती र त्यसले जीवनमा पार्ने प्रभाव थाहा पाउन उपयोगी हुन्छ । यी विविध उपयोगिता हुँदाहुँदै पनि मूलतः प्रस्तुत अनुसन्धान निम्नलिखित कार्यमा उपयोगी हुने देखिन्छ :

### ७.३.१ नीतिगत तह

प्रस्तुत अध्ययनको अनुसन्धान तथा निष्कर्षका क्रममा प्राप्त अनुभवका आधारमा समाजभाषिक अध्ययनका लागि निम्नानुसार नीतिगत उपयोगिताहरू हुने देखिन्छ :

- कृतिमा निहित समाज भाषा विश्लेषणका आधारबाट वर्ग, लिङ्ग, शिक्षा, उमेर आदिको अध्ययनको आधारमा नेपाली समाजमा रहेका विकृति र विसङ्गतिलाई हटाई आदर्श समाजको निर्माण गर्न सघाउ पुऱ्याउने छ ।
- शिक्षक तथा विद्यार्थीलाई समाज भाषाविज्ञानको परिचय, सिद्धान्त तथा क्षेत्रबारे जानकारी प्राप्त गराउने छ ।
- भाषिक मूल्याङ्कन गर्न सहयोग पुऱ्याउने छ ।
- कुनै पनि कृतिको समाजभाषिक अध्ययन गर्न रुचि जागृत गर्ने छ ।
- सम्बन्धित कृतिको परिवेश, संरचना स्वरूप र प्रयुक्त पात्रहरूबारे जानकारी दिन सहयोगी हुने छ ।
- उपन्यासमा प्रयुक्त भाषाको वर्गगत, उमेरगत, लिङ्गगत र शैक्षिक अवस्थाको विश्लेषणका आधारमा समाजभाषिक अध्ययनबारे जानकारी दिन सहयोग मिल्ने छ ।

### ७.३.२ प्रयोगगत तह

कुनै पनि अनुसन्धान कार्य सम्पन्न भएपछि त्यसको प्रयोग अनिवार्य छ । अनुसन्धानात्मक कृति जति धेरै जनाले प्रयोग गऱ्यो त्यो त्यति नै सफल अनुसन्धान हुन्छ । *हरिबहादुर* उपन्यासको समाजभाषिक अध्ययनले समाजमा भएका विकृति र विसङ्गतिले जीवनमा पारेको प्रभावको व्याख्या गरेको छ । यस उपन्यासलाई वर्ग, लिङ्ग, उमेर र शिक्षाका आधारमा पात्र वर्गीकरण र भाषिक प्रयोगका अवस्थाको अध्ययन गरिएको छ । यस उपन्यासमा समाजभाषिक अध्ययनको शैक्षिक उपयोगलाई हेर्दा यसले भाषिक अध्ययनको क्षेत्रलाई बढाएको छ । यसका साथै निम्नलिखित सन्दर्भमा यस शोध अध्ययनको शैक्षिक प्रयोग गर्न सकिन्छ :

- पाठ्यक्रम निर्माण गर्न,
- पाठ्यसामग्री निर्माण गर्न,
- शिक्षण विधि र प्रविधिको प्रयोग गर्न,
- भाषिक मूल्याङ्कन गर्न,
- भावी अनुसन्धान गर्न,
- समाजलाई विभिन्न कोणबाट हेर्न,
- विगत र वर्तमानमा भाषा प्रयोगको अध्ययन अनुसन्धान गर्न आदि ।

## सन्दर्भसामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०६७), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : रत्नपुस्तक भण्डार ।

अर्याल, कल्पना (२०६७), '*अविरल बग्दछ इन्द्रावती* उपन्यासको समाजभाषिक अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

आचार्य, हरिवंश (२०७३), *हरिबहादुर,* काठमाडौँ : फाइनप्रिन्ट ।

घिमिरे, वासुदेव (२०६५), *समाज भाषाविज्ञान,* काठमाडौँ : काष्ठमण्डप पुस्तक प्रकाशन ।

ज्ञवाली, दामोदर (२०६८), *जनसङ्ख्या सिद्धान्त र दर्शन,* काठमाडौा : विद्यार्थी पुस्तक भण्डार ।

डाँगी, दिव्यश्वरी (२०६९), '*माइतघर* उपन्यासको समाजभाषिक अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

डुम्रे, राजेन्द्र (२०६५), '*बसाइँ* उपन्यासको समाजभाषिक अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, भानुभक्त (२०६९), '*नरेन्द्र दाइ* उपन्यासको समाजभाषिक अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

थापा, दिनबहादुर (२०६९), *समाज भाषाविज्ञान,* काठमाडौँ : वाङ्मय प्रकाशन ।

निउरे, ध्रुवप्रसाद र घिमिरे, दिनेश (२०७०), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : सनलाइट पब्लिकेसन प्रा.लि. ।

पौडेल, सुनिता (२०७२), '*पानीको घाम* उपन्यासको समाजभाषिक अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

बन्धु, चूडामणि (२०५२), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०७०), *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि र पौडेल, सालिकराम (२०६८), *सामाजिक र मनोभाषा विज्ञान,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०६९), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : पिनाकल पब्लिकेशन प्रा.लि. ।

रेग्मी, कविता (२०७१), '*वसन्ती* उपन्यासको समाजभाषिक अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

रोका, हिक्मत (२०७०), '*मुलुकबाहिर* उपन्यासको समाजभाषिक अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

लम्साल, रामचन्द्र र अन्य (२०६९), *सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान,* काठमाडौँ : शुभकामना प्रकाशन ।

लामिछाने, यादवप्रकाश (२०७०), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, शारदा (२०७१), '*चिना हराएको मान्छे* आत्मकथाको समाजभाषिक अध्ययन', समाजभाषिक अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

शाही, वीरजित (२०६८), '*बाँसुरीमा नअटाएका धुनहरू* नाटकको समाजभाषिक अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

सापकोटा, शान्ति (२०७२), '*प्रेतकल्प* उपन्यासको समाजभाषिक अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

सुवेदी, विश्वचन्द्र (२०६९), '*भोक र भित्ताहरू* उपन्यासको समाजभाषिक अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।